# महिलाले सम्बन्ध विच्छेद गर्नुका कारण र परिणाम

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत

समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधिका आंशिक परिपूर्तिको प्रयोजनको निमित्त

प्रस्तुत

शोध पत्र


प्रस्तोता

सिला उप्रेती

रजिष्टर नं  ६-२-४०६-३७-२००७



समाजशास्त्र केन्द्रीय विभाग,

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


(२०७२)

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयबाट निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको निमित्त मेरो निर्देशनमा **सिला उप्रेती** **"महिलाले सम्बन्ध विच्छेद गर्नुका कारण र परिणाम"** बारेमा गरिएको समाजशास्त्रीय अध्ययनको शीर्षकको शोधपत्र तयार गरेको प्रमाणीत गर्दै उक्त शोधपत्रको अन्तिम मूल्याङ्कनका निमित्त शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

..........................

**डा. कृष्ण भट्टचन**

शोध निर्देशक

समाजशास्त्र केन्द्रीय

विभाग, विश्वविद्यालय क्याम्पस

कीर्तिपुर काठमाडौं ।

मिति : २०७२/१२/....

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर**

**स्वीकृति- पत्र**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूरा गर्नको लागी **सिला उप्रेतीद्वारा** प्रस्तुत **महिलाले सम्बन्ध विच्छेद गर्नुका कारण र परिणाम** बारे प्रस्तुत शोधपत्र स्नातकोत्तर उपाधिको लागी उचित ठहरिएकोले यस शोधपत्रलाई देहायको मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

.........................

**विभागीय प्रमुख**

प्रा.डा. तुल्सीराम पाण्डे

.......................

**शोध निर्देशक**

डा. कृष्ण भट्टचन

......................

**बाह्य परीक्षक**

प्रा.सुरेन्द्र मिश्र

मितिः २०७२/१२/..

## कृतज्ञता

त्रिभुवन विश्व विद्यालय समाजशास्त्र संकाय तह समाजशास्त्र विषयको स्नतकोत्तर पाँचौ पत्रको आंशिक आवश्यकता परिपुर्तिका लागि प्रस्तुत गर्नु पर्ने शोधपत्रको शिर्षक सम्बन्ध विच्छेदले सम्बन्ध विच्छेद लिने महिला र उनका वालवालिकामा पार्ने प्रभावहरु राखेकी छु । काठमाडौं जिल्लामा भएका सम्बन्ध विच्छेदका घटनाहरु घटना पिडितले विभिन्न ठाउँमा भोग्नु परेका समस्याहरु सरोकारवाला निकायहरुले गरेका प्रयासहरुको खोज अनुसन्धानमा सहयोग पुऱ्याउने उद्देश्यले यो शिर्षक चयन गरिएको हो । समाजशास्त्र केन्द्रिय विभाग किर्तिपुरका प्रा. डा. कृष्ण भट्टचनको निर्देशनमा यो शोधपत्र तयार गरेकी छु । शिर्षक चयन गरी विस्तृत अध्ययन गर्ने शिलशिलामा आवश्यक सरसल्लाह, सुझाव दिनु हुने श्रदेय गुरु डा कृष्ण भट्टचन प्रति कृतज्ञता प्रकट गर्न चाहान्छु ।

समाजशास्त्र अध्ययन अनुसन्धान गर्ने क्रममा र शोधपत्र लेखनमा अमुल्य सुझाव तथा सल्लाह दिनु हुने समाजशास्त्र तथा मानवशास्त्र विभागका विभागिय प्रमुख श्री प्रा. डा. तुल्सीराम पाण्डे तथा मलाई प्राज्ञिक ज्ञान प्रदान गर्ने र मेरो शोधपत्र लेख्नमा मार्ग निर्देशन गरी बहुमुल्य सुझाव दिने, गल्ती, कमजोरी औल्याई सुधारका लागि हौसला प्रदान गरी शोधपत्र पुरा गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने वाह्य निरीक्षक प्रा. सुरेन्द्र मिश्र ज्यु विरेन्द्र वहुमुखी क्याम्पस प्रमुख डा. एल् वि. क्षेत्री त्यसैगरी शोधपत्र तयार गर्ने क्रममा मलाई आवश्यक सहयोग गर्नु हुने काठमाडौं जिल्ला अदालतका कर्मचारीहरु, रक्षा नेपाल लैनचौरकी मेनुका थापा, ल्याक नेपाल जाउला खेलकी भावना सिलवाल, हिमालयन टेलिभिजन काइएम विट सञ्चालक रमेश थपलिया, UNICEF पुल्चोकका आलोक रजौरिया, सीयूइन नेपालका मर्कचारीहरु, काठमाडौं महानगर पालिकाकी अधिवक्ता कल्पना राई, उत्तरदाताहरु, विद्यालयहरु लगायत सरकारी तथा गैरसरकारी संस्थाहरुलाई धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा शोधपत्र तयार हुने वेला सम्म सहयोग गर्नु हुने सहहृदयी मित्रहरुलाई विशेष धन्यवाद दिँदै कम्प्युटरमा टाइपिङ्ग र सेटिङ्ग गर्नु हुने प्रकृति रिजाललाई धन्यवाद दिन चाहन्छु ।

**शोधार्थी**

**सिला उप्रेती**

केन्द्रीय क्याम्पस

कीर्तिपुर काठमाडौं ।

## विषय सूची


**परिच्छेद - एक** **१-१२**

१. परिचय १

१.१ अध्ययनको पृष्ठभूमि २

१.२ समस्याको कथन ७

१.३ अध्ययनको उद्देश्य ९

१.४ अध्ययनको महत्व १०

१.५ सम्बन्ध विच्छेद र पृथकीकरण ११

१.६ अध्ययनको संगठनात्मक स्वरुप ११

**परिच्छेद - दुई** **१३-२२**

२. सन्दर्भ साहित्यको अध्ययन तथा सैद्धान्तिक समीक्षा १३

२.१ सम्बन्ध विच्छेदको सैद्धान्तिक समीक्षा १३

२.२ सैद्धान्तिक अध्ययन १७

**परिच्छेद - तीन**

**अनुसन्धान विधि** **२३-२९**

३.१ अध्ययन तथा छनौटको औचित्य २३

३.२ जनसंख्या र नमुना २३

३.३ तथ्यांकको स्रोत र प्रकृति २४

३.४ तथ्यांक संकलनका विधिहरु २४

३.४.१ प्रश्नावली साथै अन्तरवार्ता २५

३.४.२ अवलोकन २५

३.४.३ वैयक्तिक अध्ययन २५

३.४.४ जानकार व्यक्तिसँगको अन्तवार्ता २६

३.४.५ द्वितीय तथ्यांक संकलन विधिहरु २६

३.५ तथ्यांक प्रशोधन, विश्लेषण र प्रस्तुतिकरण २६

३.६ अध्ययनको सीमा २७

३.७ अध्ययन अनुसन्धानको औचित्य २७

३.८ तथ्यांक संकलनको क्रममा आई परेका कठिनाईहरु २८

## अध्याय - चार

## सम्बन्ध विच्छेद गर्ने महिलामा पर्ने शारीरिक, मानसिक, सामाजिक, आर्थिक, साँस्कृतिक अवस्था ३०-५३


४.१ अध्ययन क्षेत्रको परिचय ३१

४.२ सम्बन्ध विच्छेद महिला, परिवार र समाज ३२

४.३ शारीरिक तथा मानसिक अवस्था र सम्बन्ध विच्छेद ३२

४.४ सामाजिक, साँस्कृतिक अवस्था र सम्बन्ध विच्छेद ३३

४.४.१ २०६४/०४/०१ देखि २०७२/०३/१५ सम्मको देशभर भएका सम्बन्ध विच्छेदका घटनाहरुको तथ्यांक ३४

४.४.२ २००१ देखि २०११ सम्म काठमाडौंका शहरी तथा ग्रामीण क्षेत्रमा सम्बन्ध विच्छेद हुने महिलाहरुको संख्या तथ्यांक ३६

४.५ जिल्लागत रुपमा सम्बन्ध विच्छेदको घटना ३७

४.५.१ शहरी तथा ग्रामीण भेगमा भएका सम्बन्ध विच्छेदका घटनाहरु ३९

४.५.२ २०७१ मा दर्ता भएका सम्बन्ध विच्छेदका घटना संख्याहरु ४०

४.५.३ सम्बन्ध विच्छेद गर्ने महिला उत्तरदाताको उमेरको विवरण ४२

४.५.४ सम्बन्ध विच्छेद गर्ने उत्तरदाताहरुको तथ्यांक र घटना विवरण ४२

४.६ महिलाहरुको आर्थिक अवस्था र सम्बन्ध विच्छेद ४३

४.६.१ भिन्न भिन्न जातजातिमा भएका सम्बन्ध विच्छेदका घटनाहरु ४५

४.७ सम्पन्न र विपन्न परिवारमा महिलाहरुको अवस्था ४६

४.७.१ सम्पन्न परिवारमा महिलाहरुको अवस्था ४६

४.७.२ विपन्न परिवारमा महिलाहरुको अवस्था ४६

४.८ उत्तरदाताको भाषिक स्थिति ४७

४.९ सम्बन्ध विच्छेद गर्ने महिलाको शैक्षिक अवस्था ४८

४.९.१ सम्बन्ध विच्छेद र रोजगारको अवस्थाको विवरण ५०

४.९.२ सम्बन्ध विच्छेद पछि महिलाको स्थिति ५०

४.९.३ परिवार, महिला र सम्बन्ध विच्छेदको स्थिति ५२

**अध्याय - पाचँ**

**सम्बन्ध विच्छेदका कारणबाट सम्बन्ध विच्छेद गर्ने महिलाहरुमा पर्ने नकारात्मक प्रभाव र त्यसका परिणामहरु** **५४-७९**


५.१ सम्बन्ध विच्छेदका कारणबाट सम्बन्ध विच्छेद गर्ने महिलाहरुमा पर्ने नकारात्मक प्रभाव र त्यसका परिणामहरुको मूल्यांकन ५५

५.१.१ सम्बन्ध विच्छेदका कारणहरु ५६

५.१.२ सम्बन्ध विच्छेदका परिणामहरु ६७

५.२ सम्बन्ध विच्छेद पछि महिलाहरुले विभिन्न संघसंस्था र परोपकारवाला निकायबाट भोग्नु परेका समस्याहरु ६९

५.३ सम्बन्ध विच्छेद पछि महिलालाई घरपरिवारले गर्ने व्यवहार र भोग्नु परेका समस्याहरु ७०

५.४ सम्बन्ध विच्छेद गर्ने महिलालाई समाजले गर्ने व्यवहार र उनीहरुले भोग्नु परेका समस्याहरु ७१

५.५ विभिन्न कालमा सम्बन्ध विच्छेदका घटना ७२

५.६ सम्बन्ध विच्छेद हुनेमा प्राय २० देखि ३५ वर्षसम्म ७३

५.७ सम्बन्ध विच्छेद हुनेमा शिक्षित महिलाहरु बढी ७३

५.८ अध्ययनको अवधारणागत ढाँचा ७४

५.९ सम्बन्ध विच्छेदको निम्ति कानुनी प्रावधान र प्रकृयाहरु ७५

५.९.१ प्रावधान ७६

५.९.२ प्रकृया ७७

५.१० मुख्य समस्या र चुनौति ७८


**अध्याय -६**


**सांराश र निष्कर्ष** **८०-८४**

**६.१ सांराश** **८०**

**निष्कर्ष** **८३**

## तालिका सूची


| क. सं | तालिका | पृष्ठ |
|---|---|---|
| १ | २०६४/०४/०१ देखि २०७२/०३/१५ सम्मको देशभर भएका सम्बन्ध विच्छेदका घटनाहरुको तथ्यांक | ३५ |
| २ | २००१ देखि २०११ सम्म काठमाडौंका शहरी तथा ग्रामीण क्षेत्रमा सम्बन्ध विच्छेद हुने महिलाहरुको संख्या तथ्यांक | ३६ |
| ३ | जिल्लागत रुपमा सम्बन्ध विच्छेदको घटना | ३८ |
| ४ | शहरी तथा ग्रामीण भेगमा भएका सम्बन्ध विच्छेदका घटनाहरु | ३९ |
| ५ | २०७१ मा दर्ता भएका सम्बन्ध विच्छेदका घटना संख्याहरु | ४० |
| ६ | सम्बन्ध विच्छेद गर्ने महिला उत्तरदाताको उमेरको विवरण | ४२ |
| ७ | सम्बन्ध विच्छेदका तथ्यांक र घटना विवरण | ४३ |
| ८ | ल्याकका अनुसार २०७१ सालभित्र नेपालमा भएको उच्च तथा निम्न परिवारमा भएको सम्बन्ध विच्छेदका घटनाहरु | ४४ |
| ९ | २०६८ देखि २०७२ असार मसान्तसम्ममा भिन्न भिन्न जात जातियमा भएका सम्बन्ध विच्छेदका घटनाहरु | ४५ |
| १० | २०७१ भित्र काठमाडौंमा सम्पन्न परिवार र विपन्न परिवारमा भएका सम्बन्ध विच्छेदका घटनाहरु | ४७ |
| ११ | उत्तरदाताको भाषिक स्थिति | ४८ |
| १२ | सम्बन्ध विच्छेद गर्ने उत्तरदाताको शैक्षिक स्थिति | ४९ |
| १३ | सम्बन्ध विच्छेद र रोजगारको अवस्थाको विवरण | ५० |
| १४ | सम्बन्ध विच्छेद पछिको महिलाहरुको स्थिति | ५१ |
| १५ | सम्बन्ध विच्छेद कर्ताहरुको सम्बन्ध विच्छेद पछिको बसोबासको स्थिति/ पूर्नविवाह | ५२ |
| १६ | परिवार, महिला र सम्बन्ध विच्छेदको स्थिति | ५३ |

# परिच्छेद - एक

## परिचय

### १.१ अध्ययनको भूमिका/पृष्ठभूमि

दुई वा दुई भन्दा बढी व्यक्तिहरु मिलेर बनेको मानविय अन्तरसम्बन्ध, आपसी सहयोग, सदव्यवहारबाट अगाडि बढीरहेको मानविय सञ्जाललाई नै समाज भनिन्छ । प्रत्येक समाजको सामाजिक संरचनालाई अस्तित्वमा राख्न समाजको विभिन्न इकाइहरुको आपसी प्रकार्यात्मक सम्बन्धको खाँचो हुन्छ । ति विभिन्न इकाइहरु जस्तै :- जातजाति, विवाह, परिवार, धर्म, सँस्कृति, नाता, सामाजिक, आर्थिक, राजनितिक, धार्मिक, साँस्कृतिक संगठनहरु आदिको आपसिक अन्तरसम्बन्धबाट नै समाज सुचारु रुपले समय सापेक्ष अगाडि बढीरहेको हुन्छ । यिन उल्लेखित सुक्ष्म र बृहत संस्थाहरु मध्ये विवाह र परिवार ऐतिहासिक संस्थाहरु हुन । जसलाई सामाजिक संरचनाको बलियो खम्बाको रुपमा लिन सकिन्छ । सिंगो सामाजिक संरचनाको निरन्तरताको लागि परिवारको नै महत्वपूर्ण स्थान छ । जो विवाहपछि मात्र सम्भव हुन्छ । विभिन्न तहमा एकपछि अर्को गर्दै विवाहको उदविकासको क्रम अगाडि बढेको पाइन्छ । हुन त विवाहका प्रचलनहरु समाजै पिच्छे फरक फरक हुन्छन् । प्रत्येक चरण पार गर्दै जादाँ बढी व्यवस्थित, नियन्त्रित र रक्तसम्बन्ध भन्दा बाहिर वैवाहिक सम्बन्ध राख्न खोजेको पाइन्छ । मोर्गानको विवाहको यस उदविकासको प्रक्रियामा मानवशास्त्री वेस्टरमाके भन्ने सहमत देखिदैनन् । उनका अनुसार एकलगामी विवाहको प्रचलन उद्विकासको परिणाम नभई मानिसले जनावर र पंक्षीबाट प्रभावित भएर त्यसैबाट नक्कल गरेको हो । उनी अगाडि भन्दछन् - समय अन्तरालमा मानिसमा नैतिक मूल्य र मान्यताको विकास हुँदै जाने क्रममा विवाहका रुपमा पनि परिवर्तन हुँदै एक लगामी विवाहको रुपमा परिणत भएको छ ।

सम्बन्ध विच्छेद विभिन्न समाजको आ-आफ्नो परम्परागत चलन र कानुनी दुवै आधारमा गर्न सकिए तापनि आजको २१ औं शताब्दीको समाजमा भने हरेक कार्य कानुन अनुसार मात्र हुने जसबाट कुनै पक्ष पनि मर्कामा नपर्ने सैद्धान्तिक मान्यता भए बमोजिम कानुनि रुपमा भएको सम्बन्ध विच्छेदले मात्र आधिकारिता पाउने गरेको छ । यसको मतलब

कुनै जातजातिको आ-आफ्नै समुदायमा परम्परागत रुपमा गरिएको सम्बन्ध विच्छेदले मान्यता पाउँदैन भन्न खोजेको भने होइन ।

सम्बन्ध विच्छेद एक प्रक्रिया हो । सम्बन्ध विच्छेद आफैँमा नराम्रो कुरा भने होइन तर यसले व्यक्ति, परिवार र समाजलाई केहि न केहि रुपमा सकारात्मक या नकारात्मक प्रभाव पारेकै हुन्छ । यसलाई बुझ्न प्रत्येक समाजको आर्थिक, सामाजिक, राजनैतिक र साँस्कृतिक संरचनाबारे अध्ययन गरिनु नितान्त जरुरी हुन्छ । त्यसमा संलग्न विभिन्न इकाईको आपसिक अन्तरसम्बन्ध र प्रभावबारे गहिरो र विश्लेषणात्मक अध्ययन गरिनुपर्छ । साथै यसका कारण र परिणामलाई बुझ्न यसैलाई प्रभावित गरिराखेका सामाजिक चलहरुको सम्बन्धलाई पनि बुझ्नु पर्छ ।

श्रीमान श्रीमती बिचको नाता कुनै पनि परिस्थितिमा टुट्नुलाई नै सम्बन्ध विच्छेद भनिन्छ ।

विवाहित जोडीले कानुनि रीत पुऱ्याई वा धार्मिक परम्परा अनुरुप वैवाहिक सम्बन्ध कायम रहन नसकी लोग्ने र स्वास्नी वैवाहिक सम्बन्धबाट अलग हुने प्रक्रियालाई नै सम्बन्ध विच्छेद भनिन्छ । (नेपाली बृहत शब्दकोष) ।

२१ औं शताब्दीको बढ्दो आधुनिकिकरण उच्च प्रविधिको विकासले हरेक समाज र विश्वलाई एक गरिदिएको छ । प्रत्येक व्यक्तिहरुको जिवनशैलीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रविधिको असर परेको छ । बदलिदो जिवनशैलीले प्रत्येक व्यक्तिहरुमा परिवर्तनको आभाष दिलाईरहेको छ । पश्चिमी सँस्कृति प्रत्यक्ष हावी अविकसित राष्ट्रहरुमा प्रत्यक्ष रुपमा परेको छ । जनआन्दोलन २०६२/६३ यता प्रत्येक नेपालीहरुमा वाक स्वतन्त्रताको आभाष गर्न पाएका छन् । रेडियो, टि.भी. पत्रपत्रिका जस्ता सञ्चार माध्यमहरुले व्यक्तिहरुमा दबिएर रहेका आवाजहरु प्रस्फुटन हुने वातावरणको सृजना गरीसकेको छ । हुन त प्रत्येक व्यक्ति समाज विश्वले हरेक, कुरामा स्वतन्त्र आभाष नगरेको हुन सक्छ । यद्यपी नेपालको परिवेशमा रहेर र कुरा गर्दा राजसंस्थाको आवासन पछि हरेक व्यक्ति समाजमा स्वतन्त्रता हक, अधिकार कानुन जनतामा रहन पुग्यो । त्यसको प्रत्यक्ष लाभ महिलामा पऱ्यो । महिलाको हक, अधिकार सुनिश्चित गर्न तर्फ राजनीतिक दलहरुको विशेष भूमिका खेलेको पाइन्छ । माओवादीमा ७५% महिला रहँदा अन्य पार्टीमा ३०% महिला भएको अवस्था रहँदा

पनि आवाज बुलन्द गर्न सहयोग पुग्यो । फलस्वरुप नेपाली मिडियाको मुख्य आधार बन्यो महिला आवाजको लागि ।

हिजोको समाजमा महिला देवीका रुपमा पुजिदै पुरुषको दासी पत्नी स्वयम् बनिन् । जब महिला सचेतना वृद्धि भयो हक, आवाज र आफ्नो अधिकारको लागि महिला स्वयम् उभिन शुरु गरिन । यो शुरुवात आजभन्दा धेरै अघि चन्द्रदेवी ठकुरानी, अनुराधा कोइराला, एलिजावेथ कडी स्टान्टन, लुर्सिया भट आदिले आवाज उठाए । फलस्वरुप आज हामी आफ्नो लागि आवाज उठाउन सक्ने भएका छौं ।

मानव सभ्यता र संस्कृतिको विकासको साथ साथै मानव समाज पनि अत्यन्त जटिल बन्दै गइरहेको छ । एउटा निश्चित उद्देश्य परिपूर्तिका लागि मानव समाजले समयानुकुल विभिन्न किसिमका सामाजिक संस्थाहरुको सृजना गर्दै तिनिहरुलाई व्यवहारिक रुप दिदैं गइरहेको छ । साथै यस्ता किसिमका सामाजिक संस्थाहरुको संरचना एंवम् कार्यक्षमतामा पनि परिवर्तन हुँदै गईरहेको पाइन्छ । विभिन्न सामाजिक संस्थाहरु बिचको कार्यगत एकताबाट नै सामाजिक जिवनले निरन्तरता पाउनुको साथै सामाजिक व्यवस्थाको संरचना निर्धारण हुने गर्दछ । सामाजिक संरचनालाई व्यवस्थित रुपमा निरन्तरता दिनको लागि यस्ता सामाजिक संस्थाहरुको महत्वपूर्ण भूमिका रहन्छ । सामाजिक व्यवस्थाको विभिन्न महत्वपूर्ण तत्वहरुमध्ये परिवार पनि एक हो । उक्त परिवासँग प्रत्यक्ष सम्बन्ध राख्ने संस्था विवाहमा पनि परापूर्वकाल र वर्तमान स्वरुपमा परिवर्तन आएको देखिन्छ ।

शुरुवातमा विभिन्न उद्देश्य लिएर विवाह संस्थाको जन्म भएतापनि समय कालखण्ड सामाजिक परिवेशमा आएको परिवर्तन सँगै यस संस्थाको ढाँचामा पनि परिवर्तन हुन थाल्यो । विवाह संस्थाले पनि समयानुकूलको राज्यको नितिनियम तथा सामाजिक संगठनहरुको परिवर्तित रुपसँग समायोजित हुँदै जान थाल्यो । प्रारम्भमा धर्म र संस्कारमा सिमित रहेको विवाह सम्बन्धलाई आज आएर राज्यले कानुनी रुपमा व्यवस्था गरेको छ । नेपालमा यस्तो वैवाहिक सम्बन्ध र सम्बन्ध विच्छेदको अवस्था कानुनी रुपमा २०२० सालमा बनेको मुलुकी ऐनबाट शुरु रहन पुग्यो । त्यसपछि सम्बन्ध विच्छेदका घटनाहरु परिवार तथा समाजमा प्रष्ट रुपमा वृद्धि हुन थाले ।

सम्बन्ध विच्छेद भनेको श्रीमानश्रीमती बिचको वैवाहिक सम्बन्धलाई कानुन बमोजिम विच्छेद गरिनु हो । यसलाई अझ प्रष्ट भाषामा भन्नुपर्दा छोडपत्र वा पारपाचुके पनि भनिन्छ । श्रीमान श्रीमती बिचको नाता कुनै पनि परिस्थितिमा टुट्नुलाई नै सम्बन्ध विच्छेद भनिन्छ । (Lacc Nepal, 2072)

विवाहित दम्पतिले कानुनी रीत पुऱ्याई वा धार्मिक परम्परा अनुरुप वैवाहिक सम्बन्ध कायम रहन नसकि लोग्ने र स्वास्नी वैवाहिक सम्बन्धबाट अलग हुने प्रक्रियालाई नै सम्बन्ध विच्छेद भनिन्छ । (नेपाली बृहत शब्दकोष)

Hindu Marriage Act, 1955 का अनुसार सम्बन्ध विच्छेद भन्नाले कुनै पक्षकाहरुले विवाह परान्त दुराचरणका कारण अधिनियममा वर्णित अन्य कुनै कारणबाट न्यायालयद्वारा विवाह बन्धनको विघटन वा समाप्ती हो । त्यस्तै एक अध्ययन अनुसार सम्बन्ध विच्छेद भनेको वैवाहिक सम्बन्धपछि स्थापित सम्बन्धको सामाजिक र कानुनी आधारमा लोग्नेस्वास्नी बिचको सम्बन्धको अन्त्य नै सम्बन्ध विच्छेद हो भन्ने कुरा भनिएको छ ।

सम्बन्ध विच्छेदका सम्बन्धमा अर्का कानुनविद रामचन्द्र पौडेल भन्नुहुन्छ : सम्बन्ध विच्छेद हुनुको मुल कारण भनेको पुरुष प्रधान समाज भएकोले पुरुषहरुले महिलालाई दमन गर्न खोज्दछन् र महिलाहरु त्यो सहन सक्दैनन किनभने अहिलेका महिलाहरु सक्षम, आत्मनिर्भर, स्वरोजगार भइसकेका छन् र किन दमन, अन्याय, अत्याचार सहेर बस्ने भनेरसँगै बस्न चाहदैनन र सम्बन्ध विच्छेद गर्दछन् भनेर भन्नुभएका छन् (पौडेल, २०७२) ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सुशिला पौडेलका अनुसार : सम्बन्ध विच्छेदका मुल कारण भनेको वैकल्या विवाह (वालविवाह) सुचना प्रविधिको बढ्दो विकास र हिंसा, Physical relationship ले गर्दा सम्बन्ध विच्छेदका घटनाहरु बढी रहेका छन् भन्नुभएका छन् (सुशिला पौडेल, २०७२) ।

हिन्दू धर्मशास्त्र अनुसार स्त्रीबिनाको पुरुष पूर्ण मानिदैन । एउटा पुरुषले पूर्णत्व प्राप्त गर्न स्त्री र सन्तान हुनुपर्दछ । त्यसैगरी जो पति छ त्यो स्त्री पनि हो र हिन्दू समाजमा समाज विकासको लगभग दुई हजार वर्षसम्म पनि सम्बन्ध विच्छेदको अवधारणा देखा परेको पाइदैन । जस्तै स्मृति कालको नाम उल्लेख गर्ने क्रममा याज्ञवलक्य भन्दछन् पति जतिसुकै निच भए पनि पत्नीले विवाह विच्छेद गर्न नपाइने उसको प्रायश्चित सम्म प्रतिज्ञा

गरिरहनु पर्ने हुन्छ । र प्रायश्चित पश्चात पुनः सम्बन्ध कायम हुन्छ । त्यसैगरी कौटिल्य अलि लचकदार विचार राख्दछन् भोगको इच्छा नगर्ने पतिलाई नसहने पत्नी वा भोगको इच्छा नगर्ने पत्नीलाई नसहने पति दुवैले छोड्न नपाउने तर परस्पर नसहने भए दुवैले छोड्न हुन्छ । उनले उपल्ला जातिलाई छोडेर तल्ला जातिहरु जस्तै गान्धर्व अनुसार राक्षस तथा पिचास विवाहमा पनि पत्नीले विवाह विच्छेद गर्न सक्ने कुरा उल्लेख गरेका छन् (लम्साल, २०४९)

हिन्दु सामाजिक संस्कार अनुसार सम्बन्ध विच्छेद विवाह तथा पुर्नविवाहलाई सामाजिक मान्यता दिइएको पाइदैन । बरु विवाह एक धार्मिक संस्कार हो जसअनुसार आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ । यसरी गरिएको विवाहमा लोग्ने स्वास्नीको सम्बन्ध यस लोकदेखि परलोकसम्म अक्षुण रहन्छ । जसलाई विच्छेद गर्न सकिदैन र हुँदै पनि । यसबाट के बुझिन्छ भने लोग्नेस्वास्नीको सम्बन्ध परलोकसम्म पनि रहने भएका कारण यसको विच्छेदको प्रश्न नै उठ्दैन । हिन्दु विधिशास्त्रमा स्त्री बिनाको पुरुष अपूर्ण रहिरहन्छ । अहिलेको समाज सामान्यबाट जटिलता तर्फ विकसित हुँदैछ जसले गर्दा महिलाहरु पनि हरेक कुरामा अघि बढ्दै गएका छन् र विज्ञान र प्रविधिले गर्दा सचेतना सक्षमताले गर्दा पनि महिलाहरु पुरुषको दमन सहेर बस्न चाहदैनन् । उनीहरु छोडपत्र गरेर आफ्नो आत्मसम्मान कायमै राख्न चाहन्छन् । केहि वर्ष अघि बाह्य मुलुकको तुलनामा नेपालमा सम्बन्ध विच्छेदको दर न्यून थियो तर यो दर दिनानुदिन तिव्र रुपले बढ्दो छ ।

नेपालको एक अध्ययनका अनुसार विगत २ वर्ष यता ४२% महिलाले आपसी समझदारीमा सम्बन्ध विच्छेद गरेको पाइयो । वर्तमान नेपालको अनुसन्धानमा सम्बन्ध विच्छेद मामलाहरु ६३% परेका छन् । जसमा ३७% प्रेम विवाह परेका छन् । त्यस्तै UN Demographic year book सन् १९९४ मा जनाइए अनुसार सन् १९९१ म विवाहित दम्पतिहरु मध्ये अमेरिकामा ४.७०%, जापानमा १.३६%, जर्मनीमा ०.६२%, दम्पतिमा सम्बन्ध विच्छेद भएको थियो ।

नेपालको सन्दर्भमा हेर्दा अदालति रुपमा दर्ता भएका वा फैसला भएका सम्बन्ध विच्छेदका घटनालाई मात्र आधार बनाएर मूल्याकन गर्न सकिदैन किनभने सामाजिक परम्परा अनुसार अदालतसम्म नै नआइकन सम्बन्ध विच्छेद भएका घटना भेटिन्छन् । कानुनी रुपमा जाँदा बाहिर बढी चर्चा हुने डरले कानुनी ज्ञान नभएर, न्याय सम्पादनमा

ढिलाई हुने भएर र आर्थिक समस्याका कारण समुदाय स्तरमा नै कयौं सम्बन्ध विच्छेदका घटना घटिरहन्छन् । नेपाली समाजको सामाजिक साँस्कृतिक विविधतालाई हेर्दा सम्बन्ध विच्छेदको स्थिति बुझ्न प्रत्येक समाजको सुक्ष्म अध्ययन हुन आवश्यक छ । वर्तमान समयमा सम्बन्ध विच्छेदको घटना दिनप्रतिदिन बढ्दै गएका छन् ।

आजको युगमा यो सम्बन्ध विच्छेदको प्रक्रिया हरेक व्यक्तिहरुमा हुने गर्दछ । अहिलेको बढ्दो आधुनिकिकरण, विश्वव्यापीकरण, शहरीकरणको प्रभाव, बढ्दो सामाजिक सञ्जालको विकासले गर्दा स्वतन्त्रताको अनुभूतिले गर्दा पनि पछिल्लो समयमा सम्बन्ध विच्छेद वृद्धि भइरहेको छ । अहिलेका महिलाहरु आफू आत्मनिर्भर भएका कारणले पनि उनी पुरुषको हेपाइ, दमन, तिरस्कार सहेर बस्न चाहदैन र सम्बन्ध विच्छेद हुने गर्दछ । जसरी विवाह उत्पत्तिको सम्बन्धमा समय किटान गर्न सकिएको छैन । त्यसैगरी सम्बन्ध विच्छेदका सम्बन्धमा पनि किटान गर्न सकिएको छैन । त्यसैगरी सम्बन्ध विच्छेदका सम्बन्धमा पनि किटान गरेर यहि समय वा कालदेखि सम्बन्ध विच्छेदको धारणा उत्पत्ति भएको हो भन्न सकिने स्थिति देखिदैन तर पनि विवाह बिना सम्बन्ध विच्छेद नहुने भएकोले अवश्य पनि जहिले देखि विवाहको अवधारणा देखा पऱ्यो त्यसैबेला देखि नै सम्बन्ध विच्छेदको अवधारणा आएको हुनुपर्दछ । कालान्तरमा जब विश्वमा सम्बन्ध विच्छेद सम्बन्धी कानुनको शुरुवात भयो त्यसबेला देखि नै विवाहित जोडी काश्री रुपमा अलग अलग भएर बस्न थालेको हो भन्न सकिन्छ । यस सम्बन्धि कानुनी विकासको शुरुवात बेलायतबाट भएको मानिन्छ र सम्बन्ध विच्छेदका मुद्दाहरु पनि कानुन अनुरुप अदालतबाट हेरिन थालियो ।

समाजमा बढ्दै आएको आधुनिकतासँगै महिला तथा पुरुषमा स्वतन्त्रता बढेको छ । नयाँ नयाँ अवसरमा पहुँच बढ्नाले आत्मनिर्भरता बढाएको छ । शिक्षा, रोजगार, अवसरहरुको कारणले पनि सम्बन्ध विच्छेदको दर वृद्धि हुँदैछ । यसरी दिनानुदिन वृद्धि हुने गइरहेको सम्बन्ध विच्छेदको घटनाले समाजको सँस्कृति पनि धरापमा पर्ने हो कि भन्ने चिन्ता वृद्धि भइरहेको छ । एकातर्फ सम्बन्ध विच्छेदले राम्रो प्रभाव पारेको छ । जस्तै :लताशाको घटनालाई लिन सकिन्छ । यदि लताशाको परिवारमा खिचातानि थियो र उनी बस्न सक्ने स्थिति थिएन भने उनले सम्बन्ध विच्छेद लिएको भए एकजना युवातीको ज्यान जाने थिएन । यो नेपाली समाजको लागि एउटा राम्रो शिक्षा हुन सक्छ ।

यसरी सरल समाज एकातिर जटिल बन्दै गइरहेको देखिन्छ । सामाजिक मूल्यमान्यता, संस्कृतिका धनि हामी कुनै स्वतन्त्रताको नाममा विकृति त फैलाइरहेका छैनौ ? के स्वतन्त्रताको लागि सम्बन्ध विच्छेद समाधान हो ? कतै विवाहको नाममा आफ्नो चाहना मार्ने प्रयास त गरी रहेका छैनौं? यसरी थुप्रै थुप्रै प्रश्नबिच हाम्रो प्रश्नको उत्तर हामीले खोजी गरेका छौं । अन्य लेखमा भन्दा मेरो लेखमा यसको उत्तर प्राप्त गरेको छु ।

## १.२ समस्याको कथन

नेपाली समाज र संस्कृति अनुसार सम्बन्ध विच्छेदलाई त्यति राम्रो मानिदैन । एक अध्ययनका अनुसार पछिल्लो ६ वर्ष यता सम्बन्ध विच्छेदका घटना तिव्र रुपमा वृद्धि भइरहेको छ । लभ म्यारीजमा ७० प्रतिशत रहेका छन् भने ३० प्रतिशत मागी तथा अन्य विवाहबाट सम्बन्ध विच्छेद भएको देखिन्छ । नेपालमा भित्रिएका प्रविधि, परसंस्कृति ग्रहण जस्ता थुप्रै चिज छन् जसकारण पनि सम्बन्ध विच्छेदको संख्या बढ्दो छ । काठमाडौं जिल्ला अदालतका अनुसार दिनहुँ कम्तीमा १० जनाको संख्यामा सम्बन्ध विच्छेद गर्नेहरु आइरहन्छ । यहि गतिमा बढ्ने हो भने नेपाली मूल्य मान्यता माथि पनि प्रश्न नउठ्ला भन्ने छैन । एकातर्फ सम्बन्ध विच्छेदले खतरा निम्ताइरहेको छ भने अर्कोतिर सम्बन्ध विच्छेद हुनु राम्रो पनि मानिन्छ । घरपरिवारको दवाब, उत्पीडन, सहदा सहदै कालान्तरमा कतिपयले आत्माहत्यको बाटो रोजेको हामी समक्ष प्रष्ट उदाहरणहरु छन् । सामूहिक आत्महत्या गर्ने कारण पनि समाज, धर्म, संस्कार, नितिनियम, कानुनसँग डराएर पनि सम्बन्ध विच्छेद गर्न सक्दैन । अन्तमा आत्माहत्या गर्छन्, यो मानसिकता परिवर्तन हुन जरुरी छ ।

हामी कहाँ जोडी स्वर्गमा निर्धारण हुन्छ भन्ने प्रचलन छ । धर्म, परम्परामा अगाध आस्था राख्ने हाम्रो समाजमा एकपल्ट विवाह भएपछि त्यसलाई जीवनभर नै कायम गर्नुपर्ने सोचाई छ । विवाह गर्दा अग्निलाई साक्षी राखेर पतिपत्निले दुःख सुखमा साथ दिने वाचा गर्दछन् । आकाश र पृथ्वी, विष्णु र लक्ष्मीसँग आफूलाई दाज्दै युग र जुग सँगसँगै बस्ने प्रतिज्ञा गर्दछन् तर हाम्रो जस्तो पुरुष प्रधान समाजमा महिला जतिसुकै पढेलेखेको भएपनि पुरुषको हैकमवादमा पछि लाग्नु पर्ने हुन्छ तर विज्ञान र प्रविधिको विकास र सचेतना अनि स्वतन्त्रको सचेतना सँगै आज समाज केहि हदसम्म परिवर्तन तर्फ लम्किरहेको देखिन्छ । नेपाली समाजमा विवाह आफ्नो रोजाईमा नगरी परिवारको रोजाईमा जिवनसाथी तय हुने र जस्तो सुकै पिडा यातना, हेपाई, दमन, तिरस्कार, सहेर पनि परिवारको इज्जतलाई ध्यानमा

राखी सहनुको विकल्प नदेख्ने र पूर्नविवाह र सम्बन्ध विच्छेददेखि डराउने प्रवृत्ति हावी भइरहँदा पनि महिलाले विभिन्न समस्या भोग्नु परिरहेको देखिन्छ । एक अनुसन्धानले नेपालमा असफल दाम्पत्य जीवन ८४ प्रतिशत पुगेको देखाईएको कुरा बताउँदै कानुन व्यवसायी ओजराज उपाध्याय भन्दछन् :सम्बन्ध विच्छेद मात्र असफल दाम्पत्य जीवन होइन । रिस, द्वेष, इर्ष्या, आंकाक्षा अनि चाहानालाई आफूभित्रै दबाएर राख्नेहरु पनि त्यसैभित्र पर्छन् । जसले गर्दा परिवारमा दिनहुँ झगडा हुन्छ । सम्बन्ध विच्छेदको कारण के हो र त्यसको परिणाम के हुन्छ ? यस बारेमा पनि हामीले चर्चा गरेका छौं र समाधानका उपाय खोजेका छौं ।

हिन्दु सामाजिक संस्कार अनुसार नेपाली समाज धर्म, संस्कार, संस्कृतिको धनि राष्ट्र हो । अनेकताभित्र एकता विविधतापूर्ण हाम्रो देश नेपाल विस्तारै विकासको बाटो तर्फ लम्कीने थियो । यसै अवस्थामा अर्को प्राकृतिक विपत्तिको सामाना गर्नु पर्‍यो देशले सम्बन्ध विच्छेदका घटनाहरु दिनानुदिन बढिरहेको अवस्थामा यसै बखत अर्को ठूलो विपति आईपर्दा फेरी हाम्रो देश १० वर्षपछि धकेलिन बाध्य भयो । बैशाख १२ गतेको महाभूकम्पको दिनलाई नेपालको कालो दिन पनि भनिन्छ । झन त्यसैमाथि यो नाकाबन्धीले झन नेपाललाई समस्यामा झेलेको छ । सम्बन्धित निकाय मौन किन छ ? हामीले यसप्रकारका प्रश्न र समस्याहरुको उत्तर खोजेका छौं । तुलनात्मक रुपमा आर्यहरुमा भन्दा मंगोलहरुमा र तल्ला जातिहरुमा सम्बन्ध विच्छेद बढी हुन सक्ने अनुमान गर्न सकिन्छ किनभने आर्यहरुमा खासगरी बाहुन, क्षेत्रीमा महिलाको स्तर न्यून हुनु, सामाजिक रुपमा दोस्रो विवाहलाई महत्व नदिइनु र हिन्दु संस्कारको छाप रहनुले सम्बन्ध विच्छेदको न्यूनदर हुन सक्ने अनुमान गर्न सकिन्छ भने राई, लिम्बु, गुरुङ्ग, तामाङ्ग आदि जातिमा महिलाको स्तर राम्रो र बढी स्वतन्त्र हुनु र हिन्दु अधिनियमको जस्तो बन्धन नहुनुले सामाजिक रुपमा सम्बन्ध विच्छेद बढी रहेको देख्न पाईन्छ । अहिले बाह्मण, क्षेत्रीमा पनि किन बढी सम्बन्ध विच्छेद हुन्छ ? ग्रामिण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा किन बढी प्रभावित छ भन्ने बारे तुलनात्मक अध्ययनको विश्लेषण पनि गरेका छौं ।

शहरी समाज र ग्रामीण समाजमा के कस्ता कारणले यस्ता घटना बढी या कम हुन्छन् भन्ने बारेमा काठमाडौं जिल्लाको सम्बन्ध विच्छेद लिने महिलाहरुको कारण र परिणाम सामाजिक, आर्थिक, मनोवैज्ञानिक शैक्षिकबाट भोग्नु परेका समस्याहरु

सशक्तिकरणका प्रयासहरु तथा चुनौति सोहि जिल्लाहरुमा महिलाहरुका लागि विभिन्न संघसंस्था, सरोकारवाला, निकायहरुले चालेका कदमहरु, सरकारी निति र कार्यक्रमहरु पूर्नस्थापना केन्द्रहरु बारे प्रश्न उब्जन सक्छन् । यो अध्ययन केबल सम्बन्ध विच्छेद गरेका महिलाहरुमा केन्द्रित हुनाले मुख्य रुपमा निम्न बुँदाहरुलाई शोधपत्रको प्रश्नको रुपमा समावेश गरिएको छ ।

क) महिलाहरुमा कस्तो सामाजिक, साँस्कृतिक, आर्थिक, शारीरिक, मानसिक प्रभाव परेको छ ?

ख) सम्बन्ध विच्छेदको कारणबाट महिलाहरुले भोग्नु परेका समस्या समाधानको कस्तो प्रयासहरु भएको छ ।

ग) सम्बन्ध विच्छेदको सम्बन्धमा विद्यमान कानुन, नीति तथा कार्यक्रमहरुको कस्तो छ ?

घ) महिलाहरुलाई सरकारी संरक्षण प्रत्याभूति दिलाउने कस्तो प्रयास भएको छ ।

## १.३ अध्ययनको उद्देश्य

प्रत्येक समाजभित्र कुनै न कुनै प्रकारको समस्याहरु आइपरेका हुन्छन् । हरेक समाजमा कुनै समस्याहरुको निराकरणको लागि विभिन्न व्यक्ति, संघसंस्था प्रयासरत हुन्छन् । समाजशास्त्रीय विद्यार्थी भएकै कारण समाजमा देखा परेको समस्यालाई समाजशास्त्रीय चिन्तनबाट समाधान गर्नु त्यसका कारण खोज्नु हाम्रो विद्याको धर्म रहेको समाजभित्र घटेका घटना अध्ययनको उद्देश्य त्यसको समाधान गर्नु हो । मेरो विषय बढ्दो सम्बन्ध विच्छेद लिने महिलाहरुको कारण र परिणामहरु उनीहरुले भोगिरहेका सामाजिक, साँस्कृतिक, पारिवारिक, मनोवैज्ञानिक समस्याहरुलाई प्रस्फुटन गर्न रहेको छ । काठमाडौं जिल्लामा सम्बन्ध विच्छेद गरेका महिलाहरुको कारण र परिणामको बारेमा यो अध्ययन रहेको छ । समग्रमा यस विषय अध्ययनको मुख्य उद्देश्यहरु निम्न किसिमका रहेका छन् :

क) सम्बन्ध विच्छेद गर्ने महिलामा पर्ने सामाजिक, साँस्कृतिक, आर्थिक, शारीरिक, मानसिक अवस्थाहरुको उल्लेख गर्ने ।

ख) सम्बन्ध विच्छेदको कारणबाट सम्बन्ध विच्छेद लिने महिलामा पर्ने नकारात्मक प्रभाव र यसका परिणामको मूल्याकन गर्ने ।

ग) सम्बन्ध विच्छेदका सम्बन्धमा विद्यमान कानुन, निति तथा कार्यक्रमहरुको समीक्षा गर्ने ।

## १.४ अध्ययनको महत्व

नेपाली समाजलाई दिनानुदिन विकास र परिवर्तनको बाहक प्रविधि बनेको छ । आज घरमै एउटा कोठाभित्र बसि बसि विश्व समाजमा भएको घटनाहरु एउटा मोबाइल वा कम्प्युटरभित्र हेर्न सक्छौं तर प्रविधिले सकारात्मक पक्षहरु मात्र समेटेको छैन, नकारात्मक असर पनि परेको छ । समाजभित्र प्रविधिले जर्बरजस्ती करणी, काटमार, हत्याहिंसा जस्ता विभत्स घटनाहरु पनि बढ्दो क्रम जारी छ । यसरी हेर्दा नेपाली समाजमा प्रविधिले सकारात्मक भन्दा नकारात्मक असर बढी पारेको देखिन्छ । बढ्दो विदेशिने क्रम महिला सशक्तिकरण, स्वरोजगार जस्ता पक्षहरुले पनि नेपालमा सम्बन्ध विच्छेदको घटना बढ्दो छ तर नेपाली समाज ज्यादा पितृसत्तात्मक सोचको हाबी भएको समाज हो । यहाँ बुहारी महिला जाति दोस्रो दर्जाको नागरिक सरह व्यवहार गरिन्छ । यस्तो व्यवहार, थिचोमिचो गर्दा समाजमा महिला हिंसा बढ्ने क्रम जारी छ र आत्माहत्याको दर वृद्धि हुदैं छ । एउटा घटना २०७१/०३/१८ गते मात्र मेजरका श्रीमतीको विभत्स हत्या भयो । आत्माहत्या भनिएको घटनालाई नागरिक समाजले हत्या भनेको छ । उनी समाज घरपरिवार माइतिको लागि आफ्नो चाहाना दबाएर मृत्युसँग सम्झौता गरिन । यदि सम्बन्ध विच्छेद सहज रुपमा लिने समाज भइदिने थियो भने पनि उनी जस्ता कयौं लताशाको जिवन बच्ने थियो । यस घटनालाई हेर्दा सम्बन्ध विच्छेद सकारात्मक पनि देखिन्छ ।

सानै उमेरमा विवाह हुनु, दाइजो प्रचलन, बढ्दो शहरीकरण, पुजीवादी, पश्चिमी संस्कृति, स्वरोजगारले गर्दा व्यक्तिहरु आफ्ना परिवारजनबाट टाढा रहनु पर्ने देखासिकि आदि कारणहरु यस घटना प्रति कतिको जिम्मेवार छन् त ? यो पनि अध्ययनको महत्वपूर्ण पक्ष रहेको छ । यसका साथै निश्चित कानुनी प्रक्रियाका आधारमा सम्बन्ध विच्छेद गर्न पाउने कानुनी प्रावधानले पनि सम्बन्ध विच्छेदका घटनाहरु दिनप्रतिदिन कसरी वृद्धि भइरहेका छन् भन्ने पक्ष पनि यस अध्ययन अनुसन्धानका लागि महत्वपूर्ण रहेको छ । यस्तो घटनाको प्रभाव क्षेत्र, व्यक्ति, परिवार एवंम समाज रहेको हुन्छ ।

## १.५ सम्बन्ध विच्छेद र पृथकीकरण

सम्बन्ध विच्छेद लोग्ने स्वास्नीको बिच कानुनी तथा सामाजिक दुवै रुपमा हुने गर्दछ । यसमा विवाहका बन्धनहरु सबै समाप्ति हुन्छन् । यसै शब्दसँग सामिप्यता राख्न खोज्ने तर सम्बन्ध विच्छेद हुनु पूर्वाधारको रुपमा रहेको अवस्थालाई पृथकीकरण भनिन्छ । यस पृथकीकरणमा पुर्नमिलन हुने संम्भावना हुन्छ । सम्बन्ध विच्छेद र पृथकीकरण बिचमा सुक्ष्म भिन्नतालाई यहाँ देखाइएको छ ।

नेपाली समाजलाई हेर्ने हो भने सम्बन्ध विच्छेदको अवस्था भन्दा पृथकिकरणको अवस्था बढी छ । यसरी छुट्टिएर बस्दा आर्थिक समस्या लगायत अन्य कारोवारमा महिला नै सर्वेसर्वा हुन्छन् भने अर्कोतिर पुरुषले प्राय अर्की श्रीमती ल्याएर बसेको हुन्छ । तर महिलालाई भने परपुरुषसँग सम्बन्ध राख्ने अधिकार सामान्यतया हाम्रो समाजले दिदैंन । जे होस् उमेरलाई आधार मानेर भन्दा खेरी सम्बन्ध विच्छेद २० देखि ३५ वर्ष भित्रमा बढी हुन्छ भने छुट्टिएर बस्नेको उमेर सामान्यतया ४५ वर्ष नाघिसकेको हुन्छ । नेपालको कानुनमा भने पृथकिकरणको व्यवस्था छैन । यदि यसको व्यवस्था कानुन नै हुने हो भने सम्बन्ध विच्छेद नहुन यसबाट धेरै राहत मिल्ने थियो ।

## १.६ अध्ययनको संगठनात्मक स्वरुप

यस शोधपत्रको शिर्षक काठमाडौं जिल्लामा भएका महिलाहरुले सम्बन्ध विच्छेद गर्नुका कारण र परिणाम रहेको छ । यस अध्ययनको औचित्यता यसमा उल्लेखित उद्देश्य पुरा गर्ने हेतुले यहाँ प्रत्येक परिच्छेदमा विषयहरु समेटिएको छ ।

शोधपत्रलाई ६ वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र अध्ययनको संगठनात्मक स्वरुप राखिएको छ भने अध्याय दुईमा सैद्धान्तिक विषयहरुको चर्चा गरिएको छ । त्यसैगरी अध्याय तिनमा अनुसन्धानात्मक विधि अध्ययन तथा छनौटको औचित्य, जनसंख्या र नमुना, तथ्यांकको स्रोत र प्रकृति, तथ्यांक संकलनका प्रविधिहरु, प्रश्नावली साथै अर्न्तवार्ता, वैयक्तिक अध्ययन, तथ्यांक प्रशोधन, विश्लेषण र प्रस्तुतिकरण, अध्ययनको सिमा, अध्ययन अनुसन्धानको औचित्यता, तथ्यांक संकलनको क्रममा आइ परेका कठिनाईहरुको बारेमा चर्चा गरिएको छ ।

त्यसैगरी अध्याय चारमा सम्बन्ध विच्छेदका कारण र परिणाम र सामाजिक, साँसकृतिक, शैक्षिक, आर्थिक, मानसिक अवस्था र तथ्यांक उल्लेख गरिएको छ । त्यस्तै अध्याय पाँचमा सम्बन्ध विच्छेदका कारणबाट महिलाहरुमा पर्ने नकारात्मक प्रभाव, त्यसका परिणाम, भोग्नु परेका समस्याहरुको बारेमा उल्लेख गरिएको छ भने अन्त्यमा अध्याय ६ मा शोधपत्रको सारांश र निष्कर्षलाई छोटकरीमा प्रस्तुत गरिएको छ भने अन्त्यमा सन्दर्भ सुची र प्रश्नावली राखिएको छ ।

# परिच्छेद - दुई

## सन्दर्भ साहित्यको अध्ययन तथा सैद्धान्तिक समीक्षा

### २.१ सम्बन्ध विच्छेदको सैद्धान्तिक समीक्षा

सम्बन्ध विच्छेदलाई सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा Feminist perspective, Marxiam perspective, conflict perspective आदि perspectives बाट व्याख्या र विश्लेषण गर्न सकिन्छ ।

हाम्रो हिन्दु समाज पुरुष प्रधान समाज भएकोले यहाँ महिलाहरुको भन्दा पुरुषको हावी बढी हुन्छ र महिलाहरु पुरुषको दमन, शोषण, अत्याचार, सहन बाध्य भएका छन् । महिलाहरु भनेका सधै पुरुषको अधिनमा बस्नुपर्दछ । उनीहरुले पुरुषले भनेका हरेक कुरा मान्नुपर्दछ भन्ने सोचाई अहिलेको २१ औं शताब्दीमा पुरुषहरुमा पनि रहेको छ । तर अहिलेका धेरैजसो महिलाहरु शिक्षित, स्वरोजगार, आत्मनिर्भर भइसकेका छन् र उनीहरु पुरुषको दबाबमा बस्न चाहदैनन् र उनीहरुको सम्बन्ध बिच कलह उत्पन्न हुन पुग्दछ र तँ भन्दा म के कम भन्ने भावना दुवैमा हुन्छ र विवाहबन्धन टुट्न पुग्दछ । अनि सम्बन्ध विच्छेदको समस्या उत्पन्न हुन्छ । विश्वका थुप्रै समाजशास्त्री मानवशास्त्रीहरुले समाजको संरचना, समाजलाई व्याख्या विश्लेषण गर्दा आ-आफ्ना भावना राख्दै प्रष्ट विचार प्रमाणसहित राखे जुन मध्ये हामी पनि थुप्रै कुराहरुमा सहमति रह्यो । सम्बन्ध विच्छेद किन, कसरी, के कारणले गर्दा हुन्छ भन्ने सवालमा थुप्रै दृष्टिकोणहरु राख्न सकिन्छ । यद्यपी मैले मेरो शोधपत्रमा फेमिनिष्ट दृष्टिकोणसँग आफ्नो दृष्टिकोण जोडेकी छु । वास्तवमा पछिल्लो समयमा समाजमा यस्ता घटना ज्यादा घट्न पितृसत्तात्मक सोचभन्दा माथि उठ्न प्रयत्न शिल महिला र सोचमा र समयको परिवर्तनको उतुर विकास हो भन्दै मैले फेमिनिष्ट दृष्टिकोणलाई जोडेकी छु ।

सम्बन्ध विच्छेदलाई हेर्दा महिला अधिकार या महिलाहरुको मुक्ति समाजमा महिलाहरुका पक्षमा भएका सुधारका कमिक पाटाहरु विकासहरुलाई बढी ध्यान दिनुपर्छ । विशेषत सन् १९७५ देखि आज विश्वमा विकसित देश लगाएत हाम्रो जस्तो अल्पविकसित या अविकसित राष्ट्रमा महिला शिक्षा अवसर, पेशा, महिला जागरण तथा सचेतना हुँदै लैगिंक समानताको विभिन्न पक्षहरुलाई व्यवहारमा विस्तारै उतार्ने कार्य भैरहेको छ ।

जसबाट महिलामा आत्मनिर्भरता निर्णय गर्ने क्षमता समानता र स्वतन्त्रताको अधिकारबाट महिलाको न्यायिक हक एकदमै बलियो धारको रुपमा रहेको छ । जसको कारण महिलाहरु माथि गरिएको अत्याचार, दमन, शोषण विरुद्ध उनीहरु डटेर प्रतिकार गर्न सक्ने हुँदा परिवारमा जसले जे भन्यो त्यही सहेर बस्ने स्थिति छैन । महिला अधिकारकर्मी सपना प्रधान मल्ल भन्नुहुन्छ - महिला घरमा सिमित रहुन्जेल उनीहरुमा कहिल्यै परिवर्तन आउँदैन र अर्कातर्फ पितृसत्तात्मक सोचले जहिले पनि उनीहरुलाई जकडेको हुन्छ । यिन विभिन्न कारणले गर्दा कतिपय अवस्थामा सम्बन्ध राम्रो हुन्छ भने कतिपय अवस्थामा सम्बन्ध नराम्रो हुन्छ र सम्बन्ध विच्छेद हुन जान्छ । दृष्टान्तको रुपमा पशिचमी मुलुकमा महिलाहरु बढी स्वतन्त्र हुनु र आफ्नो हक अधिकार प्रयोग गर्नुले पनि सम्बन्ध विच्छेदको दर बढी छ भने हाम्रो जस्तो विकासोन्मुख देशहरुमा जहाँ शिक्षा, रोजगार, सचेतना जस्ता पक्षहरु छैनन्, त्यहाँ सम्बन्ध विच्छेदको दर कम छ तर अहिलेको बढ्दो आधुनिकिकरण महिलाहरुको हक, अधिकार बढी, शिक्षित, स्वरोजगारले गर्दा नेपालमा पनि दिनप्रतिदिन सम्बन्ध विच्छेदका घटनाहरु बढी रहेका छन् ।

महिलावादी भएर सोच्दा अघिल्ला दिनको तुलनामा पछिल्ला दिनहरुमा महिलामा यति आत्मविश्वास, जागरुकता, सचेतना हुनुमा सञ्चारमाध्यम, सामाजिक सञ्जाल र ऐन कानुनले महिला संरक्षणको लागि विशेष ध्यानमा राखी कार्यान्वयन गर्नु प्रमुख रहेका छन् । यसरी उल्लेखित विभिन्न दृष्टिकोणबाट लोग्ने स्वास्नी बिचको सम्बन्ध विच्छेदलाई हेर्न सकिए पनि यि दृष्टिकोणहरु आफैमा पूर्ण र आलोचनाबाट मुक्त भने छैनन् । हरेक दृष्टिकोणमा सम्बन्ध विच्छेदलाई विभिन्न रुपमा व्याख्या र विश्लेषण गर्न सकिन्छ । फरक त्यति हो कसैले यसलाई सूक्ष्म स्तरबाट कसैले मध्यम स्तरबाट र कसैले बृहत स्तर दृष्टिकोणबाट व्याख्या र विशलेषण गर्दछन् । जे भएपनि लोग्नेस्वास्नीको दाम्पत्य जीवनमा विखण्डन ल्याउने काम विवाहविच्छेदले ल्याउने हुँदा जुनसुकै लेबलको दृष्टिकोणबाट व्याख्या विश्लेषण गर्दा पनि लोग्नेस्वास्नी बिचको आपसिक मनमुटाव शारिरिक तथा मानसिक पक्षहरुमा जानी या नजानी निम्त्याएको समस्याहरु, पारिवारिक अन्तरकलह, शहरीकरण वा औद्योगिकरण, जातिय र साँस्कृतिक भिन्नता आर्थिक तथा सामाजिक स्तरीकरणको अंहता रोजगार, आधुनिकिकरण पद्धतिको विकास यौन सम्बन्धमा असन्तुष्टि आपसी असमझदारी पश्चिमी संस्कृति आदिका कारणबाट नै सम्बन्ध विच्छेद हुन्छ । परिणामस्वरुप व्यक्तिगत तथा सामाजिक प्रकार्यका इकाइहरु विचको सम्बन्धमा द्वन्द्व उत्पन्न हुन्छ र जसको

फलस्वरुप सम्बन्ध विच्छेद हुन पुग्दछ । यसर्थ सम्बन्ध विच्छेद लगायत अन्य समाजसँग सम्बन्धित सामाजिक समस्या भएका विषयहरुलाई सही रुपमा सैद्धान्तिक आधारशिला अन्तर्गत विश्लेषण गर्नुपर्दा प्रमुख रुपमा feminist perspective, Marxist perspective, conflict perspective लाई एक आपसमा अन्तरसम्बन्धित गराएर हेरिएमा सम्बन्ध विच्छेद लगाएत अन्य सामाजिक समस्याहरुको सैद्धान्तिक आधार भेटाउन सकिन्छ ।

हिन्दु समाज र यहाँको संस्कारमा एकातिर महिलालाई देवीको रुपमा पुजा गरिन्छ भने अर्कातर्फ उनलाई गृह सजावट, परिवार रक्षक र गृहणीका रुपमा हेरिन्छ । महिला यत्रतत्र सर्वत्र पूजिएको देखिएतापनि घरको चार पर्खाल भित्र उनि कतै न कतै शोषित रहीरहेकी हुन्छिन् । विवाह अघि आमाबुबा, दाजुभाईहरुको संरक्षणमा रहेकी हुन्छिन् भने विवाह पछाडि श्रीमान, सासुससुराको अधिनमा रहन्छिन् । त्यसपछाडि छोराछोरीको अधिनमा रहन्छिन् । उनीहरुको आफ्नो जीवन त छदैं छैन यो समाजमा । केही वर्ष यता स्वतन्त्रताको नाममा छाडापन उच्च आधुनिकताको नाममा विकृति विसङ्गति र अपराधजन्य कार्यलाई बढावा दिइरहेको छ । आमूल नारीवादका अनुसार महिलाहरु माथि सम्बन्ध विच्छेद गर्न पितृसत्ताले पुरुषलाई क्षमता प्रदान गर्दछ । फलस्वरुप उनिहरुको आवाज दवाइन्छ । उनीहरु जति पिडामा भए पनि आर्थिक प्रलोभन देखाएर या राजनैतिक पहुँचले तर्साएर कतिपय आवाजहरु दवाइरहेका छन् । महिलावादमा एउटा मान्यता छ, "Women are made not Born". (महिलाहरु बनेका हुन्छन्, जन्मेका हुँदैनन) ।

हाम्रो समाज हिन्दु धर्म अवलम्बन गर्ने अधिकांशमा महिलामाथि पुरुषको एकल दमन रहेको छ त्यसैले पितृसत्ताद्वारा निर्माण गरिएका सबै सामाजिक संरचना, मूल्यमान्यता, नितिनियम, आदेश, प्रथा, राजनिति, शक्ति, अधिकार, अन्त्य गरी सिंगो स्वतन्त्र महिला संसारको निर्माण गर्न आमूल नारीवादको आवश्यकता छ । आमूल नारीवादका अनुसार महिलामाथि सम्बन्ध विच्छेद गर्न पितृसत्ताले पुरुषलाई क्षमताप्रदान गर्दछ वा शक्तिप्रदान गर्दछ । फलस्वरुप उनीहरुको आवाज कमजोर बनाइन्छ । समाजमा यसरी आमूल नारीवादले पुरुषको दमनबाट मुक्ति पाउन महिलाहरु शारीरिक, मानसिक तथा भावनात्मक रुपमा एक हुन आवश्यक छ । समाजमा महिलाले लोग्ने मान्छेको आवश्यकता विकल्पमा संभव भएसम्म महिलाले महिलालाई साथ दिनुपर्छ ।

समाज यति धेरै क्रुर पशुवत हुनमा नैतिक शिक्षाको अभाव, कुसंस्कार, कुसँस्कृतिको हावी, धर्म, मूल्यमान्यता, पश्चिमी सँस्कृतिको देखासिकि, प्रविधिको दुरुप्रयोग जस्ता कुराहरुले गर्दा पनि हत्या, हिंसा, डिभोर्सका घटनाहरुलाई निर्मुल पार्न त गाह्रो कुरा हो तर असम्भव पनि छैन, यसको लागि फितलो कानुन व्यवस्थालाई कार्यान्वयन पक्षले यसलाई कडाइका साथ कारवाहि गर्न सक्नुपर्छ । रोजगारको लागि व्यवस्था हुनुपर्दछ । घर ६० प्रतिशत विद्यालय हो त्यसैले घरबाटै नैतिक शिक्षा दिनुपर्छ भन्नुहुन्छ मनोवैज्ञानिक विश्लेषक डा. गंगा पाठक (एभिन्यूज टेलिभिजन मार्च २०१५)

Marxist perspective

Marxist perspective अनुसार सम्बन्ध विच्छेदलाई हेर्दा समाज विकासको क्रममा शहरीकरण औद्योगिकिकरण तथा पुँजीवादी पद्धतिको विकास हुँदै जादा आधुनिकिकरणको विकास हुन्छ । त्यतिबेला सामाजिक मूल्यमान्यता, प्रचलनहरुमा विस्तारै ह्रास आउदै गर्दा । समाजमा धनसम्पत्तिको महत्व बढ्दै जान्छ । मानिसहरु अर्थोपार्जनको निम्ति घरदेखि धेरै टाढा समेत जानुपर्ने हुन्छ । यसमा शिक्षा, पेशा आदिको कारणले पनि महिलाहरु आफ्नो अधिकारप्रति सचेत र विभिन्न कोणबाट शसक्त हुन्छन् । धनसम्पति कमाउन महिला र पुरुषहरु आ-आफ्नो कामतिर लाग्छन् । जसले गर्दा लोग्नेस्वास्नी बीचमा सामिप्यता कम हुन जान्छ । फलस्वरुप एक आपसमा हेर्ने दृष्टिकोणमा संकालु प्रवृत्ति बढ्न गई आपसिक सद्भाव र समझदारीको दूरी टाढा हुँदै जान्छ जसको कारण पारिवारिक झगडा हुन्छ र सम्बन्ध विच्छेदको स्थिति सिर्जना हुन पुग्दछ । अर्को तिर परिवारका सदस्यहरु बिच पुराना चालचलन र नयाँ चालचलन बिच आपसी द्वन्द्व भई सम्बन्ध विच्छेदको स्थिति आउन सक्छ । परिवारमा एक थरीको स्वतन्त्रता अधिकारको माग र प्रयोग हुन्छ भने अर्को थरीबाट नियन्त्रण र निर्देशन गर्ने चाहना हुन्छ । यसका अतिरिक्त रोजगारीका निम्ति मानिसहरु शहर पस्छन् । जहाँ उत्पादनलाई बढी महत्व दिइएको हुन्छ । तब विभिन्न उत्पादनले व्यक्तिको हैसियत भन्दा बढीका वस्तुको माग सृजना भई परिवारमा एक अर्काप्रतिको चाहना र निर्भरता बढी हुन्छ र सम्बन्ध विच्छेद हुन जान्छ । जेहोस् Marxist perspective मा द्वन्द्व गराउने तत्व नै आर्थिक व्यवस्थालाई लिन सकिन्छ ।

Conflict perspective

Conflict perspective बाट सम्बन्ध विच्छेदलाई हेर्दा जब कुनै केटा वा केटी विशेषतः आपसिक प्रेमबाट वैवाहिक शुत्रमा बाधिन अन्तरजातिय विवाह गर्छन् तब परिवारमा सामाजिक द्वन्द्व उत्पन्न हुन सक्छ । किनकि एउटा पक्षको मूल्यमान्यता, संस्कार, रितिरिवाज, चालचलन, सोचाई अर्को पक्षको मूल्यमान्यता र सोचाईसँग मिल्दैन र दुवै पक्षका बिचमा जातिय व्यवस्था र साँस्कृतिक भिन्नताको कारणबाट पनि द्वन्द्व उत्पन्न हुन सक्छ । जसबाट परिवार टुट्न सक्छ । अन्तरजातिय विवाह भएपछि उनीहरुको सँस्कारमा ढल्न सकिदैन र तल्लो जातको केटी वा केटा भनी पारिवारिक हिंसा हुन्छ र सम्बन्ध विच्छेद हुन पुग्दछ । यसैगरी पतिपत्नि बीचमा आपसिक सद्भाव, विश्वास र सहमति नभई एक अर्काप्रति दुराव, शंका र प्रतिरोध उत्पन्न हुन गई आ-आफ्नो मान्यता, सोचाई र उद्देश्यहरुमा अडिग भए भने दाम्पत्य जीवनमा द्वन्द्व हुन जान्छ र सम्बन्ध विच्छेद हुन जान्छ । त्यसैगरी दुई वर्ग एउटा हुने र अर्को नहुने (haves and haves not) बीच पनि वैवाहिक सम्बन्ध भयो भने हुने वर्गले नहुने वर्गलाई दमन, शोषण गर्न खोज्छ र हुने र नहुने वर्ग बिचमा द्वन्द्व उत्पन्न हुन्छ र सम्बन्ध विच्छेद हुन पुग्दछ ।

माथि उल्लेखित सम्पूर्ण घटना, समस्या समाधान, मनोविश्लेषण, वकिल, अदालत, निर्माता एवम् संघसंस्थाका व्यक्तित्वहरुको विचार एवम् सन्दर्भमा प्रस्तुत अध्ययनले सम्बन्ध विच्छेद गर्ने महिलाहरुको कारण र परिणामहरुको विश्लेषण गरेको छु ।

## २.२ सैद्धान्तिक अध्ययन

सम्बन्ध विच्छेद दुई व्यक्ति बीच हुने घटना भए पनि यसको प्रभाव समाजमा प्रत्यक्ष रुपले पर्ने भएकोले यो नितान्त रुपमा सामाजिक अध्ययनको विषयवस्तु मानिन्छ । हरेक सामाजिक अध्ययनका विषयहरुमा वैज्ञानिक किसिमबाट खोज अनुसन्धान गर्दा त्यस पूर्वका अध्ययन अनुसन्धानमा समेटन नसकिएका पक्षहरुलाई विशेष महत्व दिदैं नयाँ नयाँ तथ्यहरु निकालिन्छ । कुनै पनि वैज्ञानिक अध्ययन अनुसन्धान गर्दा साहित्यको अध्ययन महत्वपूर्ण हुन्छ । अगाडि नै अध्ययन अनुसन्धान गरी तयार पारिएको लेख, रचना, पुस्तक विभिन्न टि.भी., रिपोर्ट, पत्रपत्रिका, भिडियो, अध्ययन गरी त्यस विषयसँग सम्बन्धित ज्ञान जानकारी प्राप्त गर्न सकिन्छ ।

नेपालमा दिनानुदिन १० जना भन्दा बढी सम्बन्ध विच्छेदका घटनाहरु वृद्धि भइरहेका छन् । नेपाल एक हिन्दु राज्य हो । यहाँ ७५ प्रतिशत मानिसहरु हिन्दु धर्म मान्दछन् । विभिन्न जातजाति, भाषाभाषी कला संस्कृतिले परिवर्तन देश नेपालमा धर्म संस्कृतिको उच्च मूल्य रहेको छ । हरेक महिलाहरु पुरुषको अधिनमा रहन हिन्दु संस्कारको सिकाएको हुन्छ । जब एउटा बच्चीको जन्म हुन्छ, उनी आमाबुबा, दाजुभाईको अधिनमा रहिन्छन् जब उनी विवाह गरी घरमा जान्छिन्, घरका सम्पूर्ण पुरुषहरु विशेषतः श्रीमानको अधिनमा रहिन्छन् । त्यसपछि छोराको अधिनमा रहनुपर्छ । तर यस्ता संस्कारहरु क्रमशः परिवर्तनको मुहार फेर्दैछन् । यहाँ हरेक महिलाहरुमा शिक्षाको पहुँच पुऱ्याउन सरकार तल्लीन रहेको छ । सरकारको नितिमा नै सबैका लागि शिक्षा भन्ने नारा रहेको छ । जसकारण पनि छोरीहरुमा शिक्षाको पहुँच पुग्न सकेको छ । फलतः उनीहरुमा अरुको थिचोमिचोमा रहन सक्दैनन र चाहदैनन् । उनीहरुमा आत्मविश्वास बढ्दै गएका कारण आफ्नो जिवन आफ्नै तरिकाले स्वतन्त्र बिताउँछु भन्ने सोचको विकास आउँछ र सम्बन्ध विच्छेद प्रक्रियामा पुग्छन् । जब सम्बन्ध विच्छेद प्रकिया शुरु हुन्छ, त्यहाँ अनेक समस्या नपर्ने पनि होइन तर पनि सरकारले महिलाको पक्षमा ज्यादा आवाज बुलन्द बनाइदिएको छ । मैले यसै विषयमा रहेर मेरो अध्ययन शुरु गरेको छु । विभिन्न टि.भी., पत्रपत्रिका, लेख रचना, साहित्य वकिल, सरोकारवाला निकायसँग मेरो प्रत्यक्ष साक्षात्कार रहेको छ । र यसैलाई मैले आधार बनाएर मेरो अध्ययन शुरु गरेको हुँ ।

- सम्बन्ध विच्छेद भन्नाले कुनै पक्षकाहरुले विवाह परान्त दुराचरणका कारण अधिनियममा वर्णित अन्य कुनै कारणबाट न्यायालयद्वारा विवाह बन्धनको विघटन वा समाप्ती हो ।

  हिन्दु विवाह ऐन १९५५

- हिन्दु धर्मशास्त्रमा स्त्री बिनाको पुरुषलाई पूर्ण मानिएको छैन । स्मृतिले पनि पति + पत्नी + सन्तान = एक पुरुष वा व्यक्तित्व हो । त्यसैले पत्नीलाई बिक्रि गरे पनि पतिपत्निको सम्बन्ध टुट्दैन भनेका छन् । त्यस्तै जो पति छ स्त्री पनि त्यहि हो । बेचेर वा त्याग गरेर पनि स्त्री र पतिको पूर्णत्वबाट मुक्त हुन सक्दैन । मृत्युपर्यान्त स्त्री पुरुष एकै सुत्रमा बाधिँएको हुन्छ । निजहरु कहिल्यै छुट्टिनु हुँदैन ।

  (मनुस्मृति १९८६)

त्यसैगरी स्मृतिहरुले पनि खराब आचरण गर्ने पति विरुद्ध खराब कार्य गर्ने, पत्नी बाझी भए ९ वर्ष पर्खेर, छोरी मात्र जन्मे ११ वर्ष पर्खेर यस्ता अवस्थामा पत्नी माथि सौता हाल्नु वा सम्बन्ध विच्छेद गर्न सकिन्छ भनी मनुस्मृतिमा उल्लेख गरेको पाईन्छ ।

यसैगरी मदिरापान गर्ने दीर्घ रोग लागेकी, बाझी वा छोरी छोरी पाउने पतिको द्वेष गर्ने पत्नी माथि सौता हाल्नुपर्छ वा सम्बन्ध विच्छेद गर्न सकिन्छ ।

- नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ धारा २० मा महिलाको हक सम्बन्धमा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन भनिएको छ तर यो कागजी रुपमा मात्र सिमित छ । व्यवहारमा भने समाजमा एकल महिलाहरुलाई सम्मानजनक व्यवहार नगरी हेला गरेको पाईन्छ ।

  नेपालको अन्तरिम संविधान, २०६३

- औपचारिक रुपमा सम्बन्ध विच्छेद भनेको चलनचल्ती अनुसार पति र पत्नी छुट्नु हो ।

  Dictionary.com, 2008

- एक अध्ययनमा सम्बन्ध विच्छेद परिवारदेखि आउने जो व्यक्तिहरुमा पनि सकारात्मक मनोवृति पाइएन ।

  Darlington, 2001

- त्रिभुवन विश्वविद्यालयमा प्राध्यापक तथा मानवशास्त्री डा. रामबहादुर क्षेत्रीका अनुसार सम्बन्ध विच्छेदका धेरै जसो कारणहरु आजभोलि पैदा भएका होइनन् । हिजो पनि थिए तर त्यति बेला महिलाहरु आर्थिक रुपले सक्षम नभएका र समाजले हेला गर्ने हुनाले जस्तो अवस्थामा पनि सहन बाध्य थिए । अहिले रहन सहन र जिविकोपार्जनका उपायहरुमा धेरै अन्तर आएको छ र उनिहरुको स्थिति तुलनात्मक रुपले दह्रो भएको छ । उनीहरु आफ्नो हित बुझ्न र त्यसबारे निर्णय लिन सक्षम हुँदै गएका छन् । बढ्दो सम्बन्ध विच्छेदले त्यसतर्फ सकेंत गर्दछ ।

  क्षेत्री, २०७२

- त्यसैगरी अर्का समाजशास्त्री विष्ट भन्दछन् सम्बन्ध विच्छेद भन्नाले अदालतको फैसलाद्वारा यात पूर्णयता वैवाहिक सम्बन्ध भङ्ग गरी वा पक्षकाहरु बिच जहाँसम्म

सहवासको सम्बन्ध छ त्यसको प्रभाव निलम्बित गरी लोग्ने स्वास्नीको पृथकीकरण हो ।

सिंह २०३८ : ५४६

- सम्बन्ध विच्छेदका बारेमा वरिष्ठ न्यायधिश एवम् न्याधिवक्ता भन्नुहुन्छ सम्बन्ध विच्छेद पछि स्वास्नी मानिसको स्थिति भन्ने शिर्षकमा अगाडि लेख्छन् । लोग्नेस्वास्नी बिच निरन्तर वैमनश्यता कटुता रहेमा घर व्यवहार बस्न गाह्रो पर्ने वास्तविकताले गर्दा लोग्नेस्वास्नीको सम्बन्ध विच्छेद हुने क्रियामा तिव्रता आएको देखिन्छ । लोग्नेस्वास्नीको सम्बन्ध विच्छेद भएपछि स्वास्नी मानिसको जीवन निर्वाहको प्रश्न ज्वलन्त रुपमा अगाडि आउँछ । आफ्नो सम्पति र हातमा सीप नभएकी स्वास्नी मानिस आफैले जिविकोपार्जन गरेर जीवन निर्वाह गर्न हाम्रो सामाजिक परिवेशमा ज्यादै अप्ठ्यारो पर्दछ । हातमा सिप र आफ्नो सम्पति नभएका महिलाहरु ग्रामिण क्षेत्रमा अधिक संख्यामा पाइन्छन् । त्यस्ती स्वास्नी मानिसको सम्बन्ध विच्छेद पछि नै जिवन निर्वाहको कुरा आइ हाल्ने स्पष्ट देखिन्छ । सम्बन्ध विच्छेद पछि स्वास्नी मानिस माइतितिर फर्केर हेर्न त सक्छे तर आफ्नो जीवन निर्वाहको दायित्व थुपार्न सक्तिन र सम्बन्ध विच्छेद पछि स्वास्नी मानिस जन्म घर र कर्मघर दुवै देखि टाढिन्छे । आफ्नो जिविकोपार्जन आफै गर्न नसक्ने अदाना आईमाईको लागि यो स्थिति निकै कष्टकर हुने निर्विवाद छ, साथै यस्तो अवस्थाले अनेक सामाजिक विकृति ल्याउन सक्छ । अतः सम्बन्ध विच्छेद भइसकेपछि स्वास्नी मानिसको जीवन निर्वाह एकदमै संवेदनशिल प्रश्न भएको छ ।

  (संगौला, २०७१) ।

- ल्याक (LACC) सँग आबद्ध एकजना अधिवक्ता वसन्ती श्रेष्ठको विचारमा सम्बन्ध विच्छेदको घटना बढ्नुको प्रमुख कारण घरेलु हिंसा हो । अधिकांश सम्बन्ध विच्छेदका घटनाहरु प्रेम विवाहसँग सम्बन्धित हुन्छन् तर कहिलेकाहि २० वर्ष भन्दा बढी सुखद दाम्पत्य जीवन व्यतित गरिसकेका व्यक्तिहरु पनि सम्बन्ध विच्छेदका लागि आउने गरेको पाइन्छ । उनी अगाडि भन्दछिन् सम्बन्ध विच्छेदका मुद्दा पुरुषको तुलनामा महिलाको बढी ल्याउने गरेका छन् । महिलाले सोझै अदालतमा जान पाउने तर पुरुषले स्थानिय निकाय मार्फत आउनु पर्ने भएकोले यसो भएको हो ।

  Nepal news.com Neetu Dubey Nov. 07.2015

नेपालको सर्न्दभमा हेर्दा अदालति रुपमा दर्ता भएका वा फैसला भएका सम्बन्ध विच्छेदका घटनाहरुलाई मात्र आधार बनाएर मूल्यांकन गर्न सकिदैन किनभने सामाजिक परम्परा अनुसार अदालतसम्म नै नआइकन सम्बन्ध विच्छेद भएको घटना भेटिन्छन् । कानुनी रुपमा जाँदा बाहिर बढी चर्चा हुने डरले कानुनी ज्ञान नभएर न्याय सम्पादनमा ढिलाई हुने भएर र आर्थिक समस्याका कारण समुदाय स्तरमा नै कयौं सम्बन्ध विच्छेदका घटनाहरु घटिरहन्छन् । त्यस्तै गरी गत आर्थिक वर्षमा जिल्ला अदालतमा ६ सय २० वटा सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएको थियो । त्यो अघिल्लो वर्षको तुलनामा झन्डै सयले बढी हो ।

काठमाडौं जिल्ला अदालतमा १५ महिनामा ७१५ यस्ता मुद्दा दर्ता भएका थिए । ती मध्ये ९० प्रतिशत वैदेशिक रोजगारीमा गएका युवासँग सम्बन्धित रहेको, पश्चिम सस्ँकृतिको प्रभाव अत्यन्तै बढी रहेको अदालतको तथ्यांक छ । आर्थिक, सामाजिक र जात विशेषको कारणले गर्दा अदालतमा सम्बन्ध विच्छेद गर्न आउने देखि विदेश जानको लागि कागजी विवाह गर्ने चलनले समेत विवाह रद्द गर्ने सम्बन्ध विच्छेद गर्नेहरुको संख्या बढी भएको छ ।

अदालतको १५ महिनामा सम्बन्ध विच्छेदका ६२० मुद्दा फछ्र्यौटे गरेको छ । तीमध्ये ९० प्रतिशत मुद्दा विदेशिएका पुरुष र महिलासँग सम्बन्धित छन् । अधिकांश वैदेशिक रोजगारीका लागि बिदेश गएका पुरुषका पत्नी छन् । मालपोत कार्यालय काठमाडौंका अधिकृत रचना गौतम अमात्यका अनुसार त्यस्तो केहि महिलाले अघिल्लो दिन आफ्नो नाममा घरजग्गा पास गर्ने र भोलिपल्ट पतिसँग सम्बन्ध विच्छेदको मुद्दा दर्ता गर्ने गरेको पनि पाइएको छ । (कान्तिपुर दैनिक २०७२, साउन १०)

जिल्ला अदालत काठमाडौं महानगरपालिका प्राय दैनिक एक जोडी सम्बन्ध विच्छेदका लागि आउने गरेको पाइएका छन् । एक अध्ययनले श्रीमान र श्रीमती बिचको उमेरको ५ वर्षको अर्न्तर भयो भने सम्बन्ध विच्छेद हुने सम्भावना १८ प्रतिशतले बढ्दछ । जबकी १ वर्षको उमेर अन्तर हुदाँ सम्बन्ध विच्छेदको सम्भावना त्यति नै बढी हुन्छ जब लोग्ने स्वास्नी बिचमा १० वर्षको अन्तर हुन्छ डिभोर्सको सम्भावना ५४ प्रतिशत हुन्छ । न्यूयोर्क पोष्टका अनुसार २० वर्ष माथि अन्तर भएका दम्पतिहरुको सम्बन्धलाई दिगो बनाउनका लागि सन्तान प्राप्ति पनि महत्वपूर्ण विषय रहेको छ तर दुई मध्ये कुनै एक यस

विषयमा अनविज्ञ छ र सम्भावना उत्तिकै रहन्छ । सन्तान नभएका दम्पति भन्दा सन्तान भएका दम्पतिमा सम्बन्ध विच्छेद केहि हदसम्म कम हुन्छ भने दम्पतिहरुको बिचमा शैक्षिक स्तरको फरकपना, असमझदारी, घमन्डीपनले पनि सम्बन्ध विच्छेद हुन्छ । एक अध्ययनका अनुसार वैवाहिक जीवनमा एकले अर्कोलाई होच्याउने, गिराउने, उसको आत्मा सम्मानमा ठेस पुऱ्याउने, मानविय व्यवहार नगर्ने जस्ता कारणहरुले पनि सम्बन्ध विच्छेद बढ्दै गइरहेको देखिन्छ । त्यसैगरी महिलाहरु आफै स्वरोजगारी, आत्मनिर्भर भएका कारणले पनि सम्बन्ध विच्छेदका घटनाहरु दिनप्रतिदिन बढि रहेका छन् ।

यसरी हाम्रो समाजमा दिनानुदिन बढ्दै गइरहेका सम्बन्ध विच्छेदका घटनाहरुलाई कम गर्नुपर्छ भन्ने हाम्रो भनाई हो । तसर्थ यसलाई हामीले नकारात्मक तरिकाबाट भन्दा सकारात्मक तरिकाबाट बुझ्न जरुरी हुन्छ ।

# परिच्छेद - तीन

## अनुसन्धान विधि

### अनुसन्धान विधि

यस अध्ययनलाई मूर्त रुप प्रदान गर्न विशेष गरेर स्थलगत अध्ययन तथा विभिन्न अनुसन्धानकर्ता तथा लेखक, वकिल, पुस्तक, पत्रपत्रिका, टि.भी., रेडियो आदिलाई मुख्य आधार बनाउदै अनुसन्धानलाई अघि बढाएको छ । अनुसन्धानमा दुवै मात्रात्मक तथा गुणात्मक तथ्याहरुलाई प्राप्त गर्न अनुसन्धानको औपचारिक तरिकाले लुकेका तथ्यांकहरु तथा सम्बन्ध विच्छेद लिने महिलाहरुका कारण र परिणामहरुको आधारमा तुलनात्मक अध्ययन अनुसन्धान तथा विश्लेषणात्मक पद्धति समेत सहयोगद्वारा शोधकार्य पुरा गरेको छु । समाजसँग सम्बन्धित विषयवस्तु भएको हुँदा यसको मुख्य काठमाडौं राखेको छु ।

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययन अध्याय नितान्त सामाजिक परिवेशमा केन्द्रित रहेको हुनाले यस अध्ययनलाई उपयुक्त तवरले सम्पन्न गर्नका लागि काठमाडौंलाई अध्ययन स्थलको रुपमा लिइएको छु । महिलाहरुले किन सम्बन्ध विच्छेद गर्छन् र के कारणले सम्बन्ध विच्छेद हुन्छ र त्यसको परिणाम के हुन्छ भन्ने बारेमा अध्ययन भएतापनि गहिराईमा अध्ययन भएको पाइदैन । जसकारण मेरो अनुसन्धानले गहिराईसम्म पुगेर समस्याको समाधानको बाटो खोज्ने प्रयास गरेको छु ।

### ३.२ जनसंख्या र नमुना

हरेक अनुसन्धानात्मक अध्ययनको लागि तथ्याङ्कको आवश्यकता पर्दछ । कुनै पनि कार्य गर्दा समय, स्रोत साधन तथा विभिन्न कारणले गर्दा त्यो कार्य पुरा गर्न असम्भव हुन जान्छ । त्यसैले सम्पूर्ण इकाइबाट केहि प्रतिनिधि मुलक नमुनाको छनोट गरी अध्ययन अनुसन्धान गरिएको छ । नमुना छनोट विधिलाई सम्पूर्ण ठूलो समग्र स्वरुपको सानो प्रतिनिधिका रुपमा लिइन्छ भन्ने मान्यताबाट यो नमुना छनोटको प्रयोग गरिएको छ ।

नेपालको जनगणना २०६८ का अनुसार नेपालको कुल जनसंख्या २६,४९,४५०४ रहेको छ भने महिला र पुरुषको संख्या (लिङ्गको आधारमा) हेर्दा नेपालमा महिलाको संख्या प्रतिशत ५१.५० प्रतिशत (१३६४५४६३) रहेका छन् भने पुरुषको संख्या प्रतिशतमा ४९.५० प्रतिशत (१२८४९०४१) रहेको छ । यस तथ्यांकलाई हेर्दा नेपालको कुल जनसंख्यामध्ये महिला र पुरुषको तुलनामा महिलाहरुको जनसंख्या १ प्रतिशतले बढी रहेको पाइएको छ ।

जसमध्ये मैले मेरो यस अध्ययन अनुसन्धानमा अध्ययन क्षेत्रको रुपमा काठमाडौं जिल्लाको बारेमा अध्ययन गरेको छु । नेपालको राजधानि काठमाडौं जिल्लाको कुल जनसंख्या १७,४४,२४० रहेको छ भने यहाँ महिलाहरुको कुल जंख्या ८,३१,२३९ रहेका छन् भने पुरुषको कुल संख्या ९१३००१ रहेको छ । काठमाडौं जिल्लाका कुल जनसंख्या मध्ये महिला र पुरुषको तुलना गरी हेर्दा महिला भन्दा पुरुष बढि देखिएको छ तर यसरी जिल्लागत रुपमा हेर्दा पुरुष भन्दा महिलाको संख्या कम देखिए तापनि नेपालको कुल जनसंख्याको आधारमा महिलाहरुको संख्या बढी रहेको छ । मैले यस अध्ययनमा नमुना छनोटको रुपमा ३० जना महिला उत्तरदाताहरुलाई छानेको छु । जसमा १५ जना पुरुष र १५ जना महिला रहेका छन् । तिनीहरु  मध्ये ५ जना महिलाको वारेका  विस्तृती अध्ययन गरेको छु ।

## ३.३ तथ्यांकको स्रोत र प्रकृति

यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुवै प्रकारका स्रोतहरुबाट तथ्यांकहरु ल्याएको छ । एवम् सम्बन्ध विच्छेद कर्ताहरु उनका परिवारका सदस्यहरु र छिमेकका जान्ने बुझ्ने र उनीहरुका बारेमा थाहा जानकारी भएका व्यक्तिहरुसँग सर्म्पक राखी तथ्यांक संकलन गरिएको छ । द्वितीय तथ्यांक लेख, प्रकाशन, रचना, पुस्तक, पत्रपत्रिकाहरुलाई आधार मानि अध्ययन र्गरिएको छ । मैले मेरो यस शोधपत्रमा गुणात्मक तथ्यांकमा रहेर अनुसन्धान कार्यलाई अगाडि बढाएको छु र यो मात्रै नभएर मेरो अध्ययनमा तथ्यांक संकलन गर्दा मात्रात्मक तथ्यांक पनि राखेको छु ।

## ३.४ तथ्यांक संकलनका विधिहरु

अध्ययन र अनुसन्धानको सिलसिलामा विभिन्न स्रोत मार्फत विभिन्न किसिमका समाजशास्त्रीय तथ्यांक संकलनका विधिहरु अपनाइएका छन् । जुन निम्न बमोजिम रहेका छन् ।

### ३.४.१ प्रश्नावली साथै अन्तरवार्ता

सामाजिक अनुसन्धानका निम्ति प्रश्नावली र अन्तरवार्ता अति महत्वपूर्ण विधि हो । यस अध्ययनमा प्रश्नहरुको श्रृंखला निर्माण गरी उत्तरदाताहरु सक्षम  गरिएको छ । यस प्रश्नावलीको प्रमुख उद्देश्य यसको माध्यमबाट उत्तरदाताले प्रश्नमा उल्लेख गरे बमोजिमको उत्तर आफ्नै किसिमले आफै भन्ने वा लेख्ने हुँदा यथार्थ तथ्यको जानकारी बाहिर आउन सहयोग गरेको छ । अनुसन्धानको आवश्यकता अनुसार तथ्याङ्क संकलन गर्नका लागि अन्तर्वार्ता आवश्यकता पर्ने हुनाले सम्बन्धित परिवारका सदस्यको धारणा, पारिवारिक पृष्ठभूमि, धर्म, संस्कार, रितिरिवाज, चालचलन, दैनिक क्रियाकलाप तथा प्रत्यक्ष कुराकानी आवश्यक ठानि अर्न्तवार्ता लिइएको थियो । यसरी अर्न्तवार्ता लिने क्रममा सम्बन्धित व्यक्तिहरुसँग प्रत्यक्ष सम्पर्कमा रहि अर्न्तवार्ता लिइएको थियो । यसै क्रममा सम्बन्धित पिडितहरुसँग मात्र अर्न्तवार्ता नलिई उनीहरुका परिवार, वकिल, संचारकर्मी, छरछिमेकीसँग पनि अर्न्तवार्ता लिइएको थियो र समय परिवेश र अवस्था अनुसार उत्तरदाताहरुसँग वा अर्न्तवार्ताकर्ताहरुसँग समस्याको अति जडसम्म पुगी भित्री कुराको जानकारी लिइएको थियो ।

### ३.४.२ अवलोकन

सम्बन्ध विच्छेद नितान्त निजि जीवनका भोगाइ र अनुभवमा आधारित हुने हुनाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अवलोकन गरेर सम्बन्ध विच्छेदका कारण र परिणाम बारेमा उपलब्ध तथ्यहरुलाई प्रमाणित गर्न सहयोग पुऱ्याउने तथ्यांकहरु संकलन गरिएको छ । यस क्रममा सम्बन्ध विच्छेद गर्ने पिडितहरुको जीवनशैली, कार्यशैली, सम्बन्ध विच्छेद पछाडि महिलाहरुलाई गर्ने व्यवहार, समाजले उनिहरुलाई हेर्ने दृष्टिकोण, आचरण बारेमा सत्यतथ्य कुरा पत्ता लगाउने प्रयास गरिएको छ । यस अध्ययनको सिलसिलामा अनुसन्धानकर्ता आफू स्वयम् कतिपय ठाउँमा सहभागि भई अनुसन्धान गरिएको छ ।

### ३.४.३ वैयक्तिक अध्ययन

सम्बन्ध विच्छेद जस्तो वैयक्तिक जिवनसँग सम्बन्धित विषयहरुको अध्ययनको लागि अर्न्तवार्ता, अवलोकनका साथसाथै वैयक्तिक अध्ययन पनि एउटा उत्तर विधि हो । यस अध्ययनमा नमुना सर्वेक्षण विधिलाई नै प्रमुख विधिको रुपमा अवलम्बन गरिएकोले नमुनाको आकार भित्र परेको घटनाको व्यापक विश्लेषण गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा सम्बन्धित क्षेत्रको स्थलगत अध्ययन सम्बन्धित पक्षसँग भेटघाट अवलोकन गरी सम्बन्ध विच्छेद कर्ताको वैयक्तिक अध्ययनलाई समेटेको छ । यस वैयक्तिक अध्ययनको क्रममा १० जनासँग क्रमश भेटी उनीहरुले घरपरिवारसँग कस्तो व्यवहार गर्दछन् । छरछिमेकसँग कस्तो सम्बन्ध छ, परिवारको व्यवहार, इष्टमित्रसँग उनको व्यवहार, विद्यालयमा देखाउने व्यवहार, साथीसंगी, शिक्षकसँग उनको व्यवहार बारे प्रत्यक्ष अवलोकन गरी यो अध्ययन पुरा गरेको छु । यस विधिको प्रमुख उद्देश्य नै कसरी किन, के कति कारणले विवाह गरी सम्बन्ध विच्छेद भयो भन्ने बारेमा सुक्ष्म तथा विस्तृत अध्ययन गर्नु हो । यस पद्धतिमा खास गरेर गुणात्मक पक्षको तथ्यहरुको अध्ययन गरिन्छ ।

### ३.४.४ जानकार व्यक्तिसँगको अन्तवार्ता

समाजका अग्रज व्यक्तित्व सम्बन्धित विषयसँग शोधपत्र तयार गर्ने क्रममा लिइएको अन्तरवार्ता यस विषयमा उल्लेख गरेकी छु । समाजका अग्रज व्यक्तित्वहरु जस्तै : वकिलहरु, समाजशास्त्रीहरु, सामाजिक कार्यकर्ताहरु, छरछिमेकीहरु, महिला, सेलका कर्मचारीहरु, शिक्षकहरु विभिन्न सरोकारवालाहरु, संघसंगठनका व्यक्तित्वहरुसँग यस प्रकारको अन्तरवार्ता लिएकी थिए । यस अन्तरवार्ताबाट सम्बन्ध विच्छेद पछि महिलाहरुले भोग्नुपरेका मानसिक, शारीरिक यातना र त्यसको परिणाम कस्तो रहेको छ ? उनीहरुले सहनुपर्ने परिवार, समाजको व्यवहार लगायत विभिन्न परिस्थितिबाट भोग्नु परेका कारणहरुको विस्तृत विवरण लिएको थियो । अर्न्तवार्ता अनुसुचिबाट आमनेसामने रही लिएको थियो । अन्तरवार्ताको क्रममा उनीहरुले आफूले भोगेका दुःखहरु व्यक्त गर्दा तपक आशु पनि झारेका थिए भने कतिपयले वनावटी अर्न्तवार्तामा कुराहरु गरेका सम्म पाएँ । कतिले आफ्नो भित्री कुरा खोल्न नै चाहने जति प्रयास गर्दा पनि खोलेन । आफ्नो मनको भित्रीहरु जसका लागि मेरो अनुसन्धान गहिराईसम्म पुगेर घटना विवरणलाई बाहिर ल्याउने र न्याय दिने प्रयास गरेको छु ।

### ३.४.५ द्वितीय तथ्यांक संकलन विधिहरु

तथ्यांक संकलनका लागि प्राथमिक तथ्यांक संकलन पश्चात द्वितीय तथ्यांक संकलन गरिएको छ । यस अन्तर्गत लाइब्रेरी अध्ययन विभिन्न संघसंस्था, अनुसन्धानकर्ताबाट भएका अनुसन्धानका पुस्तक, लेख, रचना, आर्टिकल, शोधपत्रका आधारमा उनिहरुको अवस्थाको जानकारी लिएको छु ।

## ३.५ तथ्यांक प्रशोधन, विश्लेषण र प्रस्तुतिकरण

विभिन्न स्रोतहरुबाट संकलित तथ्यांकहरुलाई जातिगत, उमेरगत, जोडी चयनका प्रक्रिया विवाहका प्रकार आदि अवस्था मिलाई सम्बन्ध विच्छेदको अवस्थालाई विभिन्न तालिकामा तालिकिकरण गरिएको छ भने गुणात्मक प्रकृतिका तथ्यांकहरुलाई आवश्यक अनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.६ अध्ययनको सीमा

हामी कुनै पनि कार्य गर्दा समय, रेखा समय अवधि निश्चित तोकिएको हुन्छ । यिनै समय स्रोत र साधनको सिमितताका कारण नै अध्ययन अनुसन्धानमा विभिन्न सिमाहरु खडा भएका हुन्छन् । यो अध्ययनको क्षेत्र काठमाडौं महानगरपालिका भित्र भएका सम्बन्ध विच्छेद लिने महिलाको कारण र परिणामहरुको बारेमा सिमित रहेको छ । यो अध्ययन काठमाडौंमा भएका सम्बन्ध विच्छेदका  घटनाहरुमा मात्र सिमित गरेको छु । यो अध्ययन समाजशास्त्र, मानवशास्त्र विषयको स्नातकोत्तर तहको उपाधिको आंशिक परिपूर्तिका लागि भएकोले साधन स्रोत समयको अभावले विस्तृत रुपमा अध्ययन हुन  सक्दैन ।

## ३.७ अध्ययन अनुसन्धानको औचित्य

हाम्रो समाज हिन्दु धर्ममा अवलम्बन गर्ने अधिकांशमा महिलामाथि पुरुषका एकल दमन रहेको छ । त्यसैले पितृसत्ताद्वारा निर्माण गरिएका सबै सामाजिक संरचना, मुख्यमान्यता नितिनियम आर्दश प्रथा, राजनिति शक्ति अधिकार अन्त्य गरी सिंगो स्वतन्त्रता महिला संसारको निर्माण गर्न आमूल नारीवादको आवश्यक छ । नेपाली समाज अझ पनि त्यति विकसित भइसकेको समाज होइन । विस्तारै पाश्चात्य मुलुकहरुको सिको गर्दै अगाडि

बढीरहेको अवस्थामा नेपाली चेलीहरु स्वतन्त्रताको आभास गर्न थालेका छन् । नारीहरुको हक अधिकार कानुन बनेतापनि त्यसको कार्यान्वयन भने नभएकोले नारीहरुले कतिपय ठाउँमा स्वतन्त्रताको आभास सम्म पनि गर्न पाइरहेका छैनन् । मैले यस अध्ययनमा काठमाडौं जिल्ला भित्र रहेर अनुसन्धान गरेको भए पनि अन्य जिल्ला जहाँ सम्बन्ध विच्छेदका घटनाहरु ज्यादा घटेका छन् । त्यस्ता घटनालाई यस अध्ययनमा राखेको छु । अन्य जिल्ला सम्म पुग्न सामर्थ्य नभएकाले इमेल, इन्टरनेट, फ्याक्स मार्फत विवरण लिएको छु । यो मात्र आंशिक परिपूर्तिका लागि भएकोले सामर्थ्य नभएकाले ठाउँमा साथीहरु मार्फत र अन्य साथीहरु मार्फत सम्बन्ध विच्छेदको तथ्यांक लिएको छु । खासगरी म वकिल, अदालत, पुलिस, सम्बन्ध विच्छेद गरेका महिला समाजका व्यक्तित्वहरु अन्य सम्बन्धित निकायमा पुगेको छु । बदलिदै गइरहेको समाज उच्च प्रविधि परिवर्तित समाज, सँस्कृति, परिवेशसँगसँगै विकासका नाममा आधुनिकिकरणको प्रभाव गलत र सहि दुवै पक्षबाट हेरेको छु । महिलाहरुमा किन के कारणले सम्बन्ध विच्छेद हुन्छ भन्ने समस्याहरुको समाधान खोजेको छु । र महिलाहरु स्वयम् पनि जुन कुनै स्तरमा सक्षम बनाउने पहल मेरो अनुसन्धान र अध्ययनमा रहेको छ ।

## ३.८ तथ्यांक संकलनको क्रममा आई परेका कठिनाईहरु

सात जन्म साथ जिउने कसम खाएर विवाह बन्धनमा बाधिन्छन् । महिला र पुरुष तर किन सात वर्ष पनि नपुग्दै सम्बन्ध विच्छेद हुन पुग्छ । पछिल्ला वर्षहरुमा सम्बन्ध विच्छेद सामान्य जस्तै बनेको छ । त्यसैले विवाह एक जन्मको सम्बन्ध पनि बन्न सकेको छैन आजकल । बदलिदो सामाजिक परिवेशसँगै हाम्रो समाज सम्बन्ध विच्छेद गर्नेहरुको संख्या पनि बढ्दै गएको छ । आर्थिक, सामाजिक र जातविशेषको कारणले गर्दा अदालतमा सम्बन्ध विच्छेद गर्ने आउने देखि बिदेशमा जानको लागि कागजी विवाह गर्ने चलनले समेत विवाह रद्द गर्ने, सम्बन्ध विच्छेद गर्नेहरुको संख्या बढी भएको छ । कुनै समय यस्तो थियो समाजले सम्बन्ध विच्छेदको शब्दलाई अपवित्र भन्दथियो र यसको कल्पना गर्न समेत सक्दैन थियो, आम मानिसले । तर अहिले सामान्य रुपमा लिन थालिएको छ सम्बन्ध विच्छेद लाई । बढ्दो शहरीकरण र पश्चिमी सँस्कृतिको देखासिकि र कानुनी उदारताले नयाँ पुस्तामा सम्बन्ध विच्छेद गर्नेहरुको आकडा दिनानुदिन बढ्दै गइरहेको छ ।

प्रारम्भमा त सम्बन्ध विच्छेदको बारेमा तथ्यांक संकलन गर्ने, अन्तरवार्ता लिने भनेपछि लिष्ट तयार गर्न लाइबेरी अनुसन्धान गरे । त्यसपश्चात मेरो शोधपत्रसँग सम्बन्धित जानकार व्यक्ति, संघसंस्था, अदालत लगायतका ठाउँमा जाने निर्णय स्वरुप, पहिलो दिन म त्रि.वि. को पुस्तकालयमा गए र यस विषयसँग सम्बन्धित शोधपत्र खोजी गर्न निकै कठिनाई भयो र विभिन्न पत्रपत्रिकामा प्रकाशित घटनाहरुलाई हरेर शोधकर्ता स्थलगत अध्ययनको शुरुवातमा काठमाडौंमा भएका सम्बन्ध विच्छेदका घटनाहरु सरकारी तथा गैरसरकारी संस्था, पुर्नस्थापना केन्द्रसम्म पुगियो । सुरुवातमा Cwin मा गएर सम्बन्ध विच्छेद गर्ने महिलाहरुको तथ्यांक लिएर आए । त्यसपछिका प्रक्रियाहरुमा काठमाडौं जिल्ला अदालतमा पुगेपछि त्यहाँबाट तथ्यांक संकलन भयो, त्यसैगरी हनुमान ढोका पुलिस महिला सेल, Uniced, child, rich Nepal, बालाजु पुलिस, महिला सेल, सञ्चारमाध्यमहरु जस्तै कान्तिपुर, टि.भी, क्राइम बिट, सगरमाथा टि.भी. त्यसैगरी राजनितिक कर्मीहरु, सांसद, सिन्धु, बुढाथोकी, कृष्णभक्त पोखरेल, लगायतका राजनितिक कर्मीसँग भेट गर्ने क्रममा कठिनाईका बाबजुद पनि अन्तरवार्ता लिन सफल भएको छु । त्यसैगरी सामाजिक कार्यकर्ताहरु, विश्लेषकसँगको भेट गर्न कठिनाई भए पनि राजनितिक, सामाजिक कार्यकर्ताहरुले दिइएको प्रश्नका उत्तर कतिपय विवादस्पद देखियो । त्यसैगरी काठमाडौंमा मात्र नभई अन्य ठाउँमा पनि घटनाहरुको विस्तृत रुपमा शोधपत्रमा खुलाएको छु । यद्यपि यस शोधपत्रका लागि आवश्यक तथ्यांकहरु लिएको छु । जसमा प्राथमिक तथ्यांक बढी छन् भने द्वितीय तथ्यांकहरु पनि आवश्यकता अनुसार दिइएको छु । तथ्यांक संकलन गर्ने क्रममा केहि कठिनाइहरु परेपनि प्राथमिक तथ्यांकहरु बढी विश्वसनिय हुने हुँदा मेरो शोधपत्रमा विश्वसनियकता बढी छ भन्ने बुझिन्छ ।

# अध्याय - चार

## सम्बन्ध विच्छेद गर्ने महिलामा पर्ने शारीरिक मानसिक, सामाजिक, आर्थिक, साँस्कृतिक अवस्था

सम्बन्ध विच्छेद आफैमा अपराध होइन तर यसलाई अपराध जस्तै संज्ञा दिनु हामी स्वयंमको कमजोरी हो । सम्बन्ध विच्छेद गरीसकेपछि महिलाको समाजले हेर्ने दृष्टि बदल्न सक्नु हामी हाम्रो कमजोरी हो भन्नु भन्दा पनि यस्ता कमजोरी सुधारात्मक बाटो तर्फ सचेतनाको विकास गर्नु हाम्रो दायित्व हुन आउँछ । नेपालमा हुने सम्बन्ध विच्छेद र अन्तराष्ट्रिय स्तरमा हुने सम्बन्ध विच्छेद भने फरक छन् । नेपालमा हुने सम्बन्ध विच्छेदको तुलनामा अन्तराष्ट्रिय स्तरमा हुने सम्बन्ध विच्छेदका घटना र हेर्ने दृष्टिमा आकासपातालको फरक छ । हविड विश्वविद्यालयले गरेको एक अध्ययनका अनुसार सबैभन्दा कम सम्बन्ध विच्छेद हुने राष्ट्र एसियाली राष्ट्रहरु हुन् ।

विश्वको परिपेच्छमा हेर्ने हो भने पनि एसियाली राष्ट्रहरुमा कम सम्बन्ध विच्छेद हुने भन्दाभन्दै पनि पछिल्ला समयमा एसियाली मुलुकमा पनि यसको दर वृद्धि भइरहेको देखिन्छ । तथ्यांक संकलनको कममा मैले मेरो शोधपत्रमा २०६८ सालदेखि २०७२ असार सम्मको घटना विवरणलाई तथ्यांकद्वारा प्रस्तुत गरिएको छ । यस्ता घटना प्रायगरी कस्ता परिवारमा घटेका छन् ? प्राय गरेर कति उमेरका महिलाले बढी मात्रामा सम्बन्ध विच्छेदगरेका छन् ? कानुनी व्यवस्था कार्यान्वयन पक्षको काम कारर्वाही विभिन्न सरोकारवाला निकायहरुको राय विचार जस्ताको त्यस्तै यस अध्ययनमा प्रस्तुत गरिएको छ । शोधकर्ता आफैंले अध्ययनका लागि समग्र घटना संख्याको २५ प्रतिशत मध्येबाट ३० जना महिलाहरुबाट ५ जनालाई उत्तरदाताको रुपमा छुट्याई तथ्यांक संकलन गरी शिर्षक अनुसार तालिककिकरण गरिएको छ । अर्न्तवार्ताको क्रममा सम्बन्ध विच्छेद गर्ने महिला वकिलहरु पिडित महिलाको घरपरिवारहरु, मनोविश्लेषकहरु, सरकारमा रहेका जिम्मेवार व्यक्तित्वहरु लगायतका व्यक्तिहरुसँग प्रत्यक्ष कुराकानी गरेर ल्याएका तथ्यांकहरु यस अध्ययनमा प्रस्तुत गरेकी छु ।

## ४.१ अध्ययन क्षेत्रको परिचय

नेपाललाई बहुभाषिक, बहुसस्‌कृति, बहुधार्मिक देशको रुपमा चिनिन्छ । नेपालको राजधानि काठमाडौं हो । यहाँ १४ अञ्चल ७५ जिल्लाका मानिसहरु आफ्नो आवश्यकता पुरा गर्न, रोजगारी गर्न, पढ्नका लागि आफ्नो सपना, इच्छा आंकाक्षा पुरा गर्न आफ्नो ठाउँ अस्थायी वा स्थायी रुपमा छोडी आएर बसेका छन् । कतिका सपना पुरा हुन्छन् त कतिका सपना पुरा गर्नका लागि यहि शहरमा रुमिलिरहेका छन् ।

नेपालको राजधानि काठमाडौंको कुल जनसंख्या १७,४४,२४० रहेको छ र यसमध्ये महिलाहरुको संख्या ८३१२३९ छन् भने पुरुषको संख्या ९१३००१ रहेको जनगणनामा उल्लेख छ तर काठमाडौं जिल्लामा महिला र पुरुषको जम्मा गरी हेर्दा महिला भन्दा पुरुषको संख्या बढी देखिएको छ । काठमाडौं मानिसहरुको सपनाको शहर भएको छ । यहाँ उनीहरुको सपना पुरा गर्न आफ्नो गाउँ समाज र परिवार छोडी अस्थायी बसोबासको लागि यहाँ आएर बसेका हुन्छन् । काठमाडौंमा बाहिर बसाइँ सर्ने १३६१६९ छन् भने बसाई सरेर आउने १०८२५९५ रहेको छ । हालको अवस्थामा बाहिर बसाई सर्ने ३.७ र बसाई सरेर आउने २९.२ रहेको छ । यसरी माथि उल्लेखित संख्याबाट प्रमाणित हुन्छ कि नेपाल अधिराज्यमा भएको जनसंख्याको तुलनामा महिलाको संख्या अत्याधिक रहेतापनि काठमाडौंमा भने पुरुषको संख्या बढि रहेको छ । यस्तो जनसंख्या जहाँ पुरुषको संख्या तुलनात्मक रुपमा बढी हुँदा महिलाहरुमा हुने महिला हिंसा, दमन, शोषण, अत्याचार बढी भएको छ । काठमाडौं जस्तो सुविधा सम्पन्न ठाउँमा विभिन्न किसिमका घटनाहरु घटिरहेका छन् । जसले महिलाहरुलाई पिल्सिएर बस्न बाध्य बनाएको छ, राजधानि जस्तो ठाउँमा पनि ।

नेपालको कुल जनसंख्या मध्ये काठमाडौंको कुल जनसंख्या १७,४४२४० मध्ये सम्बन्ध विच्छेद गरेका दम्पतिको संख्या १७० छ । त्यसै गरी ललितपुरमा सम्बन्ध विच्छेद गर्नेको संख्या १०६ छ भने भक्तपुरमा १४ जना छन् । जसमध्ये अन्य जिल्लाको तुलनामा सुर्खेतमा १८२ जना दम्पतिले सम्बन्ध विच्छेद गरेका छन् । त्यसरी दिनप्रतिदिन सम्बन्ध विच्छेद गर्ने दम्पतिहरुको संख्या २०७१ सालको तुलनामा दोब्बरले बृद्धि भइरहेको छ ।

## ४.२ सम्बन्ध विच्छेद महिला, परिवार र समाज

पछिल्लो समयमा सम्बन्ध विच्छेद गर्नेको संख्या अघिल्ला वर्षहरुमा भन्दा दोब्बरले वृद्धि भएको देखिन्छ । समाजका हरेक इकाइमा आएको परिवर्तनले गर्दा नै सम्बन्ध विच्छेदको दर वृद्धि भएको हो भन्नुहुन्छ विश्लेषक सपना प्रधान मल्ल । सम्बन्ध विच्छेद ले मात्र एउटा परिवारमा खलबल नपुराई पुरै समाजको संरचनालाई खलबल पुऱ्याउँछ । नेपालको एक अध्ययनका अनुसार विगत २ वर्ष यता ४२% महिलाले आपसी समझदारीमा डिभोर्स गरेको पाइयो । वर्तमान अनुसन्धानमा सम्बन्ध विच्छेद का मामलाहरु ६३% परेका छन् । जसमा ३५% प्रेम विवाह परेका छन् । विकसित समाजका सामाजिक प्राणी हामी कसैको करकाप दवावमा रहन चाहदैनौं । यस्तै स्वतन्त्रता चाहनाले पारपाचुकेमा वृद्धि भइरहेको छ । पछिल्लो एक दशक यता बढ्दो बिदेशिने क्रम, महिला जागरुकता, सशक्तिकरणले गर्दा महिलामा परिवर्तन र आत्मनिर्भरताको कारणले पनि पारपाचुकेमा वृद्धि आइरहेको छ । फलस्वरुप परिणाममा सम्बन्ध विच्छेद ले सम्बन्ध विच्छेद लिने महिला र उनको परिवारको मानसिक अस्वस्थता बढाइरहेको देखिन्छ भने अर्कातर्फ समाजको साँस्कृतिक पक्षहरु सकारात्मक र नकारात्मक दुवै तर्फ असर परेको देखिन्छ ।

## ४.३ शारीरिक तथा मानसिक अवस्था र सम्बन्ध विच्छेद

हाम्रो नेपाली समाजमा सम्बन्ध विच्छेद भएपछि महिलाहरुको अवस्था साह्रै दयनिय रहेको पाइएको छ । उनीहरुले हरेक किसिमको समस्याहरु भोग्नु परेको पाइयो । सम्बन्ध विच्छेद भएकी महिलालाई हरेक पक्षबाट घृणा, नराम्रो व्यवहार गरिन्छ । जसले गर्दा उनीहरुमा मानसिक तथा शारीरिक तनाव हुन पुग्दछ र उनीहरु डिप्प्रेसन, टोलाउने, बिरामी पर्ने, रिसाउने, नबोल्ने जस्ता मानसिक स्थिति कमजोर भएको पाइएको छ । उनीहरुले कुनै पनि काम नगर्ने, कसैसँग धेरै नबोल्ने, कसैको सम्पर्कमा नआउने, एक्लै बस्ने जस्ता समस्याहरु देखा पर्दछ । सम्बन्ध विच्छेद लिएपछि उनिहरुलाई बढी मात्रामा डिप्प्रेसन, टेनसन भई मानसिक तनाव बढेको पाइएको छ । श्रीमानले जाँड रक्सीको मातले उन्मत भई वा नशालु पदार्थ नखाइकन पनि आफ्नो श्रीमतीलाई कुटपिट गर्ने, तुक्ष्छ व्यवहार गर्ने, मानसिक यातना दिने जस्ता कारणहरुले गर्दा वैवाहिक सम्बन्ध टुट्न पुगेको पाइयो र श्रीमतीहरुलाई कुटपिट गरी शारीरिक यातना दिएको पनि धेरै पाइयो । र जसले गर्दा सम्बन्ध विच्छेद भएका छन् । जब सम्बन्ध विच्छेद हुन्छ सम्बन्ध विच्छेद महिला यदि

बेरोजगार छ भने ऊसँग कुनै पनि आर्थिक उपार्जनको बाटो छैन भने आफूलाई निरिह ठान्दछिन् । परिणाम स्वरुप उनको शारीरिक र मानसिक अवस्थामा नकारात्मक असर पर्छ भने जससँग अर्थउपार्जनको कुनै पनि स्वरोजगार मूलक सिपको व्यवस्था छ भने सम्बन्ध विच्छेद लाई सकारात्मक ढङ्गले लिन सकिन्छ ।

## ४.४ सामाजिक, साँस्कृतिक अवस्था र सम्बन्ध विच्छेद

सम्बन्ध विच्छेद व्यक्तिगत घटना भएपनि अन्ततोगत्वा यो सामाजिक घटना हो । विवाहद्वारा नै कुनै दम्पति बिच वैवाहिक सम्बन्ध कायम रहिरहेको अवस्थामा सामाजिक इकाइका विभिन्न पक्षहरुको प्रकार्यात्मक सम्बन्धमा तालमेल नमिल्दा दाम्पत्य जिवनमा अवरोध आउँछ । लैङ्गिक समानताको ठूलो उदाहरणको रुपमा रहेको थाइल्याण्डमा महिलाहरुको स्थिति उच्च रहेको मानिन्छ । जहाँको मौसम तथा समान भूमि वितरण देशमा युद्धको त्रास न्यून रहनु, पुरुष दमन कम हुनु, धेरै ठाउँमा भूमि अधिकार छोरीमा निहित हुनु र पुरुषहरु समेत घरायसी कार्यमा रहनु जस्ता कारणले गर्दा महिलाको स्थिति उच्च रहेको छ । जसकारण पनि उनिहरुमा हिंसा कम हुन्छ । थाइल्याण्ड युनिभरसिटिले गरेको एक अध्ययनका अनुसार देश भरमा जम्मा १५% मा महिला हिंसा २.५% मा मात्र सम्बन्ध विच्छेद घटना घटेको पाइयो । जसबाट पनि प्रष्ट हुन्छ कि महिलाहरु सक्षमता, आत्मानिर्भरता, शिक्षा, पहुँच, सम्पतिको समान अधिकार ऐन कानुनी व्यवस्था जस्ता विभिन्न कारणले गर्दा पनि यस्ता घटनाबाट रोकिन सकिन्छ । (स्लेक्टर एण्ड कार्वो २०००, पशुक एण्ड वाटक १९९८) विशेषत नेपालका ग्रामिण क्षेत्रका तुलनामा शहरी क्षेत्रमा बढी सम्बन्ध विच्छेदका घटनाहरु घटेको देखिन्छ । नेपाल आधुनिकितर्फ फड्को मारेको अवस्था भएपनि विश्वकै महिलाहरुको स्थितिमा नेपाली महिला हरेक पक्षमा अझ पछाडि छन् । अझ नेपालको सन्दर्भमा कुरा गर्नुपर्दा राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक आदि क्षेत्रमा पुरुषको हैकमवाद र तल्लो दर्जामा राखिने नितिनियम निर्माण गर्दा पनि पुरुष मानसिकताको हावी भएका कानुन निर्माण गर्ने महिला अधिकार, स्रोत साधन माथि समेत उनीहरुकै नियन्त्रणमा रहने कारणले पनि महिलाहरुलाई कमजोर बनाइएको हुन्छ । के सपना प्रधान मल्ल, विद्या भण्डारी हृदयत त्रिपाटी, कृष्णभक्त त्रिपाटी, गणेशमान गुरुङ्ग, सिन्धु बुढाथोकीका घरपरिवारमा सम्बन्ध विच्छेदका घटना घटेका छन् त ? जसका कारण

पनि हामी स्पष्ट रुपमा भन्न सक्छौ की जब महिला आफै सक्षम हुन्छिन्, आर्थिक अवस्था मजबुद हुन्छ तब पुरुष दमन, शोषण, हिंसा जस्ता महिला शोषण हुँदैनन् ।

इतिहासका पाना पल्टाएर हेर्ने हो भने पुरुष प्रधान सभ्य समाजमा छोरी जन्मिए भने टाउको दुखाईको विषय बनाइ थियो । हरेक स्थानमा छोराकै महत्व रहन्थ्यो । छोराप्रति हिन्दु धर्म र दर्शन निकै कठोर देखिन्छ । परापूर्वक कालबाट नै महिला हिंसा हुँदै आएको इतिहासमा उल्लेख छ । जब महिलाले सम्बन्ध विच्छेद गर्छिन समाजको दृष्टिमा कमजोर घृणित र उनकै गल्ती ठहराइन्छ । समाजका हरेक व्यक्तिले उनलाई कमजोर उपेक्षित भाव प्रकट गर्छन् । जब कि उनलाई हरेक प्रकृतिबाट दवाव र समस्या आइपरेको हुन्छ । अझ हाम्रो जस्तो अविकसित मुलुकमा भरखरै विकासको गतिमा पाइला चाल्दै गरेको समाजभित्र त अझ पश्चिमा संस्कृति ग्रहण, प्रविधिको दुरुपयोगले गर्दा हाम्रो समाजमा महिलालाई सम्बन्ध विच्छेद भएको दाबि गर्दछन् । हाम्रो समाजमा नारीलाई पवित्रताको दृष्टिले हेर्ने देवीको रुपमा लिने, उच्च सम्मान भाव गर्ने परम्परा संस्कृति थियो । हाल आएर विकासको नाममा धर्म, मुल्यमान्यता, सँस्कृतिलाई पैतालामुनि राखी स्वतन्त्रताको नाममा अकल्पनिय घटनाहरुलाई भित्रयाइएको दुभाग्य, विवशता हामी समक्ष छन् । यस्ता अवस्था मुल्यमान्यता संरचना जसले एक अर्काप्रति सद्भाव, सम्मान, बचाई राख्छन् । त्यस्ता सँस्कृतिलाई रुढिवादी भनिनु हुँदैन । यदि इतिहासले धर्म कानुनले हामीलाई वाह्य राख्न उच्च सम्मानका साथ सुरक्षित राख्छ भन्ने त्यस्ता परम्परालाई रुढिवादी भन्दै स्वतन्त्रताको नाममा हिंसा सम्बन्ध विच्छेद जस्ता जघन्य आपाराधिक घटनालाई मौका दिनु हुँदैनन् ।

परिणाम स्वरुप समाजमा यस्ता किसिमका घटनाहरुलाई बढावा दिदैं जाने हो भने हाम्रो सामाजिक साँस्कृतिक धरोहर नै धरापमा पर्ने देखिन्छ । पश्चिमीकरण भित्रिरहेको बेलामा पश्चिमाहरुलाई सम्बन्ध विच्छेद सहज मानिरहँदा यहि संस्कार हिन्दु समाजमा अभान्नछनिय देखिन्छ ।

### ४.४.१ २०६४/०४/०१ देखि २०७२/०३/१५ सम्मको देशभर भएका सम्बन्ध विच्छेदका घटनाहरुको तथ्यांक

२०६८ देखि निरन्तर रुपमा सम्बन्ध विच्छेदका घटनाहरु बढ्ने क्रम जारी छ । काठमाडौं जिल्ला भित्र पनि अन्य जिल्लाका तुलनामा सम्बन्ध विच्छेदका घटनाहरु क्रमश

बढ्दै गई रहेको तथ्यांकमा उल्लेख छ । २०६८ देखि ७२ सम्ममा सबैभन्दा बढी २०७१ सालमा भएको देखिन्छ ।

टोपबहादुर सिंहको (२०३८) को कानुनी शब्दकोष अनुसार विवाह विच्छेद भन्नाले अदालतको फैसलाद्वारा या त पूर्णतया बैवाहिक सम्बन्ध भङ्ग गरी वा पक्षकाहरु बीच जहाँसम्म सहवासको सम्बन्ध छ त्यसको प्रभाव निलम्बित गरी लोग्ने स्वास्नीको पृथकीकरण हो ।

**तालिका १: २०६४/०४/०१ देखि २०७२/०३/१५ सम्मको देशभर भएका सम्बन्ध विच्छेदका घटनाहरुको तथ्यांक**

| क.सं. | घटना मिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | २०६८ | ३४९ | १०.३२ |
| २. | २०६९ | ५५० | १७.८३ |
| ३. | २०७० | ७०० | २१.५० |
| ४. | २०७१ | १०८० | ३३.२० |
| ५. | २०७२ | ५६० | १७.१५ |
| जम्मा | | ३,२३९ | १०० |

स्रोत : काठमाडौं जिल्ला अदालत, २०७२

काठमाडौं जिल्ला अदालतबाट लिइएको तथ्यांकलाई हेर्दा २०६८ देखि २०७२ सालको सम्बन्ध विच्छेदको घटनालाई हेर्दा वर्षेनी वृद्धि हुदै गइरहेको छ । २०६८ सालमा सम्बन्ध विच्छेद गर्ने महिलाहरुको संख्या ३४९ (१०.३२)  रहेको पाइएको छ । त्यसैगरी २०६९ सालमा ५५० (१७.८३)रहेको छ भने २०७० सालको सम्बन्ध विच्छेदको संख्या ७०० (२१.२०) पुगेको छ । त्यस्तैगरी २०७१ सालमा सम्बन्ध विच्छेद गर्ने महिलाहरुमा धेरै वृद्धि भई १०८० (३३.२०) पुगेको छ र २०७२ साल असार सम्मको संख्या ५६० (१७.१५) रहेको छ । यसरी सम्बन्ध विच्छेदको घटनालाई हेर्दा १/१ वर्षको तुलनमा वृद्धि भइ रहेको छ ।

सामाजिक संरचनाको बलियो खम्बाको रुपमा विवाह र परिवार धेरै अगाडि देखि सृजित र विकसित हुँदै आएका छन् । धेरै पहिलादेखि महिलासँग विनारोकतोक यौन सम्बन्ध राख्ने, शुरुको अवस्थामा यौन सम्बन्ध अनियन्त्रित थियो । मानवमा यौन सम्बन्ध स्वतन्त्र र

छाडा रुपमा पशु समान थियो । जंगली र प्राकृतिक अवस्थाबाट मानव सभ्यता र साँस्कृतिक युगमा परिवर्तन भएपछि स्वतन्त्र र स्वच्छन्द रुपमा हुँदै आएको यौन सम्बन्धलाई व्यवस्थित गर्न विवाह संस्थाको जन्म भयो । विवाहबाट नै परिवारको सिर्जना भयो जसले सिंगो समाजको स्वरुपलाई अगाडि बढाउदै सामाजिक र साँस्कृतिक निरन्तरतालाई कायम राख्छ । तसर्थ जब एउटा समाजको सामाजिक साँस्कृतिक आर्थिक र राजनैतिक संरचनाबारे अध्ययन गर्नुपर्छ भने परिवारलाई केन्द्रबिन्दुमा राखी अध्ययन गर्नुपर्छ । यसरी परिवालाई अध्ययन गर्ने क्रममा त्यहाँ विचलन ल्याउन सम्बन्ध विच्छेद ले पनि ठूलो भूमिका खेल्छ ।

### ४.४.२ २००१ देखि २०११ सम्म काठमाडौंका शहरी तथा ग्रामीण क्षेत्रमा सम्बन्ध विच्छेद हुने महिलाहरुको संख्या तथ्यांक

प्रस्तुत तथ्यांक अनुसार काठमाडौंका शहरी तथा ग्रामिण क्षेत्रमा सम्बन्ध विच्छेद हुने महिलाहरुको अवस्था कस्तो थियो भन्ने बारे प्रस्तुत तथ्यांकमा प्रष्ट उल्लेख गरिएको छ ।

**तालिका नं. २: २००१ देखि २०११ सम्म काठमाडौंका शहरी तथा ग्रामीण क्षेत्रमा सम्बन्ध विच्छेद हुने महिलाहरुको संख्या तथ्यांक**

| क.सं. | उमेर | शहरी क्षेत्र | | ग्रामीण क्षेत्र | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष |
| १. | १६-२० | ६.१५ | ४.२५ | ३.३० | २.२२ |
| २. | २१-२५ | ९.१० | ५.२४ | ४.२० | ३.२२ |
| ३. | २६-३० | १५.१५ | १०.२० | ६.२५ | ५.५० |
| ४. | ३१-३५ | १० | ४.३० | ५.५० | ४.३५ |

स्रोत : काठमाडौं जिल्ला अदालत, २०७२

२००१ देखि २०११ सम्म १६-२० उमेरका सम्बन्ध विच्छेदको संख्या शहरी क्षेत्रमा महिला ६.१५% र पुरुषको ४.२५% रहेको छ । भने ग्रामिण क्षेत्रमा महिलाको संख्या ३.३०% रहेका छन् भने पुरुष २.२२% रहेको छ । त्यसैगरी २१-२५ वर्षसम्मका सम्बन्ध विच्छेद गर्नेको संख्या शहरी क्षेत्रमा महिला ९.१०% छन् भने पुरुषको संख्या ५.२४% र ग्रामीण भेगमा महिला ४.२०% रहेका छन् भने पुरुष ३.२२% रहेका छन् । त्यसैगरी २६-३० वर्ष उमेरका शहरी क्षेत्रका महिलाको संख्या १५.१५% र पुरुषको संख्या १०.२०% छन् भने

ग्रामीण क्षेत्रमा महिलाको संख्या ७.२५% र पुरुषको संख्या ५.५०% रहेको पाइयो भने त्यसैगरी ३१-३५ वर्षसम्मका सम्बन्ध विच्छेदको संख्या शहरी क्षेत्रमा महिलाको संख्या १०% रहेका छन् भने पुरुषको संख्या ४.३० छन् भने ग्रामीण क्षेत्रमा महिलाको संख्या ५.५०% रहेको पाइयो भने पुरुषको संख्या ४.३५% रहेको पाइयो ।

प्रस्तुत तालिकाबाट ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रका महिला र पुरुषहरुको सम्बन्ध विच्छेद बढी भएको पाइयो । शहरी क्षेत्रमा किन बढी सम्बन्ध विच्छेद भएका छन् भन्दा शहरी क्षेत्रमा हरेक कुरामा सुविधासम्पन्न भएका, शिक्षित, स्वरोजगारी आत्मनिर्भर, स्वतन्त्रता, महिला सशक्तिकरण महिला जागरुकता प्रविधिमा वृद्धि हुनुको कारणबाट ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बढी सम्बन्ध विच्छेदका घटना भएका पाइएको छ ।

## ४.५ जिल्लागत रुपमा सम्बन्ध विच्छेदको घटना

यसरी जिल्लागत रुपमा सम्बन्ध विच्छेदको घटनाहरुलाई हेर्दा काठमाडौं जिल्लाका आसपासका जिल्लाहरुमा जस्तैः भक्तपुर, ललितपुर सुर्खेत, कञ्चनपुर, झापाका तुलनामा काठमाडौं जिल्लामा सम्बन्ध विच्छेदका घटनाहरु बढी भएको पाइएको छ । किनकी काठमाडौं जिल्ला नेपालको राजधानि पनि हो जसले गर्दा यहाँ हरेक किसिमका सुविधा सम्पन्न र विभिन्न अवसरका कारण रोजगारीका लागि भित्रने परिवार शिक्षित परिवार भएका परिवारमा अरुको दमन, अन्याय, अत्याचार, शोषणमा रहन नसक्ने र विमेल तनावका कारण सम्बन्ध विच्छेदका लागि दिनहुँ सयौंको संख्यामा जिल्ला अदालत आउने दम्पतिको संख्या बढ्दै गएको बताउनुहुन्छ Lacc की अधिवक्ता भावना अधिकारी ल्याक महिला helpline Nepal का अनुसार 01, Jan. 2006 देखि 31 Dec. 2009 सम्म जम्मा ६७८ घटना भएका थिए ।

## तालिका ३: जिल्लागत रुपमा सम्बन्ध विच्छेदको घटना

| वर्ष | काठमाडौं भित्रका जिल्लाहरु | | | | | | काठमाडौं बाहिरका जिल्लाहरु | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | काठमाडौं | प्रतिशत | ललितपुर | प्रतिशत | भक्तपुर | प्रतिशत | सुर्खेत | प्रतिशत | कञ्चनपुर | प्रतिशत | झापा | प्रतिशत |
| २००६-२००९ | १७० | ३९.४५ | १०६ | ३५.८० | १४ | २८.५७ | १८२ | ४३.४४ | ८९२ | ८१.७६ | ६९ | ४३.६८ |
| २०१०-२०१३ | २०७ | ४८.०२ | १४५ | ४९.१५ | १८ | ३६.७३ | १४८ | ३५.३३ | १४८ | १३.५७ | ५० | ३१.६५ |
| २०१४ | ४४ | १०.२० | ३८ | १२.८८ | ७ | १४.२८ | ७१ | १६.९४ | ४७ | ४.३१ | ३० | १८.९८ |
| २०१५ मे ३१ | १० | २.३३ | ७ | २.३५ | १० | २०.४१ | १८ | ४.२९ | ४ | ०.३५ | ९ | ५.६९ |
| जम्मा | ४३१ | १०० | २९५ | १०० | ४९ | १०० | ४१९ | १०० | १०९१ | १०० | १५८ | १०० |

स्रोत : ल्याक महिला हेल्प लाइन, २०७२

सम्बन्ध विच्छेदका घटनाहरु पछिल्लो समयमा वृद्धि भएको छ । प्रस्तुत तथ्यांकका अनुसार सबैभन्दा बढी घटना २०१० देखि २०१३ मा ७१६ घटनाहरु दर्ता भएको थिए । यसमध्ये सबैभन्दा बढी काठमाडौं जिल्लामा २०७ जनाले सम्बन्ध विच्छेद गरेका छन् । त्यसैगरी २००६ देखि २००९ सम्म जम्मा ६२४ घटनाहरु भएका थिए । जस्तै काठमाडौं १७०, ललितपुरमा १०६, भक्तपुरमा १४, सुर्खेतमा १८२, कञ्चनपुरमा ८९२, झापामा ६९ वटा सम्बन्ध विच्छेदका घटनाहरु भएको पाइयो । त्यसरी नै २०१४ मा जम्मा घटना २३७ रहेको छ । जसमा काठमाडौंमा ४४, ललितपुरमा ३८, भक्तपुरमा ७, सुर्खेतमा ७१, कञ्चनपुरमा ४७ र झापामा ३० जनाले सम्बन्ध विच्छेद गरेका छन् । जसमा जिल्लागत तहमा हेर्दा सबैभन्दा बढी सुर्खेतमा सम्बन्ध विच्छेद गरेका छन् भने २०१५ मे ३१ म जम्मा घटना ५७ रहेको पाइयो । जुन काठमाडौं र भक्तपुरमा १०, ललितपुरमा ६, सुर्खेतमा १८, कञ्चनपुरमा ४ र झापामा ९ जनाले सम्बन्ध विच्छेद गरेको पाइएको छ । जसमध्ये काठमाडौं र भक्तपुरमा बराबर संख्यामा सम्बन्ध विच्छेद गरेको पाइयो भने सबैभन्दा कम कन्चनपुर जिल्लामा सम्बन्ध विच्छेद भएको पाइयो ।

### ४.५.१ शहरी तथा ग्रामीण भेगमा भएका सम्बन्ध विच्छेदका घटनाहरु


**तालिका ४: शहरी तथा ग्रामीण भेगमा भएका सम्बन्ध विच्छेदका घटनाहरु**

| क.सं. | वर्ष | शहरी क्षेत्र | प्रतिशत | ग्रामीण क्षेत्र | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | २०६५/२०६६ | ८० | ३.६१ | ३० | २.९२ |
| २. | २०६६/२०६७ | ११० | ४.६९ | ६५ | ६.३२ |
| ३. | २०६७/२०६८ | २१० | ९.४७ | १४५ | १४.०७ |
| ४. | २०६८/२०६९ | ३४९ | १५.७२ | २०० | १९.४२ |
| ५. | २०६९/२०७० | ५२० | २३.४३ | २८० | २७.१८ |
| ६. | २०७०/२०७१ | ९५० | ४२.८१ | ३१० | ३०.०९ |
| जम्मा | | २,२१९ | १०० | १,०३० | १०० |

स्रोत : स्थलगत अध्ययन, (Green Law Association, को कार्यालयद्धारा संकलित, पुतलीसडक काठमाडौं, २०७२) ।

प्रस्तुत तथ्यांकबाट २०६५ सालदेखि २०७१ साल सम्मको सम्बन्ध विच्छेदका घटनाहरु जम्मा ३.२४९ रहेका छन् । भने शहरी क्षेत्रको सम्बन्ध विच्छेदका घटनाहरुको जम्मा संख्या २२१९ पाइएको छ भने ग्रामीण क्षेत्रको संख्या १०३० रहेको छ । ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा सम्बन्ध विच्छेदका घटनाहरुको संख्यामा बढी मात्रामा वृद्धि भएको छ । यसरी शहरी क्षेत्रमा सम्बन्ध विच्छेदका घटना वृद्धि हुनुमा बढी प्रविधिमा विकास हुनु, पश्चिमी सँस्कृति, स्वरोजगार, स्वतन्त्रता, महिला सशक्तिकरण, महिला जागरुकता, आत्मनिभरका कारणबाट ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बढी सम्बन्ध विच्छेदका घटना भएका पाइएको छ ।

**चित्र नं १ : शहरी तथा ग्रामीण भेगमा भएका सम्बन्ध विच्छेदका घटनाहरु**




### ४.५.२ २०७१ मा दर्ता भएका सम्बन्ध विच्छेदका घटना संख्याहरु

काठमाडौं जिल्ला अदालतद्वारा प्राप्त तथ्यांकका अनुसार सम्बन्ध विच्छेदको संख्या पछिल्लो समयमा वृद्धि हुदैं गएको उल्लेख छ। प्रस्तुत तथ्यांकका अनुसार सम्बन्ध विच्छेदका घटना यसरी वृद्धि हुनुको कारण रोजगारको अवसर, वैदेशिक रोजगार, बढ्दो प्रविधिको विकास, पश्चिमा सँस्कृतिको ग्रहण, महिलाहरुको हक अधिकार बढी हुनु, भौगोलिक अवस्था, सामाजिक स्तर आदि थुप्रै कुराहरुले सम्बन्ध विच्छेद पछिल्लो समयमा बढ्दै गइरहेको छ।


**तालिका नं. ५: २०७१ मा दर्ता भएका सम्बन्ध विच्छेदका घटना संख्याहरु**

| क.सं. | मुद्दाको विवरण | जम्मा संख्या | प्रतिशत | फैसला | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | सम्बन्ध विच्छेदको दर्ता संख्या | ३८४७ | ५९.९१ | ३,२४९ | ८४.४५ |
| २. | सम्बन्ध विच्छेदको प्रक्रिया | २५७५ | ४०.०९ | ५९८ | १५.५५ |
| जम्मा | | ६४२२ | १०० | ३८४७ | १०० |

स्रोत : काठमाडौं जिल्ला अदालत, २०७२

देशभर सबैभन्दा बढी सम्बन्ध विच्छेदको मुद्दा दर्ता हुने काठमाडौं जिल्ला अदालतमा सम्बन्ध विच्छेदको मुद्दा निकै बढेको छ । तथ्यांक हेर्ने हो भने पनि मुद्दा आकाशिएको देखिन्छ । काठमाडौं जिल्ला अदालतबाट प्राप्त तथ्यांक अनुसार २०७१ काठमाडौंमा दर्ता हुन आएको ३,८४७ सम्बन्ध विच्छेदका घटनामध्ये ३२४९ अदालतले फैसला गरिसकेको छ भने त्यसैगरी काठमाडौं जिल्ला अदालतले २५७५ सम्बन्ध विच्छेदको प्रक्रियामा गइसकेको छ भने ५९८ घटनाहरु उपर अदालतले फैसला गरिसकेको छ । यसैगरी जिल्ला अदालत काठमाडौंमा दर्ता भएका सम्बन्ध विच्छेदका घटनाहरु मध्ये सम्बन्ध विच्छेदको दर्ता संख्या ३८४७ मध्ये ३२४९ फैसला भइसकेको अवस्था छ । यो संख्या अघिल्ला वर्षको तुलनामा दोब्बर तेब्बरले वृद्धि भएको छ ।

**चित्र २ २०७१ मा दर्ता भएका सम्बन्ध विच्छेदका घटना संख्याहरु**




माथि उल्लेखित वारग्राफमा काठमाडौंमा दर्ता हुन आएको ३८४७ सम्बन्ध विच्छेदका घटनामध्ये ३२४९ अदालतले फैसला गरिसकेको छ भने त्यसैगरी काठमाडौं जिल्ला अदालतले २५७५ प्रक्रियामा छन् भने ५९८ घटनाहरु फैसलामा रहेका छन् ।

### ४.५.३ सम्बन्ध विच्छेद गर्ने महिला उत्तरदाताको उमेरको विवरण

**तालिका नं. ६ : सम्बन्ध विच्छेद गर्ने महिला उत्तरदाताको उमेरको विवरण**

| क्र.सं. | उमेरको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १५-२० | ५ | १६.६६ |
| २. | २१-२५ | १५ | ५० |
| ३. | २६-३० | ८ | २६.६७ |
| ४. | ३१-३५ | २ | ६.६७ |
| जम्मा | | ३० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

१५-२० वर्ष उमेर भित्रका महिलाहरुमा गरिएको अध्उउनमा यि उमेर समुहका महिलाहरु परिपक्क भई सकेका हुँदैनन् । यसकारण ५ जनासँग घटना विवरण लिए । उनिहरु १६.६६ प्रतिशत संख्या ५ थियो । त्यसैगरी २१-२५ वर्ष सम्मका महिलाहरुको प्रतिशत ५०% संख्या (१५) थियो । त्यसै गरी २६-३० वर्षसम्म सम्बन्ध विच्छेद गर्ने महिलाहरु २६.६७% संख्या (८), त्यसैगरी ३१-३५ वर्ष उमेर सम्मका महिलाहरुको प्रतिशत ६.६७ संख्या (२) अरु उमेर समूहमा भन्दा कम संख्या रहेका छन् ।

### ४.५.४ सम्बन्ध विच्छेद गर्ने उत्तरदाताहरुको तथ्यांक र घटना विवरण

विशेष गरी उच्च शिक्षा लिएका वा पढेलेखेका महिलाहरुमा बढी सम्बन्ध विच्छेदका घटनाहरु रहेको पाइएको छ । यसरी हेर्दा न्यून शिक्षा भएका परिवारको संरचनामा हुने सम्बन्ध विच्छेद भन्दा उच्च शिक्षा लिने महिलाहरुमा बढी सम्बन्ध विच्छेद हुने गरेको पाइएको छ । किनकी जब महिलाहरु सक्षम, स्वरोजगार हुन्छिन् तब उनी परिवार र श्रीमानको दवावमा बस्न चाहदिनन् । जसकारण मनमुटाव, अविश्वास, झै झगडाका कारण सम्बन्ध विच्छेद हुने गर्दछ । दोस्रो कारण महिलामा सचेतनाको विकाससँग उनीहरुमा आएको परिवर्तनका कारण सम्बन्ध विच्छेद हुने प्रस्तुत तथ्यांबाट प्रष्ट हुन्छ ।

**तालिका नं. ७: सम्बन्ध विच्छेदका तथ्यांक र घटना विवरण**

| क.सं. | घटना मिति | सम्बन्ध विच्छेद महिला | श्रीमानको नाम | शिक्षा | Divorce year | कारण |
|---|---|---|---|---|---|---|
| १. | २०६९ | भट्टराई | खरेल | एम.ए. | २०७० | मनमुटाव |
| २. | २०७० | खड्की | पोखरेल | बी.ए. | २०७० | अविश्वास |
| ३. | २०७१ | राई | लिम्बु | आई.ए. | २०७२ | बैदेशिक रोजगार |
| ४. | २०७२ | गुरुङ्ग | घले | एस.एल.सी. | २०७२ | घर झगडा |

स्रोत : स्थलगत अध्ययन, २०७२

प्रस्तुत तथ्याक अनुसार २०६९ सालमा भट्टराईको खनालसँग विवाह भएको थियो । उनीहरु बिच भएको मनमुटावले अन्त्गोत्वा सम्बन्ध विच्छेदको रुप लियो । बि.ए. सम्मकी अध्ययन गरेकी खड्कीको पोखरेलसँगको वैवाहिक सम्बन्ध एक अर्का प्रतिको अविश्वासका कारणले सम्बन्ध विच्छेद भएको देखियो । त्यस्तै गरी प्रमाणपत्र तह अध्ययारत राईको लिम्वुसँगको वैवाहिक सम्बन्ध वैदेशिक रोजगारमा गएर श्रीमानको अरुसँग सम्बन्ध भएको थाहा पाएपछि उनीहरु बिचमा २०७२ सालमा दुवैतिर आधिकारीक तरिकाले सम्बन्ध विच्छेद भएको देखियो । अन्त्यमा एस.एल.सी. र सो सरह अध्ययनरत गुरुङ्गको घलेसँगको वैवाहिक सम्बन्ध घर झगडाका कारणले सम्बन्ध विच्छेद भएको देखियो । यसरी विगतको तुलनामा हाल उच्च शिक्षा अध्ययनरत महिलाहरुको तुलनामा निम्नशिक्षा प्राप्त गरेका महिलाहरु कम देखिन्छन् ।

## ४.६ महिलाहरुको आर्थिक अवस्था र सम्बन्ध विच्छेद

नेपालको सन्दर्भमा हेर्ने हो भने हरेक दिन १० वटा सम्बन्ध विच्छेद हरु हुन्छन् । आर्थिक वर्षको तुलनामा सम्बन्ध विच्छेदका घटनाहरु दोब्बर तिब्बरले वृद्धि भइरहेका छन् । चालु आर्थिक वर्ष २०७१/२०७२ साउन सम्ममा सम्बन्ध विच्छेदका घटनाहरु धेरै मात्रामा वृद्धि भइ रहेको देखिन्छ । आखिर किन यति धेरै सम्बन्ध विच्छेदका घटनाहरुमा वृद्धि भइरहेका छन् त ?

हिन्दु समाजमा सबै मानिसहरुको आर्थिक अवस्था एकै किसिमको छैन । केहि उच्च सम्प्रान्त छन् त कोहि निम्न गरिब छन् । एक पेट खानको लागि पनि दिनभरी काम गर्नुपर्छ । यस्तै दुई वर्ग बिचमा आर्थिक असमानताका कारण पनि यस्ता घटना वृद्धि भई रहेको पाईन्छ । एक अध्ययनका अनुसार २०७१/७२ मा बढी मात्रामा बिदेशी रोजगारमा वृद्धि हुनु, पश्चिमी सँस्कृति प्रविधिको उच्च विकास, महिलाहरु बढी शिक्षित, आत्मनिर्भर, स्वरोजगार भएर जानुको पनि सम्बन्ध विच्छेद बढ्दो क्रममा रहेको छ । एकातिर आर्थिक कमजोर कम भएर सम्बन्ध विच्छेद गरेको पाइएको छ भने अर्कातिर अहिलेको २१ औं शताब्दीमा महिलाहरु स्वरोजगार, शिक्षित सक्षम भएको कारणले गर्दा पनि वृद्धि भइरहेको छ ।

त्यसकारण सम्बन्ध विच्छेद वृद्धि हुनुमा अर्थ अथवा आर्थिक असमानताको खाडल प्रमुख कारण देखिएको छ । जबसम्म समाजमा स्वरोजगार, मजबुद, ऐन कानुनको कार्यान्वयन हुन सक्दैन तबसम्म धनि र गरीब बिचमा यस्ता घटना घटिरहन्छन् ।

**तलिका नं. ८ः ल्याकका अनुसार २०७१ सालभित्र नेपालमा भएको उच्च तथा निम्न परिवारमा भएको सम्बन्ध विच्छेदका घटनाहरु**

| परिवार क्षेत्र | ग्रामीण | | शहरी | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| उच्च परिवार | ६०० | ८०.२१ | २१०० | ८३.९७ |
| निम्न परिवार | १४८ | १९.७९ | ४०१ | १६.०३ |
| जम्मा | ७४८ | १०० | २५०१ | १०० |

स्रोत : महिला हेल्प लाइन, २०७२

उच्च परिवार भन्नाले आर्थिक रुपले सम्पन्न, व्यवसाय गर्ने, हरेक कुरामा सम्पन्न भएका व्यक्तिलाईउच्च परिवार भनिन्छ । भने निम्न परिवार भन्नाले आर्थिक रुपले कमजोरी साझ, विहानको छाक टार्न पनि धौं धौं पर्ने खालका परिवारलाई निम्न परिवार भनिन्छ ।

नेपाल भर २०७१ मा लगभग ३२४९ सम्बन्ध विच्छेदका घटनाहरु भएका थिए । यस्ता घटनाहरु घट्नुको पछाडि स्वरोजगार, प्रविधिको उच्च विकास, बढ्दो वैदेशिक रोजगार, स्वतन्त्रताको दुरुपयोग, पश्चिमी संस्कृति, फितलो कानुन व्यवस्थाले गर्दा पनि

यस्ता घटनाहरु बढी घटेको पाइन्छ । प्रस्तुत तथ्यांक हेर्दा निम्न परिवारको तुलनामा उच्च परिवारको शहरी भेगमा सम्बन्ध विच्छेदका घटना बढी घटेको पाइएको छ । शहरी क्षेत्रमा रहने उच्च परिवारमा २१०० घटनाहरु सम्बन्ध विच्छेद भएका छन् भने ग्रामीण भेगमा ६०० घटनाहरु घटेका छन् । त्यसैगरी २०७१/७२ असार मसान्त भित्र घटनाहरु घटेका छन् । त्यसैगरी २०७१/७२ असार मसान्तभित्र घटनाहरु निम्न परिवारमा भएका शहरभित्रका सम्बन्ध विच्छेदका घटनाहरु ४०१ रहेका छन् भने ग्रामीण भेगमा १४८ घटनाहरु घटेको पाइएको छ । यसरी हेर्दा ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा बढी घटना भएको प्रष्ट हुन्छ । यसरी वृद्धि हुनुको पछाडि उच्च शिक्षाको वृद्धि हुनु, आात्मविश्वास बढ्नु, महिला सशक्तिकरणको वृद्धि हुनाले बढी सम्बन्ध विच्छेद भएको देखिन्छ ।

### ४.६.१ भिन्न भिन्न जातजातिमा भएका सम्बन्ध विच्छेदका घटनाहरु

विशेषगरी महिलाहरु अन्य जातिमा भन्दा ब्राम्हण जातिमा शिक्षाको अवसरबाट वञ्चित हुन नपर्ने भएका कारण उनीहरुमा उच्च शिक्षाको दर पनि बढी छ । जसकारण रोजगारको अवसर बढी उनीहरुलाई हुन्छ तर जनजातिहरु संस्कारगत हिसाबले पनि खुल्ला हुने कारण पनि उनिहरुमा सम्बन्ध विच्छेद अन्य जातमा भन्दा बढी हुने गरेको पाईन्छ तर औषतमा हेर्दा ब्राहमण क्षेत्री र जनजातिको सम्बन्ध विच्छेदको दर उस्तै देखिन्छ ।

**तालिका नं. ९: २०६८ देखि २०७२ असार मसान्तसम्ममा भिन्न भिन्न जात जातियमा भएका सम्बन्ध विच्छेदका घटनाहरु**

| क.सं. | जति विशेष | २०६८ | प्रतिशत | २०६९ | प्रतिशत | २०७० | प्रतिशत | २०७१ | प्रतिशत | २०७२ | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ब्राम्हण /क्षेत्री | १२४ | ३५.५४ | २१५ | ३९.०९ | २६० | ३७.१४ | ३९० | ३६.१२ | २१० | ३६.८४ |
| २. | जनजाति | १८० | ५१.५८ | २६५ | ४८.१८ | ३३० | ४७.१४ | ४९५ | ४५.८४ | २४० | ४२.१० |
| ३. | दलित | ३० | ८.५९ | ४५ | ८.१८ | ६५ | ९.२९ | १२० | ११.१२ | ९० | १५.७९ |
| ४. | मधेशी | १५ | ४.२९ | २५ | ४.५५ | ४५ | ६.४३ | ६५ | ६.०४ | ३० | ५.२७ |
| जम्मा | | ३४९ | १०० | ५५० | १०० | ७०० | १०० | १०८० | १०० | ५७० | १०० |

स्रोत : स्थलगत अध्ययन, (Green Law Association, को कार्यालयद्धारा संकलित, पुतलीसडक काठमाडौं, २०७२) ।

२०६८ देखि २०७२ असार मसान्तसम्मको तथ्यांकलाई जात जातिगत रुपमा हेर्दा २०६८ मा ब्राहमण क्षेत्रीमा १२४ घटना थिए भने जनजातिमा १८० दलितमा ३० र मधेशीमा १५ घटनाहरु थिए । यसरी २०६८ मा जातिय रुपमा सबभन्दा बढी बृद्धि जनजाति समूहका महिलामा भएको तथ्यांकमा प्रष्ट भएको छ । त्यसैगरी २०६२ देखि असार मसान्त सम्मको तथ्यांकलाई हेर्दा ब्राम्हण क्षेत्री महिलाको संख्या २१०, जनजाति २४०, दलित ९० र मधेशी ३० रहेको यस तथ्यांकबाट प्रष्ट भएको छ । यसरी २०६८ देखि २०७२ सम्मको तथ्यांकलाई हेर्दा धेरै मात्रामा सम्बन्ध विच्छेद गर्ने जातिमा जनजाति समूहका महिलाहरु रहेका छन् ।

## ४.७ सम्पन्न र विपन्न परिवारमा महिलाहरुको अवस्था

### ४.७.१ सम्पन्न परिवारमा महिलाहरुको अवस्था

हाम्रो जस्तो नेपाली समाजमा हिन्दु संस्कार अनुसार महिलालाई देवीको प्रतिकको रुपमा लिइन्छ भने अर्कातिर त्यहि महिलालाई छुत्र, निच, दमनपूर्ण, सोचले हावी भएको पनि देखिन्छ । फरक यति हो उच्च परिवार निम्न परिवारमा शिक्षाको कमी उच्च शिक्षा र संस्कारगत हिसाबले उच्च परिवारमा कुन चाहि महिलाहरु बढी शक्ति सम्पन्न हुन्छन् भन्ने हो । सम्पन्न परिवारमा रहेका महिलाहरु शिक्षित हुने हुनाले उनिहरुमा सोच्ने, हिड्ने, निर्णय गर्ने क्षमता पनि बढी हुन्छ । जसकारण आफ्नो स्वनिर्णय क्षमता बढी हुने हुँदा उनीहरुमा स्वनिर्णय हुन्छन् र उनीहरुका छोराछोरीहरुमा पनि शिक्षा बढी अवसर रहन्छ । लालनपोषण पनि हुन्छ, यसैलाई मध्यनजर राख्दै विपन्नसँग तुलना गर्नु मुर्खता हुन्छ । तर यस्ता घटनाहरु हुनुमा शिक्षा, वेरोजगारी, बिदेशी, भ्रमण, सामाजिक सञ्जाल आदिको प्रमुख भूमिका रहेको हुन्छ ।

### ४.७.२ विपन्न परिवारमा महिलाहरुको अवस्था

विपन्न परिवारमा स्वरोजगार आर्थिक अभाव कै कारणले झै झगडा हुने मनमुटाव बढ्ने हुँदा सम्बन्ध विच्छेद बढेको देखिन्छ । जब अभावका बावजुद परिवारसँग संघर्ष गर्दै बिदेशिनेको मात्रा बढ्छ । संगसँगै उच्च आंकाक्षाहरु बढ्दै जाँदा विपन्न परिवारभित्र हुने दिवा सपना महत्वकांक्षाले गर्दा सम्बन्ध विच्छेद हुने गरेको देखिन्छ । यद्यपी एउटा जागरुप

सवल महिलाको तुलनामा विपन्न परिवार भित्रको अशिक्षित महिलाको सम्बन्ध विच्छेदको दर कम हुन्छ ।

**तालिका नं. १०: २०७१ भित्र काठमाडौंमा सम्पन्न परिवार र विपन्न परिवारमा भएका सम्बन्ध विच्छेदका घटनाहरु**

| क्र.सं. | सम्पन्न परिवार | | विपन्न परिवार | | जम्मा |
|---|---|---|---|---|---|
| | शिक्षित | अशिक्षित | शिक्षित | अशिक्षित | |
| १. | ४९० | २६० | २१० | १२० | १०८० |
| प्रतिशत | ४५.३७ | २४.०७ | १९.४५ | ११.११ | १०० |

स्रोत : काठमाडौं जिल्ला अदालत, २०७२

काठमाडौं जिल्ला अदालतबाट प्राप्त तथ्यांक अनुसार काठमाडौंमा २०७१ मा भएका जम्मा घटनाहरु १०८० मध्ये सम्पन्न परिवारभित्र त्यसमा पनि शिक्षित परिवारका महिलाहरुको सम्बन्ध विच्छेदको घटनाहरु ४९० भएको पाइएको छ भने अशिक्षित महिलाहरु २६० जनाले सम्बन्ध विच्छेद गरेको पाइएको छ । त्यसैगरी काठमाडौंकै विपन्न परिवारका शिक्षित महिलाहरु २१० जनाले सम्बन्ध विच्छेद गरेको पाइयो भने १२० जना अशिक्षित महिलाले सम्बन्ध विच्छेद गरेको घटनाहरु यस तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

## ४.८ उत्तरदाताको भाषिक स्थिति

नेपाल बहुभाषिक, बहुसाँस्कृतिक तथा बहुधार्मिक देशको रुपमा चिनिन्छ । अध्ययन क्षेत्रमा भिन्न भाषिकहरुको बसोबास रहेको छ । यस अध्ययनको आधारमा निम्नानुसार भाषागत विवरण प्राप्त भएको छ । स्थलगत अध्ययनको आधारमा तालिकालाई हेर्दा सम्बन्ध विच्छेद गर्ने महिलाहरु विशेष गरी नेपाली भाषा प्रयोग गर्ने गरेको पाइयो । यद्यपि यस्ता घटनाहरु जनजातिमा धेरै भएको भएतापनि हिन्दी, थारु, नेवार लगायत अन्य भाषामा न्यून मात्रामा प्रयोग गर्ने गरेको तथ्याकंमा उल्लेख छ । नेपाली भाषा नेपालको मातृभाषा भएको कारणले पनि सबैले सहज रुपले बुझ्न सक्ने हुँदा अन्य जातिले पनि नेपाली भाषा बोल्ने गरेको बताउनु हुन्छ । ग्रिन ल एसोसियसनका अधिवक्ता रामचन्द्र पौडेल ।


**तालिका नं. ११ : उत्तरदाताको भाषिक स्थिति**

| क.सं. | उमेरको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नेपाली | २० | ७० |
| २. | अन्य (हिन्दी, थारु, नेवार, चेपाङ्ग आदि) | १० | ३० |
| जम्मा | | ३० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७२

तालिका नं. ११ को तथ्यांक अनुसार अध्ययन क्षेत्रमा नेपाली भाषाको प्रयोग गर्ने अत्याधिक संख्या पाइयो भने हिन्दी भाषा प्रयोग गर्ने नेपालीको तुलनामा कम पाइयो । हुनसक्छ, नेपाली भाषा नेपालको मातृभाषा भएको कारणले पनि यसको अत्यधिक प्रयोग भएको हुन सक्छ ।

**चित्र नं ३ उत्तरदाताको भाषिक स्थिति**




### ४.९ सम्बन्ध विच्छेद गर्ने महिलाको शैक्षिक अवस्था

स्थलगत अध्ययन २०७२ लाई हेर्दा विशेष गरी महिलाहरुको साक्षर दर पहिलाको तुलनामा हाल वृद्धि भइरहेको देखिन्छन् । जसकारण पनि सम्बन्ध विच्छेदका घटनाहरु बढ्दो

क्रममा छन् । यस्ता घटनाहरु प्राय अशिक्षित परिवारको तुलनामा शिक्षित परिवारमा बढी हुन्छ ।


**तालिका नं. १२: सम्बन्ध विच्छेद गर्ने उत्तरदाताको शैक्षिक स्थिति**

| क्र.सं. | शैक्षिक स्थितिको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | साक्षर | २८ | ९३.३४ |
| २. | निरक्षर | २ | ६.६६ |
| जम्मा | | ३० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७२

स्थलगत अध्ययन २०७२ लाई हेर्दा सम्बन्ध विच्छेद गर्ने महिलाहरु ३० जना मध्ये साक्षर महिलाहरु ९३.३४ अथाव २८ को संख्या रहेको पाइयो भने ६.६६ अथवा २ जनाको संख्याको निरक्षर महिलाहरु पाइयो ।

**चित्र  नं : ४ सम्बन्ध विच्छेद गर्ने उत्तरदाताको शैक्षिक स्थिति**



### ४.९.१ सम्बन्ध विच्छेद र रोजगारको अवस्थाको विवरण

पछिल्लो समयमा शिक्षित महिलाको दरसँगै रोजगारको संख्या पनि बढ्दै जाने क्रम छ । शिक्षाको अवसरकै कारण महिलाले साना ठूला पदमा स्वरोजगारको अवसर प्राप्त गरीरहेको देखिन्छ ।

**तालिका नं. १३: सम्बन्ध विच्छेद र रोजगारको अवस्थाको विवरण**

| क्र.सं. | वर्ष | रोजगारीको संख्या | प्रतिशत | बेरोजागारी | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | २०६९ | ५० | २० | ३० | २५ |
| २. | २०७० | ८० | ३२ | ४० | ३३.३३ |
| ३. | २०७१ | १२० | ४८ | ५० | ४१.६७ |
| जम्मा | | २५० | १०० | १२० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७२

२०६९ देखि २०७१ सम्मको सम्बन्ध विच्छेद गर्ने महिलाहरुको रोजगारी र बेरोजगारीको संख्या हेर्दा काठमाडौं जिल्लामा २०६९ सालमा रोजगारीको संख्या ५० (२०%) छ भने बेरोजगारीको संख्या ४०(२५%) रहेको छ । त्यसैगरी २०७१ को विवरणलाई हेर्दा रोजगारीको संख्या १२० (४८%) पाइएको छ भने बेरोजगारी ५० (४१.६२%)जना रहेका छन् । त्यसमध्ये बेरोजगारीको तुलनामा रोजगारीको संख्यामा वृद्धि भएको पाइयो । बढी मात्रामा सम्बन्ध विच्छेद गर्ने महिलाहरु शिक्षित रहेका छन् । त्यसकारण उनिहरु रोजगारीको अवसरमा लागेको पाइयो ।

### ४.९.२ सम्बन्ध विच्छेद पछि महिलाको स्थिति

सम्बन्ध विच्छेद पछाडि सबैलाई दुःख पर्छ भन्ने पनि होइन र सुख हुन्छ भन्ने पनि होइन । अवसर सम्बन्ध विच्छेद पछाडि महिलाहरु दुखी भएको भन्दा खुसी भएको अनुभव बाडँछन् । यहि बुझ्नलाई सम्बन्ध विच्छेदको स्थितिको बारे तल तालिकामा प्रष्ट पारिएको छ ।

### तालिका नं. १४: सम्बन्ध विच्छेद पछिको महिलाहरुको स्थिति

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सम्बन्ध विच्छेद पछि गरेको दु:खी भएको अनुभव | ५ | १६.६६ |
| २. | सम्बन्ध विच्छेद सुखी भएको अनुभव गरेको | १२ | ४० |
| ३. | सम्बन्ध विच्छेद पछि ठिकै भएको अनुभव गरेको | १३ | ४३.३४ |
| जम्मा | | ३० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७२

माथिको तालिका अनुसार सम्बन्ध विच्छेद पछाडि महिलाहरु कति दु:खी हुन्छन् र कति सुखी छन् भन्ने बारे अध्ययन गर्दा उल्लेखित तालिकाबाट यो प्रष्ट हुन्छ कि सम्बन्ध विच्छेद पछि दु:खी भएको अनुभव गरेको महिला जम्मा ५ जना रहेका छन् । जसमा पारिवारिक विमेलका कारण सम्बन्ध विच्छेद लाई लिएको महिला उत्तरदाताहरु बताउँछन् । सम्बन्ध विच्छेद पछि सुखी भएको अनुभव गरेकोमा १२ जना महिलाहरु रहेका छन् । उनीहरुका अनुसार श्रीमान्को र त्यस घरपरिवारको पशुवत र तुक्ष व्यवहार, घृणा तिरस्कार, बन्धनजस्ता पक्षहरुबाट मुक्ति पाएर आफूले शान्तिको सास फेरेको बताउदै, अहिलेको आफ्नो जिवन सुखमय भएको बताउँछन् । त्यसैगरी १३ जना महिला भने सम्बन्ध विच्छेद पछि ठिकैको अनुभव गरेको बताउँछन् । यो ठिकै भन्नेमा विशेषत: धेरै देखिन्छन् किनकि समाजको हेर्ने दृष्टि, पारिवारिक पृष्ठभूमिजस्ता थुप्रै कारणहरुले गर्दा पनि ठिकै भन्ने महिलाहरु धेरै पाइयो ।

### तालिका नं. १५: सम्बन्ध विच्छेद कर्ताहरुको सम्बन्ध विच्छेद पछिको बसोबासको स्थिति/ पूर्नविवाह

| क.सं. | बसोबासको प्रकार | पुरुष | | महिला | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | आमाबाबु वा माइतीसँग | ६ | २० | ७ | ४६.६६ |
| २. | नयाँ दम्पतिसँग पूर्नविवाह | १७ | ६० | ६ | ४० |
| ३. | अन्य | ६ | २० | २ | १३.३४ |
| जम्मा | | १५ | १०० | १५ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७२

तालिका नं. १५ लाई हेर्दा के प्रष्ट हुन्छ भने तुलनात्मक रुपमा महिलाहरुको तुलनामा पुरुषहरुमा पुर्नविवाह बढी भएको देखिन्छ भने आमाबुबासँग बस्नेको संख्या दोब्बरले कम देखिन्छ । उल्लेखित तथ्यांकका आधारमा हेर्दा आमाबुबासँग बस्ने पुरुषको संख्या ३ छ भने माइतिमा बस्ने महिलाको संख्या ७ छ । नयाँ दम्पतिसँग पूर्नविवाह ९ को संख्या ६०% पुरुष र महिला संख्या ६ र महिला ४०% रहेको छ र अन्यमा पुरुषको संख्या ३ पुरुष २०% रहेको छ । महिलाको संख्या २ र १३.३४% रहेको छ । जम्मा ३० संख्यामा १००% रहेको छ । जसमध्ये सजातिय विवाह ८०% र अन्तरजातिय विवाह २०% रहेको छ ।

### ४.९.३ परिवार, महिला र सम्बन्ध विच्छेदको स्थिति

केहि वर्ष यता नेपालमा संयुक्त परिवार भन्दा एकल परिवार चाहनेको संख्या बढी छ । एकल परिवारभित्र बढी स्वतन्त्रता हुने, एकल निर्णय चाहेको कुराहरु गर्न सक्ने, कलह झगडा पनि कम हुने जस्ता कारणले संयुक्त परिवारमा बस्नेको रुचि भन्दा एकल परिवार अगाल्नेको संख्या उच्च देखिन्छन् तर सम्बन्ध विच्छेद लाई हेर्दा संयुक्त परिवारभित्र रहने महिलाहरु बढी संयमित, सँस्कारी भएकै कारण एकल परिवारको तुलनामा संयुक्त परिवारभित्र मनमुटाव, कलहका बाबजुत पनि सम्बन्ध विच्छेद गर्नेको संख्या कमी देखिन्छ ।

**तालिका नं. १६: परिवार, महिला र सम्बन्ध विच्छेदको स्थिति**

| क.सं. | पारिवारिक संरचना | विवाह गर्दाको समय | | सम्बन्ध विच्छेद गर्दाको समयमा | |
|---|---|---|---|---|---|
| | | दम्पत्तिको संख्या | प्रतिशत | दम्पत्तिको संख्या | प्रतिशत |
| १. | संयुक्त परिवार | १० | ६६.६६ | ६ | ४० |
| २. | एकात्मक परिवार | ५ | ३३.३४ | ९ | ६० |
| जम्मा | | १५ | १०० | १५ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७२

तालिकाले देखाए अनुसार संयुक्त परिवारभित्र सम्बन्ध विच्छेद हुने प्रबल सम्भावना देखिन्छ । तर एकल परिवारमा सम्बन्ध विच्छेदका घटना हुनु व्यक्तिगत स्वतन्त्रता, बढ्दो महत्वकांक्षा, एकल निर्णय जस्ता कारण पनि एकल परिवार भित्र सम्बन्ध विच्छेद हुनेको

संख्या उच्च देखिएको हो । तालिकामा उल्लेख भए अनुसार संयुक्त परिवारमा विवाह गर्दाको समयमा दम्पतिको संख्या १० भने एकात्मक परिवारमा दम्पतिको संख्या ५ रहेका छन् भने सम्बन्ध विच्छेद गर्दाको समयमा संयुक्त परिवारमा दम्पतिको संख्या ६ रहेका छन् । जसमा ४०.७१ प्रतिशत पाइएको छ भने एकात्मक परिवारमा दम्पतिको संख्या ९ रहेको छ भने ६०% भएको पाइयो ।

# अध्याय - पाचँ

# सम्बन्ध विच्छेदका कारणबाट सम्बन्ध विच्छेद गर्ने महिलाहरुमा पर्ने नकारात्मक प्रभाव र त्यसका परिणामहरु

सम्बन्ध विच्छेद आफैमा एउटा जघन्य अपराध होइन । यस्तो घटना हुनुमा स्वयम् एकको दोष नभई समाज बढ्दो आधुनिकिकरण, प्रविधिको प्रयोग, मूल्यमान्यता घरायसी बन्नु यस्ता घटनाहरु घटाउन मुख्य भूमिका खेलेको मेरो स्थलगत अध्ययनबाट आएको निष्कर्ष छ तर यस्ता घटना घटेपछि महिलाहरुले समाज र, परिवार विद्यालयले कस्तो व्यवहार गर्छ, उनले कस्ता कस्ता समस्याहरु भोग्न बाध्य हुन्छन् । यस्ता घटना हुन नदिन कस्ता कस्ता रणनिति ल्याइएको छ केके चुनौति रहेका छन् भन्ने बारे पनि शोधकर्ताको मुख्य अनुसन्धानको विषय पनि बनेको छ ।

सामाजिक र अध्ययनका विषयहरु मध्ये सम्बन्ध विच्छेद पनि एउटा हो सम्बन्ध विच्छेद आफैमा नराम्रो कुरा भने होइन तर यसले व्यक्ति, परिवार र समाजलाई केहि न केहि रुपमा सकारात्मक या नकारात्मक प्रभाव पारेकै हुन्छ तर मैले सकारात्मक भन्दा नकारात्मक प्रभावलाई हेरेको छु । किनकि हाम्रो जस्तो हिन्दु समाजमा सम्बन्ध विच्छेद लाई अपवित्र मानिने भएको कारण पश्चिममा जस्तो सम्बन्ध विच्छेद लाई सकारात्मक ढङ्गबाट लिन सकिदैन । यस्ता घटना घट्नुमा समाज, घरपरिवारको पारिवारिक संरचना, आर्थिक अवस्था, शिक्षा, बेरोजगारी चेतनाको कमी बैदेशिक रोजगार, आधुनिकिकरण, राजनितिकरण, प्रविधिको प्रयोग जस्ता विभिन्न कारण पनि सम्बन्ध विच्छेदका घटना हुनु मुख्य भूमिका रहेको देखिन्छ । यसलाई गहिराईमा पुगेर अध्ययन गर्न जरुरी छ । त्यस्ता घटना हुनु भूमिका खेल्ने इकाइहरुको आपसी सम्बन्ध र प्रभावबारे गहिरो विश्लेषणात्मक अध्ययन गरिनु पर्दछ ।

यस भन्दा अगाडि मैले अगाडिको अध्यायमा सम्बन्ध विच्छेद गर्ने महिलाहरुको सामाजिक, साँस्कृतिक, शैक्षिक, मानसिक, आर्थिक पक्षको विश्लेषणबाट पनि सम्बन्ध विच्छेद जस्तो घटना किन हुने रहेछ भन्ने लगायत विविध पक्षहरुको बारेमा जानकारी दिइसकेको छ । तापनि यस उपशिर्षकमा सम्बन्ध विच्छेद पछि महिलाले आफ्नै परिवार, समाज, आफन्त, विद्यालय, संघसंस्थाले गर्ने व्यवहार र उनिहरुले भोग्नु परेका समस्याहरु र उनिहरुलाई गर्ने व्यवहारका कारणहरु खोजी गरी गुणात्मक रुपमा सम्बन्ध विच्छेद हुने

कारण केके हुन सक्छन् भनी कारण खोज्ने प्रयास गरिएको छ । यस्ता घटना घट्न विभिन्न कारण तत्वहरुले भूमिका खेलेका हुन्छन् । जसबाट समाज, पूरा परिवार र एउटा संरचना भित्रै खलल पुग्न सक्ने संभावना देखिन्छ । यस अर्थ यसको कारण खोजी गरी यसलाई सकेसम्म न्यूनिकरणमा झार्न सरकार, जनसमुदाय, घरपरिवार, समाज संघसंस्था लगायतका सरोकारवाला निकायहरु यस्ता घटना हुन नदिन त्यहि अनुरुपको व्यवस्थापन पक्षलाई व्यवस्थित गर्न सक्नुपर्छ ।

## ५.१ सम्बन्ध विच्छेदका कारणबाट सम्बन्ध विच्छेद गर्ने महिलाहरुमा पर्ने नकारात्मक प्रभाव र त्यसका परिणामहरुको मूल्यांकन

हाम्रो समाजमा सम्बन्ध विच्छेदका घटनाहरुमा दिनदिनै वृद्धि हुँदै गइरहेको कुरा विभिन्न सञ्चारका माध्यमहरुबाट सुन्न र देख्न सकिन्छ । सम्बन्ध विच्छेद अत्यन्त दुखद र र्दुभाग्यपूर्ण घटना हो, जसले समाजमा रहेको विवाह संस्था माथि नै प्रश्न चिन्ह उठाउन थालेको देखिन्छ । विवाह जस्तो पवित्र एवम् सामाजिक संस्था माथि नै विखण्डन आउन थालेको छ । सम्बन्ध विच्छेद आफैमा नराम्रो कुरा भने होइन् तर यसले व्यक्ति, परिवार र समाजलाई केहि न केहि रुपमा सकारात्मक या नकारात्मक प्रभाव पारेकै हुन्छ । यस्ता घटना घट्नुमा समाज, घरपरिवारको पारिवारिक संरचना, आर्थिक अवस्था, शिक्षा, बेरोजगारी चेतनाको कमी वैदेशिक रोजगार, आधुनिकीकरण, पश्चिमीकरण, प्रविधिको प्रयोग जस्ता विभिन्न कारण पनि सम्बन्ध विच्छेदका घटना घट्नुको मुख्य कारण हुन । यस्ता घटना हुन भूमिका खेल्न इकाइहरुको आपसी सम्बन्ध र महिलाहरुमा पर्ने नकारात्मक प्रभावबारे गहिरो विश्लेषणात्मक अध्ययन गरिनुपर्दछ र त्यसको परिणाम के हुन्छ भन्ने कुराको पनि विश्लेषण गर्ने प्रयास गरिएको छ ।

प्रत्येक देशको प्रत्येक ठाउँ केहि न केहि रुपमा भूमण्डलीकरणबाट टाढा छैन । यस सन्दर्भमा समाज आज विविध पक्षबाट जटिल बनेको वा बन्दैछ । यि जटिलताले नै मानिसमा सम्बन्ध विच्छेदको दर पनि बढीरहेको छ । यसबाट सम्बन्ध विच्छेद कि त सामाजिक मुल्यमान्यता र प्रचलनबाट हुन्छ भने कि त कानुनी तौरतरिकाबाट हुन्छन् । तर जसरी भए पनि आखिर सामान्यतया सुमधुर र सुचारु रुपमा चलिरहेको दाम्पत्य जीवन सम्बन्ध विच्छेदको अवस्थामा भताभुङ्ग हुन्छ । घरपरिवारमा समायोजन हुन नसक्नु ढाँटी विवाह, कम उमेरमा विवाह (वैकल्प विवाह), प्रेमविवाह, बाध्यतावंश गरिएको विवाह, विवाह

पश्चात लोग्नेस्वास्नीको सामिप्यताको दायरा फराकिलो हुनु, बढी तडकभडक र आपसी विश्वासमा कमी उत्पन्न सुचना, प्रविधिको बढी प्रयोग, शारीरिक सम्बन्ध आदि कारणले सम्बन्ध विच्छेद हुने कुरा अध्ययन क्षेत्रबाटै पत्ता लाग्यो । जसबाट सम्बन्ध विच्छेद कर्ताको परिवार र समाजप्रतिको आफ्नो दायित्व निकै कम भएको देखिन्छ । त्यसैगरी गुड (सन् १९५६) ले गरेको अध्ययनमा दम्पति बिच रहेको असक्षमता, असहयोगीपन, सामाजिक मूल्यमान्यतामा देखिएको फरकपन, घरायसी निर्देशन, मादकपदार्थ सेवन आदि कारणबाट सम्बन्ध विच्छेद हुन्छ । त्यस्तै ग्रीन (सन् १९६४) का अनुसार विवाहपछि दम्पतिहरुमा हुने बढी अपेक्षा र महत्वकाक्षले गर्दा पारिवारिक वेमेल सिर्जाउछ ।

### ५.१.१ सम्बन्ध विच्छेदका कारणहरु

### क) आर्थिक कारण र सम्बन्ध विच्छेद

२१ औं शताब्दीमा विश्वको जुनसुकै ठाउँमा पनि मानवीय आवश्यकताको प्रमुख आधार अर्थ लाई लिन सकिन्छ । हरेक सम्बन्धलाई मजबुत बनाउने या अत्यन्तै फितलो बनाउने कार्य अर्थले गर्दछ । यसर्थ कुनै पनि परिवारमा पारिवारिक सदस्यहरु जस्तो बाबु छोरा, सासुबुहारी, देवर भाउजु श्रीमानश्रीमती आदिमा पनि आर्थिक पक्षले प्रभाव पारेको हुन्छ । आज विश्वको जुनसुकै ठाउँमा पनि सम्बन्ध विच्छेद हुनुमा अर्थलाई लिन सकिन्छ । निम्न कारणले गर्दा आर्थिक कारणमा सम्बन्ध विच्छेद हुन्छन् । जुन यस प्रकार छन् :

**वैदेशिक राजेगार :**

जब कुनै पुरुष विवाह पूर्व आफ्नो उत्तरदायित्वको त्यति प्रवाह नगरी आफ्नो अधिकारलाई प्राप्त गर्ने मात्र प्रयत्न गर्दछ, त्यति नै विवाह पश्चात उसको त्यो सोचाईमा परिवर्तन आउँछ । त्यसैगरी एउटी महिलाले पनि विवाहपश्चात उसको परम्परा र संस्कृति अनुसार पतिबाट ठूलो इच्छा आकांक्षा राख्नु स्वभाविक नै हो । तसर्थ चाहेरै वा नचाहेरै भएपनि जब ति इच्छा आकांक्षा चाहना आफ्नो पतिबाट पुरा हुँदैन या हुन सक्तैन तब दाम्पत्य जीवनमा चिसोपन पर्न जान्छ । जसले गर्दा श्रीमान पैसा कमाउने सिलसिलामा विदेश लगायत स्वदेशमै घरदेखी टाढा जानुपर्ने स्थिति सिर्जना हुँदा श्रीमान श्रीमतिविचको सामिप्यताको दायरा फराकिलो हुन्छ । तब श्रीमान श्रीमति बिचको माया प्रेम, कर्तव्य जिम्मेवारी दया, सद्भाव आदि सम्पूर्ण पक्षलाई आर्थिक तत्वले प्रभाव पारेको देखिन्छ ।

श्रीमान् विदेश गएको वा घरबाट टाढा भएपछि श्रीमान् श्रीमति बिचमा सानो सानो कुरामा पनि अविश्वास, झै-झगडा, कलहहरु उत्पन्न भई सम्बन्ध विच्छेद हुन्छ जसको मुख्य कारण नै आर्थिक कारण हो ।

**दाइजोको कारण :**

कुनै पनि पतिपत्नि बिचको हुने सम्बन्ध विच्छेदमा सकारात्मक पक्ष मात्र हुँदैन । यसमा नकारात्मक पक्ष पनि हुन्छ । सम्बन्धविच्छेद आफैँमा नकारात्मक पक्ष पनि हो । किनकी सम्बन्ध विग्रनु भनेको सकारात्मक पक्ष होइन । जब कुनै पनि श्रीमान्श्रीमती बिच सम्बन्धविच्छेद हुन्छ । कुनै न कुनै घटनामा महिलालाई अत्यन्तै बढी प्रभाव पारेको हुन्छ किनभने जब महिला विवाह गरेर आफ्नो श्रीमान्को घरमा जान्छिन् । तर त्यहाँ महिलालाई उसको धनसम्पति देखेर प्रेमको नाटक गरी विवाह गर्ने या मागी विवाह गर्ने अनि विवाह पछाडि माइतबाट सम्पति लिएर आइज, दाइजो पुगेन धेरै दाइजो लिइए आइज, छिमेकीको कति दाइजो दिएको थियो तैले चाहि यति थोरै लिएर आउने भनी तनाव दिने आफूलाई माइतबाट सम्पति नलिएर आएको, विहेमा दिएको दाइजोले पुगेन अझै लिएर आइज भन्दै कुटपिट गर्ने, हेला गर्ने, खान नदिने, परिवारको अगाडि गालि गर्ने, कि सम्पति लिएर आइज कि घर छाडे भनि धम्की दिने माइति पक्षलाई गालि गर्ने आदी कारणले गर्दा महिलाहरु सहन नसकि सम्बन्ध विच्छेद गर्न वाध्य हुन्छन् । त्यसैले सम्बन्ध विच्छेदको मुख्य कारण नै आर्थिक कारण हो ।

**दाइजोको कारणबाट प्रेमविवाहमा सम्बन्ध विच्छेद भएको मैले प्रस्तुत Box No -1 मा राखेको छु ।**

**क) सरिता गिरि**

काठमाडौं शहरको वालाजुमा जन्मिएकी २२ वर्षिय सरिता गिरी १८ वर्षको उमेरमा स्थानियवासी रमेश गिरीसंग आज भन्दा ४ वर्ष अगाडि असारमा सँगै बाँच्ने संगै मर्ने वाचा सहित वैवाहिक बन्धनमा बाधिएकी थिइन् । धनी परिवारको एक मात्र सन्तान थिइन सरिता भने रमेश सामान्य परिवारका छोरा थिए । उनीहरुको प्रेम विवाह भएको थियो । रमेशको मनशाय राम्रो थिएन किनकि धनीको छोरी त्यसमाथि एउटा मात्र सन्तान देखेर उसले प्रेमको नाटक गरेर विवाह गरेको रहेछ भन्ने कुरा पछि सरितालाई थाहा भये । सामान्य परिवारको छोरा भएकाले सरीताको सम्पति देखेर विवाह गर्‍यो विवाह पछि सरितालाई माइतबाट पैसा लिएर आउँ सम्पति माग वावुआमासंग भन्दै झगडा गर्ने, अपशब्दहरु प्रयोग गर्ने, कुटपिट गर्ने, शारिरिक र मानसिक तनाव दिने रिसाउने आदी जस्ता कार्य सरिताको पति रमेशले गर्न थाले । यस्तो दुरव्यवहार सहन नसकि उ माइत गई बस्न थालिन र माइतबाट बस्दा पनि विभिन्न किसिमका धम्की दिने SMS फोन गर्ने मानसिक यातना दिने कार्य गरिरहेको र यस्ता यातना खप्न नसकि सरिताले आफ्नो माइतबाट सहयोगमा काठमाडौं जिल्ला अदालतमा उजुरी गरी सम्बन्ध विच्छेदको फैसला सुनाइयो भनेर सरिताले भनिन् ।

**सम्पन्न परिवार र विपन्न वर्ग :**

सम्पन्न परिवार र विपन्न परवार बिचमा पनि सम्बन्ध विच्छेदको घटनाहरु घटिरहेको छ किन सम्पन्न परिवार र विपन्न परिवारमा विवाह गर्दा यस्तो घटना घट्छन् भन्दाखेरी सम्पन्न परिवारको रहनसहन, चालचलन नै फरक हुन्छ यदि कुनै विपन्न वर्गको केटा वा केटीले सम्पन्न वर्गमा विवाह गर्दा त्यहाँको रहनसहन भिज्न सक्दैनन् र धनीले गरिबलाई सधै हेप्ने, घृणा गर्ने, त गरीब हो भन्ने, तृष्क्ष व्यवहार गर्ने आदि इत्यादि कुराहरु हुने गर्दछ धनि र गरिब विचमा । त्यसैले धनी र गरीब बिचमा हरेक कुरामा फरक हुन जान्छ र त्यहाँ सम्बन्ध पनि राम्रो हुन सक्दैन जसले गर्दा सम्बन्ध विच्छेद जस्तो घटनाहरु घट्दछन् । प्राय सम्पन्न परिवारका व्यक्तिहरु शिक्षित स्वरोजगारी सोच्ने हिँड्ने, बोल्ने,

निर्णय गर्ने क्षमता पनि बढी हुन्छ । भने विपन्न परिवारका व्यक्तिहरुमा त्यस्तो क्षमता निकै कम पाइन्छ । जसले गर्दा उनीहरु बिचमा झै-झगडा, तनाब अशान्तिको स्थिति सिर्जना हुन पुगि सम्बन्धविच्छेद हुन पुग्दछ । त्यसैले विवाह जस्तो कुरा आफ्नो हैसियत मिल्ने सँग नै गर्नुपर्दछ किनभने दुवैजना एउटै वर्गको भएपछि त्यहाँ सम्बन्धविच्छेद जस्ता घटनाहरु कम घट्न सक्छन् ।

**ख) अनमेल विवाहद्वारा सृजित सम्बन्धविच्छेदका कारणः**

विवाह एउटा सबैभन्दा पुरानो र बढी महत्व पूर्ण सामाजिक संस्था हो । मानवीय समाजलाई संगठित गर्दै स्थायित्व प्रदान गर्न सामाजिक संस्थाका रुपमा विवाहलाई लिन सकिन्छ । समाजमा विवाहको प्रचलन भए देखी नै मानविय समाज संगठित र अनुशासित हुँदै अगाडि बढेको छ । चाहे मागी विवाह होस् या प्रेम विवाह सजातिय या विजातिय विवाह आखिर विवाहले पुरुष र महिलाबिच एउटा दरिलो गठबन्धनमा जोड्छ । उनीहरुको एक परिवार निर्माण हुन्छ । सुख दुखका हरेक पक्षहरु सामान्य रुपमा एकअर्कामा साटासाट हुन्छन् भनी सोचिन्छ तर कतिपय अवस्थामा वैवाहिक कारणबाट श्रीमान्श्रीमती बिच एक आपसमा वास्ता नगर्ने, घृणा गर्ने, अविश्वास गर्ने या अन्य पारिवारिक सम्बन्धमा असह्य अवस्थाको सृजना भई अन्तमा सम्बन्ध टिक्नै नसक्ने भएर सम्बन्धविच्छेदको स्थिति सिर्जना हुन जान्छ ।

**यस अध्ययनमा सम्बन्धविच्छेद हुनुका कारणहरु विशेषतः**

**केटाकेटी बिचको उमेरको अन्तराल :**

उमेरको अन्तरालले गर्दा पनि वैवाहिक जिवनमा प्रभाव पार्दछ । उमेरको अन्तराल भएपछि दम्पतिविचको सोच, विचार , धारणा नै फरक हुन्छ । पुरानो सोच र नयाँ सोच भएपछि कुरा मिल्दैन र त्यहाँ झगडा कलह, तनाव शंका उपशंका उत्पन्न हुन जान्छ, जसले गर्दा सम्बन्ध विच्देद हुन जान्छ ।

**इच्छा विपरितको विवाहः**

आफ्नो इच्छा विपरितको विवाहले गर्दा पनि सम्बन्धविच्छेदका घटनाहरु वृद्धि भइरहेका छन् । इच्छा विपरित भएको विवाहमा दुवै पक्षलाई बुझ्न त्यति सजिलो हुँदैन र सानो सानो कुरामा पनि झै-झगडा, तनाव उत्पन्न हुन्छ मन नपरि नपरि गरेको विवाहमा

दुवै जना गम्भिर भएका हुँदैनन् आ-आफ्नो बाटो हिँड्न चाहन्छन् जसले गर्दा झगडा हुन्छ र सम्बन्धविच्छेद हुन पुग्छ ।

**ढाँटी गरेको विवाह :**

ढाँटी गरेको विवाहमा त सम्बन्ध विच्छेद हुनु स्वभाविक कै कुरा हो । झुट बोलेर विवाह गर्ने अनि पछि दु:ख पिडा दिने श्रीमती हुँदा हुँदै विवाह गर्ने, Gay ले विवाह गर्ने आदी कारणले गर्दा सम्बन्धविच्छेद हुन्छ ।

**अन्तरजातिय विवाहको कारण सम्बन्ध विच्छेद**

अन्तजातिय विवाहका कारण पनि सम्बन्धविच्छेद भएका छन् । किनभने जात नमिलेपछि त्यहाँ हरेक किसिमको तनाव हुन्छ । अर्को जात भएपछि त्यहाँको संस्कार रहन सहन चालचलन आदिमा भिज्न गाह्रो हुन्छ। जसले गर्दा सम्बन्ध विच्छेद हुने सम्भाव प्रवल देखिन्छ । अन्तरजातिय विवाहका कारणबाट सम्बन्ध विच्छेद भएको उदाहरण प्रस्तुत BOX .2 मा उल्लेख गरिएको छ ।

**सरु भट्टराई (नाम परिवर्तन) :**

काठमाडौं कंलकि स्थित बसोबास गर्ने सरु भट्टराईले प्रेम विवाह गरेको दुई वर्ष पनि वितेको छैन तर पनि उहाँ सम्बन्धविच्छेद गर्नका लागि काठमाडौं जिल्ला अदालत जानु भएको छ ।

क्याम्पसमा अध्ययन गर्ने शिलशिलामा अन्तर जातिय केटासंग प्रेम विवाह गर्न पुगेकी सरुका लागि आज आएर प्रेम विवाह गलाको पासोको रुपमा परिणत भएको छ । उच्च वर्गीय परिवारको छोरा भए पनि श्रीमान तथा श्रीमानका आफन्तले दिएको मानसिक यातना सहन नसकी विवाह गरेको दुई वर्ष नपुग्दै सम्बन्ध विच्छेद गर्नु परेको उहाँ बताउनु हुन्छ । लोग्नेको घर परिवार र लोग्नेको वानीवेहोरा सहन नसकेपछि मानसिक यातना शारिरिक यातना दिएपछि विभिन्न संघसंस्थाको सहयोगमा जिल्ला अदालतमा उजुरी गरिन् । अन्तरजातिय विवाह गर्दा श्रीमान् दिपक श्रेष्ठले पछि परिवारसंग मिलेर झगडा गर्ने, पतिले पत्नीप्रति गर्नुपर्ने मायाममता र व्यवहार नगरी वेवास्ता गर्ने संगै बस्दा मानसिक यातना वाहेक अन्य कुनै कुरा पाउन नसकेको र जात नमिल्ने केटी भनि परिवारबाट हेला अपहेलना पाएको र श्रीमानको पनि कुनै सहयोग नपाएकोले यसरी जिवन बिताउनु भन्दा छुट्टिएर बस्नु राम्रो भनी जिल्ला अदालतमा उजुरी गरी सम्बन्ध विच्छेद भयो भनेर सरुले भनिन् । यसरी अन्तरजातिय विवाहले गर्दा पनि सम्बन्ध विच्छेद भएका छन् ।

जसबाट सम्बन्ध विच्छेद कर्ताहरुको शैक्षिक स्तर नमिल्नु, एकले अर्कोको पक्षबारे धेरै कुरा बुझ्न नसक्नु, आफ्नो श्रीमान श्रीमतीले एकअर्कालाई हेर्ने दृष्टिकोणमा तालमेल नमिल्नु, एक पक्षको व्यवहार कार्यशैली मन नपराई माइतमा गएर बस्नु या सौता ल्याउनु जस्ता कारणहरु देखिन्छन् ।

यस सन्दर्भमा महिला उत्तरदाताहरु मध्ये ४ जनाले घरको पारिवारिक दवावले गर्दा विवाह गर्नु परेको बताउँछन् भने आफ्नो श्रीमानसँग उमेरको स्तर नमिल्नु, सौता ल्याउनु, आफ्ना बालबच्चा र आफू समेतलाई कुटपिट गर्नु, मादक पदार्थ सेवन गरी ज्यान मार्ने धम्की दिनु जस्ता कुराहरु हुनु र यसै अध्ययनको क्रममा केहि महिलाहरुले आफ्नो विवाह कहिल्यै देख्दै नदेखेको, नचिनेको, नपढेको, मुर्ख र मानसिक विचलन भएका व्यक्तिहरुसँग ढाँटी विवाह गरी दिएको बताए । एक जना महिला हुनुहुन्थियो उहाँको ढाँटी विवाह भएको रहेछ । उहाँ नर्स हुनुहुन्थियो । उहाँको श्रीमान बिदेश बस्ने हुनुहुँदो रहेछ र विदेशबाट आएको केटा भनि घरपरिवारले विवाह गरिदिनु भएछ । त्यो केटाले चाहि आफ्नो लागि होइन घरपरिवारको लागि विवाह गरेको रहेछ, किनभने विवाह गरेको भोलिपल्ट उसको बिदेशबाट फोन आयो र नयाँ दुलहिले फोन उठाइछिन् र फोनमा बाबालाई फोन दिनुन भनेछ एउटा सानो बच्चाले । उसले बिदेशमै विवाह गरेर बच्चा पनि जन्माइसकेको रहेछ र यहाँ नेपालमा नर्ससँग ढाँटी विवाह गरेको रहेछ र नर्सले यो कुरा थाहा पाएपछि सम्बन्ध विच्छेद दिनु भएको भनेर भन्नुभयो । यसरी विविध घटनाहरुबाट के थाहा हुन्छ भने हाम्रो परम्परागत मूल्यमान्यताको कट्टरपनामा समेत परिवर्तन आउन जरुरी छ ।

यसरी विवाहपश्चात उल्लेखित कुराहरु भन्दा अर्को पक्ष के छ भने श्रीमान श्रीमती बिचको अत्यधिक उमेरको फरकपना, उनीहरुको व्यवहार र कार्यशैलिमा फरक हुने श्रीमती पढेको, स्वरोजगार छ र श्रीमान बेरोजगार छ अथवा केहि काम नगर्ने श्रीमतीको कमाइ मात्र खाने आफू चाँहि केहि नगर्ने, सधै पैसा मात्र माग्ने आफ्नो पैसा जुवातासमा उडाउने जस्ता कुराले गर्दा सम्बन्ध विच्छेद हुने गर्दछ ।

तत् पश्चात कम उमेरमा भएको विवाह भावनात्मक रुपमा गरेका विवाह, इच्छा विपरीतको विवाह, ढाँटी विवाह, विजातिय विवाह आदि कारणले सम्बन्ध विच्छेद भएको देखिन्छ ।

**ग) यौनजन्य कारण र सम्बन्धविच्छेदः**

समाजमा रहेका प्रत्येक प्राणीमा यौन जैविकिय आवश्यकता हो । त्यसमा पनि एक चेतनशिल र सामाजिक प्राणी भनिएको मानवजातिमा यो महत्वपूर्ण हुने स्वभाविकै हो । यसलाई व्यवस्थित र वैध बनाउन नै मानव जातिले विवाह गर्दछन् । विवाहपछि उमेर पुगेका दम्पतिहरु बिच यौन सम्बन्ध राख्ने मात्र होइन दुवै एक अर्कोबाट सन्तुष्ट हुने पाउनु पनि उनीहरुको नैसंर्गिक अधिकार हो । यदि कुनै दम्पतिबिच यौन सन्तुष्टि प्राप्त गर्न सकेनन् भने तिनिहरुको सम्बन्धमा एक किसिमको चिसोपना आउन जान्छ । निम्न कारणले गर्दा यौनजन्य कारणमा सम्बन्धविच्छेद हुन्छ ।

**परस्जीगमन तथा परपुरुष गमन :**

यदि कुनै श्रीमान्श्रीमतीबीच यौन सन्तुष्टि प्राप्त गर्न सकेनन् भने तिनिहरुको सम्बन्धमा एक प्रकारको तुसारो पर्न जान्छ । जसबाट परस्जीगमन तथा परपुरुष गमन समेत हुने गर्छ र वैवाहिक जीवनमा असन्तुलित हुन गई अन्त्यमा सम्बन्धविच्छेद हुन जान्छ । महिला अस्वस्थ भई श्रीमानलाई यौन सन्तुष्ट बनाउन नसक्दा श्रीमान परस्त्रीसँग सम्बन्ध बढाउन गई आफूलाई वास्ता नगर्ने कुटपिट गर्ने, मानसिक यातना दिने, त केहि काम कि छैन भन्दै कुटपिट गर्ने, जे मनमा लाग्यो त्यहि बोल्ने जस्ता कुराहरुले गर्दा र पुरुषको लिङ्ग सानो भएका कारणले यौन सन्तुष्ट नपाएर परपुरुष गमन समेत हुने आदि कुराहरुले गर्दा महिलाहरु आफू श्रीमानसँग वस्न नसकि वाध्य भइ सम्बन्धविच्छेद हुने गर्दछ ।

**Gay भएको कारण :**

सम्बन्धविच्छेद हुनेको मुख्य कारण यौनजन्य कारणमा Gay भएको कारणले पनि सम्बन्धविच्छेद का घटनाहरु बढिरहेका छन् । Gay हो या होइन भन्ने कुरा विवाह अगाडि थाहा हुँदैनन् । यो त विवाहपछि मात्र थाहा हुने कुरा हो विवाह गरेपछि आफ्नो श्रीमान Gay भएको थाहा भएपछि सम्बन्ध विच्छेद भएको घटना मेरो छिमेकमा नै छ । मेरो छिमेकमा भएको घटना प्रस्तुत गर्न चाहन्छु उदाहरणको लागि केटाको परिवार घरमा माग्न आयो हेर्दा राम्रो नै थियो केटा, सबै कुरा राम्रो नै थियो, त्यो केटाको परिवार चाहिँ हरेक कुरामा सम्पन्न थियो र मेरो घर नजिकको दिदिलाई हेर्न आयो दुवै परिवारलाई मन पऱ्यो र

विवाहको साहित निकालियो र विवाह पनि भयो र विवाह भएको रात पो केटीलाई थाहा भयो त्यो केटा त Gay रहेछ भन्ने, र ब्राम्ह्मण संस्कार अनुसार केटी विवाह पछि ३ दिन पछाडि दुलहन फर्काउन माइत जानुपर्छ र त्यो दिदी ३ दिन सम्म कसैलाई केहि पनि नभनि त्यही घरमा वस्यो र २ ३ दिन पछाडि माइत आएर आफ्नो परिवारलाई भन्यो त्यो केटा त Gay रहेछ म वस्दिन त्यो सँग भनी रुनु भयो र पछि सम्बन्धविच्छेद नै भयो । अहिले उहाँ दिदीको राम्रो केटासँग विवाह भएर पनि विदेश जानु भएको छ ।

**घ) प्रविधिको उच्च विकास र सम्बन्धविच्छेद :**

२१ औँ शताब्दीमा विश्वको जुनसुकै ठाउँमा पनि प्रविधिको उच्च विकास भएको छ आजको समाज आधुनिकिकरण तर्फ लम्किरहेको अवस्थामा यहाँ आधुनिकिकरण्को नाममा पश्चिमीकरण समेत भित्रिएको छ । हाम्रो जस्तो विकासन्मूख देशमा प्रविधिले ठूलो प्रभाव पारेको छ । प्रविधिको उच्च विकासले गर्दा पश्चिमी संस्कृतिको देखासिकि गर्ने, सानै उमेरमा प्रेममा फसी विवाह गर्ने, शिक्षामा कमी हुने, उपनयास, फिल्म, पत्रपत्रिका, सामाजिक संञ्जाल आदिको नक्कल गरी गहिरो प्रेममा फसी तुरुन्तै प्रेम विवाहमा बाँधिदा विवाह अगाडि एकअर्काको वारेमा धैरै कुरा थाहा नभई पछि थाहा हुँदा दाम्पत्य जिवनमा चिसोपन आउँछ र सम्बन्धविच्छेद हुन पुग्छ । निम्न कारणले गर्दा प्रविधिको उच्च विकासको कारणले गर्दा सम्बन्ध विच्छेद हुन्छन् :

**मोबाइलका कारणः**

सञ्चारको यहि लोकप्रिय साधनले दाम्पत्य जीवनमा खतरा ल्याइदिन्छ । प्रविधिको उच्च विकासले गर्दा हरेक कुराको सुविधा चाहन्छन् मानिसहरु । श्रीमान्श्रीमती वाहिर गएका हुन्छन् र उनीहरुलाई आफू एक्लो भएको अनुभव हुन्छ र त्यहि अनुभव भएको वेलामा मोवाइल फोन आदिले उनीहरुको एक्लोपना हटाउन सहयोग गर्छ, मोबाइल अहिलेको अत्यधिक प्रिय साधनको रुपमा जनमानसमा प्रस्तुत भएको छ । जुनसाधन आपतलाई निकासा  बनाउने साधन हो । जसलाई मानिसहरुले Missuse गरिरहेको छन् । त्यसैमाथि पनि divorse मा मोवाइलको मूख्य कारण भएको देखिन्छ । जहाँ बुढाहरु बाहिर गएका महिलाहरुलाई आफ्नो श्रीमान सँग प्रत्येक दिन कुरा गर्ने नमिल्ने भएको हुनाले उनीहरु घरमा एक्लो बालबालिकालाई होस्टेल वा विद्यालय पढाउने भएका कारण

उनीहरुलाई साथीको आवस्यकता पर्ने हुँदा जो सुकै व्यक्तिसँग पनि कुरा गर्दै गर्दा उनीहरुसँग नजिक भई बुढासँग सम्बन्ध विच्छेद गर्ने सबै वाध्यता हाम्रो समाजमा देखिएको छ ।

**सामाजिक संजालको कारण :**

सामाजिक संजाल भन्ने वित्तिकै Facebook भन्ने बुझिन्छ । सामाजिक संजालले गर्दा को मान्छे कहाँ को के गर्दै छ । भनने कुरा सहज तरिकाले विश्वको एउटा सानो कोठाभित्रबाट हेर्ने र सुन्न सकिने संजाल हो । प्रंविधिले पनि मानिसको सेवा सुविधाको लागी विभिन्न संजालहरु आएका छन् जुन संजालको मानिसहरुलाई टाढाको नजिक बनाउने सुविधा दिएको छ । यहि संजालले गर्दा अहिले मानिसहरुमा विभिन्न किसिमका समस्याहरु देखापरेका छन् जसले गर्दा समाजमा नकारात्मक प्रभाव पारिरहेको छ । यस माथि पनि मानिसहरुको पारिवारिक सम्बन्धमा अझ बढी समस्या देखिएको छ । इन्टरनेटका कारण महिला, पुरुष, बालबालिकामा ठूलो प्रभाव पारेको छ । यो इन्टरनेट जान्ने नजान्ने जस्ताखाले मान्छेहरुले चलाउने भएको कारण संजाललाई नराम्रो रुपमा परिणत गरेका छन् विशेष गरेर विदेश गएका श्रीमान् र श्रीमतीहरु सबैसँग Time pass को छोरी र पुरुषले पनि अरुसँग सम्बन्ध राख्ने भएकोले दुवै एक अर्कोको लागी दोषी ठहरी सम्बन्धी विच्छेद सम्म पुगेको पाइन्छ ।

**ङ) पारिवारिक झगडाका कारणबाट हुने सम्बन्धविच्छेदः**

परिवारको उत्पतिलाई हेर्ने क्रममा सुरुमा मातृसत्तात्मक परिवारको रुप र अहिले पनि संसारका केहि छिटफुट ठाउँहरुमा मातृसत्तात्मक परिवार छ भनिए पनि प्राय जसो धेरै ठाउँहरुमा पितृसत्तात्मक सिद्धान्त रहेको छ । जहाँ महिलाहरुले नयाँ घरपरिवारको सदस्यहरुसँग आपसी माया प्रेम र सद्भाव देखाउनु पर्ने या आफूले पाउनु पर्ने हुन्छ । तसर्थ विवाहपछि जहिले पनि एउटी महिलाले उक्त घरको नयाँ वातावरणमा आफूलाई संयोजित गराउनु पर्ने हुन्छ । यसरी समयको पावन्दी सँगै कतिपय नयाँ नयाँ समस्या र अवस्थाका चरणहरु पार हुँदै जान्छन् भने कुनै बेला अन्य समस्याले स्थान लिन पुग्छ । पारिवारिक झगडाका कारणबाट हुने सम्बन्धविच्छेद निम्न प्रकारका छन् ।

**सासुवुहारी नन्द भाउजु, जेठाजेठाजी आदी बिचको झगडाका कारणः**

यिनिहरु बिचको झगडाले महिलालाई घर परिवारको सेवामा मात्र खटनपटन गरी अन्य अवसर र स्वतन्त्रताबाट बञ्चित राख्न खोज्नु, घरका सम्पूर्ण सदस्यहरुले नवविवाहित महिलालाई अत्यन्तै चियोचर्चा गरी मर्मभेदी वाक्य प्रयोग गर्नु, त्यहि अनुसारको श्रीमानलाई कुरा लगाउनु, जसले गर्दा त्यस घरमा बस्न नसकि महिलाहरुले सम्बन्धविच्छेद गर्दछन् ।

**विवाह पछिका सबै अपेच्छाहरु पुरा हुन नसक्नु :**

संयुक्त परिवारमा विवाह भएपछि त्यहाँ सबै इच्छा आकाक्षाहरु पुरा हुन सक्दैनन् र महिलाहरुमा स्वतन्त्रतमा, स्रोत र अवसर माथिको कम पहुँच र लोग्ने माथि बढी निर्भरताले गर्दा उनीहरुलाई आफू अरु माथि निर्भर हुनु परेकाले जुन सपना विहाहपछि महिलाले देखेका हुन्छन त्यो सपना विवाह पछि सम्भव नहुँदा झगडा सुरुहुने गर्दछ जसले गर्दा पारिवारिक सम्बन्ध मा चिसोपन सुरु हुने गर्दछ । भनिन्छ महिलाले एउटा श्रीमानमा आफ्नो खुसी देखेको हुन्छिन् जहाँ परिवारमा सबैसँग खुसी भएर वस्न नसक्नी सृजना तयार हुन्छ । आफुले भने अनुसार स्वतन्त्र भएर बाच्न नसक्नी भएकोले परिवारका सदस्यमा झगडाको सृजना हुने गर्दछ । महिलाले स्वतन्त्रतामा घरपरिवारका सदस्यहरुको हस्तक्षेपले गर्दा महिलालाई सहन नसक्नी भएको कारण अन्तिममा सम्बन्ध विच्छेदको कुरा अगाडी आउने गर्दछ जसले पारिवारिक सम्बन्धमा नकारात्मक छाप पुराएर जान्छ । साथै समाजमा पनि नकारात्मक प्रभाव पर्दछ ।

**च) मनोवैज्ञानिक कारण र सम्बन्ध विच्छेद**

हरेक कार्य सफल हुने र नहुनेमा मनोविज्ञानले ठूलो प्रभाव पार्छ र कुनै पनि घटनाक्रममा यसले ठूलै भूमिका खेलेको हुन्छ । जसबाट व्यक्तिको मानवीय सम्बन्ध टिकेको हुन्छ या भताभुङ्ग भएको हुन्छ । जब एउटा पतिपत्नी बिचमा अविश्वास र शंका आउँछ तब ति दुई दम्पति बिचमा द्वन्द्व हुन्छ र अन्त्यमा तिनिहरु सम्बन्ध विच्छेद मा पुग्छन् र सम्बन्ध विच्छेद गर्दछन् । यसले दुवै दम्पति बिचमा मनोवैज्ञानिक प्रभाव पारेको हुन्छ । जब कोहि महिलाको सम्बन्ध विच्छेद हुन्छ । उनी आफूलाई अत्यन्तै कमजोर भएको महशुस गर्छिन् । सम्बन्ध विच्छेद हुँदा कोहि महिलाले आफूलाई आत्मनिर्भर बनाउने र आफू अरुको भर नपर्ने गर्दछन् ।

जब दुई पतिपत्नी बिचमा शंका, उपशंका उत्पन्न हुन्छ । त्यहाँ झगडाका कारण महिलाहरु मानसिक रुपमा अत्यन्तै प्रभावित भई उनीहरु आत्महत्या गर्ने, टोलाउने गर्दछन् । कोहि पुरुषले त रिसको बेलामा श्रीमतीको हत्या समेत गर्ने गर्दछन् र महिलालाई विभिन्न किसिमका शारीरिक र मानसिक यातना दिएका हुन्छन् । यस्ता विभिन्न कारणले गर्दा यहाँ दुवै पतिपत्नी बिचमा सम्बन्ध विच्छेद हुन जान्छ र महिलाहरु आफू मानसिक रुपमा पूर्ण स्वतन्त्र भएको महसुस गर्दछन् र उनीहरु खुसी हुने, साथीहरुसँग रमाउने, आमाबाबुसँग भेटघाट गर्ने, उनीहरुमा आत्मबल बढ्न गई भविष्यमा सक्षम बन्ने र आत्मनिर्भर भई आफ्ना बालबच्चाको पालनपोषण गर्न सक्ने अवस्थामा पुग्ने गर्दछन् । कुनै घटनामा सम्बन्ध विच्छेदले महिलालाई सकारात्मक परिणाम दिने गर्दछ भने धेरैजसो घटनामा सम्बन्ध विच्छेदले महिलालाई नकारात्मक परिणाम दिने गर्दछ । जस्तो कि लताशाको घटनालाई हेर्दा सम्बन्ध विच्छेद लाई सकारात्मक रुपमा लिन सकिन्छ भने लताशाको आत्मा हत्यालाई नकारात्मक रुपमा लिन सकिन्छ ।

### छ) रोजगारी र सम्बन्ध विच्छेद

२१ औं शताब्दीमा बढ्दो आधुनिकिकरण जसको कारण महिलाहरु सबै शिक्षित हुँदै गइरहेको छन् जसको कारणले महिला आफैमा आत्मनिर्भर हुन सक्षम भइरहेका छन् र महिला घरको काममा मात्र सिमित नभई घर बाहिर जागिरमा सहभागिता लिन थालेका छन् भनिन्छन् जब महिला वा पुरुष जो कोहि होस आफैमा आत्मनिर्भर रहन्छन् कसैको आस मानेर बस्नुपर्ने हुँदैन त्यहि कुरा यहाँ लागु भइरहेको छ । जब महिला शिक्षित र जागिर गर्ने सक्षम हुन्छ । उनीहरु कसैको पनि भरमा पर्ने नहुनाले आफ्नो श्रीमान र परिवारको हस्तक्षेप सहन नसक्ने भएको कारणले गर्दा सम्बन्ध विच्छेदको कारण सृजना हुन्छ । रोजगारीको अवसरमा महिला मात्र एउटा जागिरमा सिमित नभई धेरै कुरा घर बाहिरका साथै बाहिरी कुराहरुको ज्ञान रहेको पाइन्छ र साथ साथै जब महिला पुरुष एक अर्कोमा समझदारीको कुरा पनि आउने गर्दछ जब महिला र पुरुषबाट बाहिर जागिरको सिलसिलामा निस्कन्छन् तब घर आउने समयमा ढिला सुस्ती देखिन्छ । साथै शंका उपशंकाको कारणले गर्दा झगडा सुरु हुन्छ र जब दुवै बढी जान्ने हुन्छन् कसैले कसैको कुरामा विश्वास र शान्तिपना नदेखाउने कुरा आउँछ तब सम्बन्धमा दरार पैदा हुन्छ र

सम्बन्ध विच्छेदको सृजना उत्पन्न हुन्छ । यिनै कारणले रोजगारी र सम्बन्ध विच्छेदको कारण हो ।

### ५.१.२ सम्बन्ध विच्छेदका परिणामहरु

सम्बन्ध विच्छेद आफैंमा नराम्रो कुरा भने होइन । तर यसले व्यक्ति, परिवार समाज र राष्ट्रलाई केहि न केहि रुपमा सकारात्मक वा नकारात्मक प्रभाव पारेकै हुन्छ । सम्बन्ध विच्छेदका परिणामहरु सकारात्मक र नकारात्मक दुवै निस्किएको मेरो स्थलगत अध्ययनबाट प्राप्त भएको छ ।

### क) सम्बन्ध विच्छेदका नकारात्मक परिणाम

### सम्बन्ध विच्छेदले बालबालिकामा पारेको नकारात्मक परिणाम

सम्बन्ध विच्छेद आफैमा एउटा नकारात्मक शब्द भएको हुँदा यसले दुवै श्रीमानश्रीमती बिच सम्बन्ध पूर्ण रुपमा समाप्त गरी उनीहरुको बालबच्चाहरु टुहुरा सरह हुन गई उनीहरुको भविष्य अन्यौलमा पर्न गएको पाइयो । बालबालिकालाई समाजले हेर्ने दृष्टिकोण फरक भई ती बच्चाहरुमा मनोवैज्ञानिक, सामाजिक, शारीरिक रुपमा असर पर्न गई उनीहरु नराम्रो कुलतमा फस्न सक्छन् । जसले गर्दा ति बच्चाहरुको व्यवहार नै फरक हुन सक्छ । सम्बन्ध विच्छेद गर्दा सम्बन्ध विच्छेद कर्ताको बालबालिकाहरुको शिक्षा, दिक्षा, स्वास्थ्य उपचार विवाहमा कठिनाई उत्पन्न भएको पाइयो । सम्बन्ध विच्छेद बढी हुँदा समाज विकृतितिर उन्मुख हुन सक्छ । जसले गर्दा नयाँ पिडिहरुले देखासिकि गर्दा उनीहरुको जीवन पनि सम्बन्ध विच्छेद तर्फ अग्रसर भएको देखियो । सामाजिक साँस्कृतिक रुपमा सामाजिक असन्तुलन हुन्छ भने सामाजिक स्तरमा कमी आउँछ ।

### सम्बन्ध विच्छेदले समाजमा पारेको नकारात्मक प्रभाव

हाम्रो जस्तो हिन्दु समाजमा सम्बन्ध विच्छेद लाई अपवित्र रुपमा लिइन्छ किनभने सम्बन्ध टुट्नु भनेको यसै पनि नराम्रो कुरा हो । हाम्रो समाजमा विवाहलाई सात जन्मको पवित्र बन्धनको रुपमा लिइन्छ भने सम्बन्ध विच्छेद लाई अपवित्र रुपमा लिइन्छ तर पश्चिमा देशहरुमा भने सम्बन्ध विच्छेद लाई सकारात्मक रुपमा लिइएको पाइन्छ किनभने उनीहरु हरेक कुरामा अगाडि छन् । प्रविधि र विकासमा सोचमा नै हामी भन्दा धेरै अगाडि छन् ।

जसले गर्दा सम्बन्ध विच्छेद हुनु भनेको पश्चिमाहरुको लागि कुनै नौलो कुरा होइन र उनीहरुले यसलाई सकारात्मक रुपमा लिएका छन् भने हाम्रो समाजमा यसलाई नकारात्मक रुपमा लिइएको छ। सम्बन्ध विच्छेद बाट मानिसहरु दुई दम्पतिबिच मात्र नकारात्मक असर पर्न नगई यसले सिंगो समाजलाई नै असर गरेको पाइयो ।

**ख) सम्बन्धविच्छेदका सकारात्मक परिणामः**

**सम्बन्ध विच्छेदका सकारात्मक परिणामहरु निम्न प्रकारका छन् :**

**धार्मिक पुरातनवादी सोचमा परिवर्तन :**

सम्बन्ध विच्छेद गर्दा महिलामा आफू श्रीमती भएकै कारण श्रीमान् तथा परिवारबाट आइपर्ने अनावश्यक किसिमको दबाब पिडा, दुःख सहेर बस्नु पर्छ भने हाम्रो धार्मिक पुरातनवादी समाजमा परिवर्तन आएको पाइयो । हाम्रो हिन्दु समाजमा महिलालाई हरेक कुरामा पछि पारिएको छ , पुरुषको अधिनमा वस्नुपर्ने वाध्यतामा परिवर्तन आएको छ।

**व्यक्तिगत स्वतन्त्रताको महसुस**

अहिलेको २१ औँ शताब्दीमा स्वतन्त्र भएर वाच्न पाउनु सबैको अधिकार हो । कसैको दवाव, शोषण, अन्याय सहेर बस्नुपर्ने वाध्यता अहिलेको महिलाहरुलाई छैन किनभने महिलाहरु हरेक पक्षमा सक्षम, स्वरोजगारी, आत्मनिर्भर शिक्षित भएका छन् । सम्बन्ध विच्छेद भएपछि तनावपूर्ण वैवाहिक जिवनबाट मुक्ति मिल्छ, विवाह भएपछि महिलाहरुलाई हरेक कुरा गर्नका लागि श्रीमान् घरपरिवारको अनुमतिमा गर्नुपर्दछ भने सम्बन्ध विच्छेद पछि महिलाहरु स्वतन्त्र भएर आफू खुसीको आफूले चाहेको कुरा गर्न सकिन्छन् । आफ्नो इच्छा अनुरुपको कार्य गर्न सक्छिन्, आफू अनुकुलको कुनै पनि व्यवसाय अगाल्न सक्छिन् महिलाहरु मानसिक शारिरीक रुपमा स्वतन्त्र हुन्छन् ।

**रोजगारीको अवसरः**

विवाहपछि रोजगार गर्न नपाएका महिलाहरुले सम्बन्ध विच्छेदपछि रोजगारको अवसर पाउँछन् महिलाहरुमा आफूले नै केहि गर्नुर्पछ भन्ने आत्मावल बढ्दछ । सम्बन्धविच्छेद भएपछि महिलाहरुले आफूले चाहे अनुसारको व्यापारव्यवसाय गर्न सक्छन् कसैको डर, धम्की तनाव शोषण अन्याय, अत्याचार वेरोजगारी, असक्षम आदि सहेर वस्नु पदैन ।

**शारीरिक र  मानसिक रुपमा स्वतन्त्रताः**

जब दुई दम्पति बिचमा शंका उपशंका उत्पन्न हुन्छ । त्यहाँ झै-झगडाका कारण महिलाहरु शारिरीक र मानसिक रुपमा कमजोर हुन सक्छन् । जसले गर्दा महिलाहरु आत्महत्या गर्ने, पागल हुने, रिसाउने आदि स्वभावका हुन सक्छन् तर सम्बन्धविच्छेद भएपछि महिलाहरु आफू मानिसक रुपमा पूर्ण स्वतन्त्र भएको महसुस गर्दछन् र उनीहरु खुसी हुने सार्थीहरुसंग रमाउने आत्मबल बढ्ने रआत्मनिर्भर  आदि भई उनीहरुको भविष्य सम्बन्ध विच्छेद पछि उज्जवल भएको पाइन्छ ।

**पारिवारिक दबाबबाट मुक्त**

सम्बन्धविच्छेद पछि पारिवारिक दबाबबाट मुक्त पाइन्छ । किनभने घरपरिवारसंग बस्दा सानातिना कुरामा झगडा हुने शंका उपशंका उत्पन्न हुने अविश्वास बढ्ने घृणा गर्ने चियोचर्चो गर्ने अनावश्यक किसिमको पिडा सहेर बस्नु पर्ने हुँदैन । महिलाहरुले स्वतन्त्रताको महसुस गरी पारिवारिक दवाबबाट मुक्ति पाउँछन् ।

## ५.२ सम्बन्ध विच्छेद पछि महिलाहरुले विभिन्न संघसंस्था र परोपकारवाला निकायबाट भोग्नु परेका समस्याहरु

मानव जाति समाजमा बस्ने एक सचेत प्राणी हो । जसले समाजको लागि राम्रो कार्य गर्न अगाडि बढिरहेको हुन्छ । समाजका प्रत्येक एकाइहरु सुचारु रुपमा सञ्चालन हुन नसक्दा समाजका कतिपय एकाईहरुमा समस्या परेको अनुमान लगाउन सकिन्छ । जसका कारण एउटा समाज सहि रुपले सञ्चालन हुन सम्पूर्ण एकाई सहि तवरले सञ्चालन हुनको लागि प्रत्येक एकाईहरुमा तालमेल हुनुपर्छ । त्यसमध्ये कुनै पनि एकाईहरुमा विचलन आयो भने सम्पूर्ण संरचना बिग्रन सक्ने सम्भावना हुन्छ ।

कुनै घटनामा सम्बन्ध विच्छेद ले महिलालाई सकारात्मक परिणाम दिन्छ भने धेरैजसो घटनामा सम्बन्ध विच्छेद ले महिलालाई नकारात्मक परिणाम दिन्छ । जस्तोकि लतासाको घटनालाई हेर्दा उसको घरपरिवारले यदि उसको कुरा सुनेर सम्बन्ध विच्छेद गर्न दिएको भए त्यहाँ उसको ज्यान जादैन थियो होला । त्यसैले सम्बन्ध विच्छेद लाई मानिसहरुले नकारात्मक ढङ्गबाट लिने गर्दछन् तर सम्बन्ध विच्छेद आफैमा नकारात्मक

चाँहि हुदैन् । यसलाई हेर्ने दृष्टिकोणमा भर पर्दछ । समाजमा रहने सुक्ष्म एकाई र बृहत इकाईको एक आपसको सम्बन्धबाट पुरा समाज चलेको हुन्छ । सम्बन्ध विच्छेद कममा अदालति कारवाहि देखि विभिन्न संघसंस्थाहरुले भन्दा पिडितले धेरै दु:ख कष्टहरुको सामाना गर्न बाध्य हुन्छन् । हरेक कुरामा ढिलाई गरिदिने, भोलि आउनुस् या पर्सि आउनुस भन्ने त्यति वास्ता नगर्ने, महिलाहरुले हेर्ने दृष्टिकोण पनि फरक पारिदिने, डर धम्की, घुसपेठ हुने, अदालति सुनुवाईमा ढिलासुस्ती हुने, जस्ता कारणले पनि पिडितले दु:ख भोग्नु परेको बताउँछिन् भट्टराई । त्यसैगरी संघसंस्थाहरुले लिने चर्को रकम प्रतिवादीसँग मिलेर थप समस्याहरु थपिदिने हुँदा पिडितले समस्याहरु भोग्नु परेको बताउनुहुन्छ । ग्रिन ल एसोसिएसनका रामचन्द्र पौडेल । यसरी सरोकारवाला निकायहरुले नितिनियम सहि रुपले कार्यान्वयन गरी व्यवस्थित तवरले घटनाहरु सुल्झाउन सक्नुपर्दछ । त्यसका लागि नितिनियम, ऐन कानुन कार्यान्वयनमा राम्रो व्यवस्था हुनुपर्ने देखिन्छ ।

### ५.३ सम्बन्ध विच्छेद पछि महिलालाई घरपरिवारले गर्ने व्यवहार र भोग्नु परेका समस्याहरु

सम्बन्ध विच्छेद आफैमा दुर्घटना होइन । यो त दुर्घटनापूर्ण विवाह र विंसगत दाम्पत्यको परिणति हो । व्यक्ति बिरामी हुनु रोगको कारणले हो र रोग लाग्नु व्यक्ति र वातावरणको अन्तरक्रियात्मक व्यवहारको परिणाम हो । सम्बन्ध विच्छेद हुनुमा धेरै तत्वहरुको प्रक्रियागत कारण जिम्मेवार रहेको हुन्छ । सम्बन्ध विच्छेद पछि महिलाहरु दुख, पिडित, नैरास्यतामा पुगेका हुन्छन् । जब महिलाहरु दुखी हुन्छन् तब उनीहरुको हरेक काम कुरामा असर पर्न जान्छ । जब महिलाहरु सम्बन्ध विच्छेद पछाडि हरेक कुराबाट दुखी भई शारीरिक मानसिक रुपमा कमजोर भएको बेलामा घरपरिवारबाट पनि सहज माया प्रेम सद्भाव नहुने हुँदा महिलालाई बढी दु:ख पिडा हुने गर्दछ । महिलाहरुलाई घरपरिवारले हेला, अपहेना गर्ने, यसैका कारणबाट, हाम्रो घर बिग्रिएको हो भन्दै अपशब्दहरु प्रयोग गरी गाली गर्ने आदि गर्दा महिलाहरु झन नकारात्मक बाटो रोज्न सक्छन् । त्यसैले घरपरिवारमा उनलाई सहज तरिकाबाट व्यवहार गर्ने, हौसला, हिम्मत दिने र उसलाई सकारात्मक तरिकाले व्यवहार गर्नुपर्ने हुन्छ ।

२१ औं शताब्दीका सामाजिक प्राणी हामी कसैको रहनसहन, दवाव, करकापमा बस्न चाहदैनौं । यस्तै स्वतन्त्रताको चाहनाले गर्दा आजभोलि सम्बन्ध विच्छेदको दर वृद्धि भइरहेको छ । आजका महिलाहरु स्वरोजगार, सक्षम, शिक्षित भएका कारणले पनि उनीहरु पुरुषको

दवावमा बस्न चाहदैन जसले गर्दा सम्बन्ध विच्छेद पढेको छ भने कतिपय महिलाहरु आफू सक्षम भएका हुँदैनन र उनीहरु पुरुषको भरमा बाचेका हुन्छन् र सम्बन्ध विच्छेद भएपछि उनीहरुलाई सबै बाटो बन्द भए जस्तो लाग्छ र उनीहरु मानसिक रोगी, टोलाउने, एक्लै बस्न रुचाउने, रिसाहा खालका पनि भएका छन् । कसरी गर्ने भनेर सोच्दा सोच्दै उनीहरु पागल पनि बन्न पुगेका जस्ता समस्याहरु देखा पर्दछन् । त्यसैले घरपरिवारको राम्रो साथ भयो भने सम्बन्ध विच्छेद पछि पनि महिलाहरुको जीवन सहज हुन सक्छ ।

## ५.४ सम्बन्ध विच्छेद गर्ने महिलालाई समाजले गर्ने व्यवहार र उनीहरुले भोग्नु परेका समस्याहरु

सम्बन्ध विच्छेदको घटना अलि असामान्य प्रकृतिको घटना मानिन्छ । यस्तो घटनाको प्रभाव हरेक क्षेत्रमा परेको हुन्छ । त्यसले व्यक्ति परिवार, समाज र सिङ्गो राष्ट्रलाई नै प्रभावित गर्दछ । त्यसकारण पनि सम्बन्ध विच्छेद व्यक्तिगत र पारिवारिक समस्या मात्र नभएर यो एउटा सामाजिक समस्याको रुपमा देखा परिसकेको छ । यसको लागि हाम्रो समाज सामाजिक व्यवस्था र यसको संरचनागत तत्वहरु पनि उत्तिकै जिम्मेवार हुन्छन् । समाजमा घट्ने हरेक घटनाले समाजलाई ढिलो चाडो रुपमा प्रभाव पारेकै हुन्छ । हाम्रो जस्तो हिन्दु समाज सँस्कारको रुपमा उच्च स्थानमा र मूल्यमान्यता धेरै भएको समाज पितृसत्तात्मक मान्यताले गर्दा महिलाहरुले धेरै समस्याहरु भोग्नु परेको छ । जब दम्पति बिचमा सम्बन्ध विच्छेद हुन्छ र सम्बन्ध विच्छेद भइसकेकी महिलालाई समाजले हेर्ने दृष्टिकोण नै फरक हुन्छ । समाजमा जब महिला एक्ली हुन्छिन् तब समाजले उनलाई विभिन्न किसिमको कुदृष्टिले हेर्ने, हेला गर्ने आरोप लाञ्छना लगाउने गर्दछन् ।

सम्बन्ध विच्छेद महिला कै कारणबाट भएको र महिला नै नराम्रो भएर महिलामा नै केहि कमीकमजोरी या खोट भएर त केटाले सम्बन्ध विच्छेद गरेको हो भन्ने आरोप पनि महिला माथि लाग्ने गर्दछ । त्यसले केहि नराम्रो गरी होला त्यहि भएर लोग्नेले छोडेको भन्ने गर्दछन्, हाम्रो नेपाली समाजमा महिलाहरुलाई जताबाट पनि महिलालाई नै दोष दिने गर्दछ । महिलालाई गलत मात्र ठान्ने, नबोल्ने, विभिन्न लाञ्छना लगाउने गर्दछन् । यस्ता विभिन्न नकारात्मक व्यवहारले गर्दा महिलाहरु त्यस समाजमा बस्न नसक्ने वा आत्माहत्या गर्ने आदि गरिरहेको हुन्छन् । यसरी समाजले सम्बन्ध विच्छेद गर्ने महिलालाई आफ्नै छोरी दिदीबहिनी, सम्भिmनु पर्दछ , उनीहरुलाई हेला, अपहेलना, लालञ्चना लगाउनु हुँदैन, हरेक

नयाँ नयाँ कुरामा अगाडि बढाउनु पर्ने समाजमा उनिहरुलाई राम्रो सम्बन्ध राख्ने वातावरण बनाउनु पर्दछ ।

### ५.५ विभिन्न कालमा सम्बन्ध विच्छेदका घटना

सम्बन्ध विच्छेदको उत्पति १५ औं शताब्दीबाट भयो त्यसपछि २० औं शताब्दीमा लण्डनमा व्यापक रुपमा फैलियो । युरोपेली देशहरुमा वैवाहिक ऐन सन् १८५७ अनुसार छोडपत्र सबै साधारण मान्छेका लागि कार्यान्वयन भएको थियो । त्यसपछि सम्बन्ध विच्छेद मात्र पुरुषहरुका लागि खुल्ला थियो र निकै महङ्गो थियो । यो संसदको १ ऐनद्वारा प्रदान गर्नुपर्ने थियो र यसैले मात्र धनिका लागि खुल्ला थियो । त्यसपछि Herry Vill Canterbury को Archbishop द्वारा छोडपत्र प्रदान गरियो । नयाँ व्यवस्था अन्तर्गत व्यभिचारको आधारमा सम्बन्ध विच्छेद गरेका महिलाहरु मात्र आफ्नो पतिहरुद्वारा अविश्वासी भएको सावित थियो तर त्यो बेलामा महिलाहरु क्रुरता, बलत्कार, हाडनाताकरणी, सबुतका रुपमा समावेश गरी सावित गर्नुपर्ने नियम कानुन थियो । निजि सदस्यहरुले १९२३ मा महिलाहरु व्यभिचारका लागि छोडपत्र आवेदन गर्न बाकी थियो । १९३७ मा व्यवस्था परिवर्तन भयो र सम्बन्ध विच्छेद गर्दा मतवालापन, पागलपन र पलायन सहित अन्त्य आधारमा अनुमति दियो । १९६९ को Divorce Reform Act ले ठूलो परिवर्तन ल्यायो । जसमा दम्पति जोडीहरुले २ वर्षसम्म छुट्टिएर बसे पश्चात सम्बन्ध विच्छेद गर्न पाउने अधिकार समावेश गरेको थियो ।

हाम्रो देशको परिवेशमा नयाँ मुलुकी ऐन २०२० लागु हुनु भन्दा पहिले हाम्रो समाजमा विभिन्न किसिमका परम्परागत नियमहरु चलनचल्तीमा थियो । १९१० सालमा श्री ५ सुरेन्द्रको पालामा बनेको मुलुकी ऐनले सम्बन्ध विच्छेद गर्नका लागि सिन्कोकाटी छुट्टिनु भन्ने प्रक्रियाबाट लोग्ने आफ्नो स्वास्नीसँग छुट्टिनुको लागि अनुमति प्राप्त गर्थ्यो । यसमा सानो वाँसको लट्ठी श्रीमान्ले भाच्थ्यो । त्यसैगरी भारतमा सन् १९५५ मा हिन्दु विवाह ऐन आएपछि सम्बन्ध विच्छेद एवम् विवाह सम्बन्धी क्रियाकलाप व्यवस्थिति भएपछि त्यसको प्रभाव हाम्रो देशमा पनि पर्न थाल्यो । नेपालका ग्रामीण क्षेत्रमा भद्रभलादमीहरुले ब्राम्हण, क्षेत्री जातिहरुमा पनि न्यायिक विच्छेदको चलन चलाउन थाले । लोग्नेबाट छुट्टिएर बसेकी स्वास्नीलाई लोग्नेले आफ्नो क्षमता अनुसारको खाने लगाउने सुविधा दिनुपर्ने तर यौन सम्पर्कको अवसर दिन नहुने र लोग्नेले अर्को विवाह गर्न सक्ने प्रचलन थियो । समयको

परिवर्तनसँगै नेपालमा २००७ सालमा राणा शासनको अन्तसँगै प्रजातान्त्रिक व्यवस्थाको उदय हुन पुग्यो । त्यसपछि नेपालले पनि आफूलाई विश्वको बदलिदो परिवेशसँग समायोजन ागर्न नयाँ खाले निति कार्यान्वयन गर्न थाल्यो । सोहि अनुरुप २०२० सालमा नयाँ मुलुकी ऐन जारी गऱ्यो । यस मुलुकी ऐनको लोग्ने स्वास्नी र विवाहवारीको महल अन्तर्गत सम्बन्ध विच्छेद सम्बन्धी कानुनी आधारको व्यवस्था गरिएको छ ।

### ५.६ सम्बन्ध विच्छेद हुनेमा प्राय २० देखि ३५ वर्षसम्म

काठमाडौं जिल्ला अदालतका अनुसार अहिले सम्बन्ध विच्छेद हुनेमा प्राय २० देखि ३५ वर्षसम्म काले बढी मात्रामा सम्बन्ध विच्छेद गरेका छन् । एक तथ्यांकका अनुसार २० वर्षभन्दा माथिका महिलाहरुले बढी मात्रामा सम्बन्ध विच्छेद गरेका छन् । काठमाडौं जिल्ला अदालतका अनुसार आर्थिक वर्ष २०६८/०४/०१ देखि हालसम्म सम्बन्ध विच्छेदका घटनाहरु ३८४७ दर्तामा आएका छन् भने ३२४९ केशहरु फैसला भइसकेको उल्लेख गरिएको छ । जिल्ला अदालतका कानुन अधिवक्ता रामचन्द्र पौडेलका अनुसार अधिकांश सम्बन्ध विच्छेदका घटनाहरु मागि विवाहमा भन्दा प्रेम विवाहमा सम्बन्ध विच्छेद भएको बताइएका छन् । नेपालको एक तथ्यांकका अनुसार ६३% सम्बन्ध विच्छेद भएका मध्ये ३७% प्रेम विवाहका रहेका छन् ।


उल्लेखित अध्ययनमा एउटा केशमा १५ वर्षको उमेरमा नै २५ वर्षको केटासँग प्रेमविवाह भयो । जसमा १० वर्षको फरक थियो भने अर्को केशमा १७ वर्षको उमेरमा २९ वर्षको केटासँग मागी विवाह भयो । पहिलो केटाले केटीको सम्पति देखेर विवाह गरेको थियो भने दोस्रो केटामा जागिर गरी अगाडि २ जना केटी विवाह गरी ती केटीहरुले छाडेका थिए । यसले के सन्देश दिन्छ भने उमेरको फरकले पनि, लोभलालचले पनि सोचाइ, मनोरञ्जन र अन्य विविध कुरामा असमझदारीको स्थिति देखाउँछ ।

### ५.७ सम्बन्ध विच्छेद हुनेमा शिक्षित महिलाहरु बढी

काठमाडौं जिल्ला अदालतका अनुसार सम्बन्ध विच्छेद हुनेमा अधिकांश शिक्षित महिलाहरु रहेको तथ्यांकमा प्रस्तुत छ । एक अध्ययनका अनुसार १००% मा ६७% शिक्षित महिलाहरुले सम्बन्ध विच्छेद  गरेको पाइयो । कानुन व्यवसायी कल्पना शाक्यका अनुसार

आधुनिक समाजमा स्वरोजगारी, महिला सशक्तिकरण, सक्षम, आत्मनिर्भर, शिक्षित महिलाहरुले सम्बन्ध विच्छेद गर्न आएको पाइन्छ । आत्मनिर्भर जोडिले प्रेम विवाहबाट सफलता प्राप्त गरेको पाइन्छ तर परिवारमा आश्रित जोडिको प्रेम विवाह सफल भएको घटना धेरै कम छन् । काठमाडौं महानगरपालिका कानुन तथा मुद्दा विभागका कानुनी अधिकृत वसन्त आचार्यले भन्नुभयो ।

## ५.८ अध्ययनको अवधारणागत ढाँचा




विवाह अगाडिका सम्बन्ध विच्छेदका कारणहरुमा केटा वा केटी दुवैको या दुवै मध्ये एकको सानो उमेरमा विवाह हुँदा जिवनमा विवाहको महत्व, उद्देश्य लगायत विविध

कुराहरुमा उनीहरुबाट दिर्घकालिन सोच बनाइएको हुँदैन । विस्तारै उमेर लगायत विविध पक्षहरुको परिपक्कतासँग श्रीमान श्रीमती बीचको धारणा सोचाई फराकिलो हुँदै गए सम्बन्ध विच्छेदको स्थिति आउन सक्छ । स्वस्थ पहिचानको अभाव हुनुको साथै उचित सहमतिको अभाव पनि हुन्छ । यसरी विवाह अगाडि केटाकेटीले अथवा उनीहरुको परिवारले आ-आफ्नो छोराछोरीको विभिन्न पक्षका कमीकमजोरीहरुलाई लुकाई विवाह पश्चात एक आपसमा थाहा पाए दाम्पत्य जीवनमा चिसोपना आउन सक्छ ।

त्यसैगरी विवाह पछाडिका विभिन्न कारणहरुमध्ये सामाजिक कारण र साँस्कृतिक कारणहरु पनि पर्दछन् । यहाँ सामाजिक कारणभित्र जातिय स्तरीकरण, पारिवारिक संरचना र पृष्ठभूमि शिक्षा, पेशा लगायत अन्य पक्षहरु पर्दछन् भने साँस्कृतिक भित्र रहनसहन, चालचलन, नैतिकता, विश्वास, मूल्यमान्यता आदि पर्दछन् । जसबाट श्रीमान श्रीमती बीचमा वा उनीहरुको पारिवारिक स्तरमा आपसिक असामान्यजस्यता भई आपसिक बेमेल र असहज स्थिति उत्पन्न हुन्छ । त्यसैगरी दम्पति बिचको उमेरको फरकपनाले पनि उनिहरुमा बोल्ने, सोच्ने, हरेक कुरालाई विश्लेषण गर्ने कुरामा फरक आउँछ । त्यस्तै गरी दम्पति बिचमा यौन सन्तुष्टिको अभावले गर्दा पनि दम्पति बिचमा फाटो आउँछ । महिलाहरुमा आएको जागरणमा आएको चेतनाको विकास र महिला अधिकारहरुले गर्दा बैदेशिक रोजगार राजनैतिक कारण, प्रविधिको दुरुपयोगले गर्दा सम्बन्ध विच्छेद गर्न पुग्नु विवाह पछाडिका सम्बन्ध विच्छेदका कारणहरु हुन् ।

## ५.९ सम्बन्ध विच्छेदको निम्ति कानुनी प्रावधान र प्रकृयाहरु

नेपालको सन्दर्भमा सम्बन्ध विच्छेद सम्बन्धी कानुनी व्यवस्था सर्वप्रथम वि.सं. १९१० मा बनेको मुलुकी ऐनले मात्र गऱ्यो । यस ऐनले सम्बन्ध विच्छेद गर्नाको लागि निश्चित समय सिमा "पारपाचुके गर्न्या" भन्ने महलमा तोकेको थियो । जसमा नेवार जातिको लागि सम्बन्ध विच्छेद सम्बन्धी स्पष्ट व्यवस्था गरेको थियो । ऐनमा उल्लेख भए अनुसार लोग्ने बिरामी परेको अवस्थामा र स्वास्नीलाई ग्रहदशाले च्यापेको अवस्थामा एवम् दुवैको मञ्जुरी नभएको अवस्थामा भने सम्बन्ध विच्छेद गर्न नसकिने व्यवस्था थियो पछि आएर २०२० सालमा बनेको नयाँ मुलुकी ऐनले सबै जातजाति तथा धार्मिक समुदायहरुका लागि समान आधारमा सम्बन्ध विच्छेद हुने वा गर्न पाइने कानुनले व्यवस्था गऱ्यो । मुलुकी ऐन २०२० को एघारौं संशोधन सम्म आईपुग्दा यसमा थुप्रै परिवर्तन भई हाल सम्बन्ध

विच्छेदको स्पष्ट आधारहरु त्यसले परिवार एवम् समाजमा परेको असर तथा बालबालिकाको स्थिति बारेमा स्पष्ट रुपमा कानुनमा व्यवस्था गरेको छ । यस ऐनले सबै जातजाति र धर्ममा आस्था राख्ने, नयाँ मानिसहरुका लागि समान आधारमा सम्बन्ध विच्छेद गर्न सकिने कानुनी आधार खडा गऱ्यो । जस अन्तर्गत मुलुकी ऐनको भाग १२ श्रीमानश्रीमती पहल २ भाग १७, विवाहवारीको पहल मा यस सम्बन्धी व्यवस्था गरिएको छ ।

### ५.९.१ प्रावधान

मुलुकी ऐन २०२० को एघारौं संशोधनको महल १२ अनुसार निम्न अवस्थामा सम्बन्ध विच्छेद हुन सक्छ ।

- श्रीमतीले श्रीमानलाई निजको मञ्जुरी वेगर लगातार ३ वर्ष वा सो भन्दा बढी समयदेखि छोडि अलग बस्ने गरेमा वा लोग्नेको ज्यान जाने अंगभङ्ग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा वा श्रीमतीलाई निको नहुने यौन सम्बन्धी रोग लागेमा आदि अवस्थामा यस्तो श्रीमतीसित श्रीमानले सम्बन्ध विच्छेद गर्न पाउँछ ।
- श्रीमानले अर्को श्रीमती ल्याएमा वा राखेमा वा श्रीमतीलाई घरबाट निकालेमा वा खान लगाउन नदिएमा वा श्रीमतीको खोज खबर नलिई हेरविचार नराखी लगातार तीनवर्ष वा सो भन्दा बढी समयदेखि श्रीमतीलाई छोडी अलग बस्ने गरेमा वा श्रीमतीको ज्यान जाने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा आदि अवस्थामा श्रीमानसित श्रीमतीले सम्बन्ध विच्छेद गर्न पाउछे ।
- लेखिए बाहेक अरु अवस्थामा दुवै थरीको मञ्जुरी भएमा श्रीमान श्रीमतीको सम्बन्ध विच्छेद हुन सक्छ ।
- श्रीमतीले अर्कोसँग विवाह गरेमा त्यस्तो श्रीमान श्रीमतीको सम्बन्ध स्वतः विच्छेद हुन्छ । (मुलुकी ऐन एघारौं संशोधन ऐन २०५९ द्वारा संशोधित) । यसैगरी विवाहवारीको पहलको १७ नं. अनुसार

- श्रीमान वा श्रीमतीमध्ये कसैको उमेर अठार वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेका रहेनछन् भने अठार वर्ष उमेर नपुगी विवाह भएकोले अठार वर्ष पुगेपछि मञ्जुरी नगरे त्यस्तो विवाह बदर हुन्छ ।
- सधवा, विद्यवा वा सम्बन्ध विच्छेद भइसकेकी महिलालाई कन्या हो भनी वा विवाहित, विदुर वा सम्बन्ध विच्छेद भइसकेको पुरुषलाई विवाह भएको थिएन भनी ढाँटी विवाह भएकोमा त्यसरी झुक्यानमा पारी विवाह गर्नेले मञ्जुर नगरे विवाह वदर हुन्छ ।

### ५.९.२ प्रकृया

माथि उल्लेखित प्रावधान अनुसार सम्बन्ध विच्छेद गर्न चाहने पुरुष र महिलाले निवेदन दिने अड्डामा पनि भिन्न भिन्न व्यवस्था गरी महिलालाई बढी सुविधा प्रदान गरिएको छ । यसरी सम्बन्ध विच्छेद गर्न चाहनेले कारण खोलि सम्बन्धित अड्डामा निवेदन दिनुपर्छ । यसमा महिलाले पुरुषसँग सम्बन्ध विच्छेद गर्न चाहेमा सोझै मुद्दा हेर्ने अदालतमा निवेदन दिन सक्छ भने पुरुषले वा महिला पुरुष दुवैको मञ्जुरीले सम्बन्ध विच्छेद गर्न चाहे सम्बन्धित गा.वि.स. वा न.पा. मा निवेदन दिनुपर्छ । यसरी निवेदन पर्न आए सो गा.वि.स. र नगरपालिकाले सकभर दुवै पक्षलाई सम्झाई बुझाई मिलापत्र गराउनु पर्छ । यद्यपि सम्झाउँदा मिलापत्र गर्न मानेनन् वा मिलापत्र गराउन सकिएन भने र विवाह कायम राख्न भन्दा सम्बन्ध विच्छेद गराउन उचित ठहराएमा निवेदन परेको एक वर्षभित्र आफ्नो राय समेत संलग्न गरी प्राप्त निवेदन सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्छ । (श्रीमन श्रीमतीको पहलको १ नं. को क) यसरी निवेदन परेपछि अदालतबाट सम्बन्ध विच्छेद हुने ठहरायमा मात्र श्रीमान श्रीमतीको सम्बन्ध विच्छेद हुन्छ ।

मुलुकी ऐन २०२० को दशौं संशोधन अनुसार श्रीमान श्रीमतीको पहलमा सम्बन्ध विच्छेद पछि महिलाहरुको व्यवस्थाका बारेमा जुन व्यवस्था थियो । त्यसलाई एघारौं संशोधनले पूर्ण रुपमा खारेज गरी मुलुकी ऐन २०२० को एघारौं संशोधन अनुसार श्रीमानश्रमितीको महलको १ नं. बमोजिम श्रीमान श्रीमतीको सम्बन्ध विच्छेद हुने भएमा अदालतले निजहरु बीच अंशवण्डा गर्न लगाएर मात्र सम्बन्ध विच्छेद हुने निर्णय गर्नुपर्छ । सम्बन्ध विच्छेद हुने पुरुषले नै अंशवण्डा गर्न आदेश दिई त्यस्तो पुरुषको भागमा पर्ने अंश र सो अंशबाट सम्बन्ध विच्छेद गर्न महिलाले पाउने अंशको अन्जाम गरी अंशवण्डा नभए

सम्मको लागि त्यस्ती महिलाको जिविकाको निमित्त मासिक रुपले खर्च भराई दिनुपर्छ । अंशवण्डा भइसकेपछि सम्बन्ध विच्छेद भएकी महिलाको अंशमा परेको सम्पत्तिमा निजको हक हुनेछ । त्यस्ती महिलाले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भए पनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो अघिल्लो श्रीमान पट्टिका सन्तान भए त्यस्तो सन्तानले र त्यस्तो सन्तान नभए मात्र अघिल्लो श्रीमानले पाउने छ भन्ने व्यवस्था उल्लेख छ तर उक्त महलकै ४ ख र ४ ग मा समेत यस बारेमा थप कुराहरु उल्लेखित छन् ।

माथि जे कुरा लेखिएको भए पनि सम्बन्ध विच्छेद हुने महिलाले श्रीमानसँग अंश नलिई वार्षिक वा मासिक खर्च भराई लिन चाहेमा पाउछे तर त्यस्तो खर्च अर्को विवाह नगर्दा सम्मको लागि मात्र हो । यस खर्च भराउने सन्दर्भमा अदालतले श्रीमानको सम्पति र आयस्तरको आधारमा तोक्ने गर्छ । (मुलुकी ऐन श्रीमान श्रीमतीको पहलको ४ ख नं.) साथै उक्त पहलको ४ क बमोजिम श्रीमानको वण्डा गर्ने सम्पति नभएर अंश नपाएकी महिलाले श्रीमानबाट खान लाउन खर्च भराउन चाहेमा र त्यस्तो श्रीमानको आम्दानी आयस्तर भएमा अदालतले त्यस्तो आयस्तरको आधारमा खान लाउन खर्च भराई दिनुपर्छ । यो व्यवस्था पनि त्यस्ती महिलाले अर्को विवाह नगरेसम्मको लागि मात्र हो (पूर्ववत ४ ग नं.) । सम्बन्ध विच्छेदको लागि दर्ता भएको ४५ दिन भित्र सुनुवाई हुने गर्छ । यदि लोग्नेले अरु स्वास्नी ल्याएमा वा राखेर वा स्वास्नीलाई घरबाट खोजखबर नगरी हेरविचार नगरी लगातार ३ वर्ष वा सो भन्दा बढी समयदेखि स्वास्नीलाई छोडी अलग बस्ने गरेमा लोग्नेसँग स्वास्नीले सम्बन्ध विच्छेद गर्न पाउँछ ।

माथि लेखिए बाहेक अरु कारणले पनि दुवै थरीको मञ्जुरी भएमा दम्पति बिचमा सम्बन्ध विच्छेद हुन सक्छ ।

## ५.१० मुख्य समस्या र चुनौति

नेपाल बहुभाषिक, बहुसाँस्कृतिक बहुधार्मिक राष्ट्रको रुपमा चिनिन्छ । अनेकता भित्र एकता भएको हाम्रो देश नेपालमा विभिन्न किसिमका जातजाति, भाषाभाषी, चालचलन भएका मानिसहरु बसोबास गर्दछ । हाम्रो देश नेपाल अहिले विस्तारै विकासको बाटो तर्फ लम्कीने अवस्थामा थियो तर वैशाख १२ गतेको महाभूकम्प र लगतै भइरहेको नाकावन्धीले

नेपाललाई १० वर्षपछि धकेलिन बाध्य भयो । देशमा हरेक कुराको समस्या भइरहेको अवस्थामा सम्बन्धित निकाय मौन किन छ ? हामीले यस प्रकारका समस्याहरुको समाधान खोज्ने प्रयास गरीरहेका छौं । सामान्यतया शहरी क्षेत्रको तुलनामा ग्रामीण समुदायका परिवार भित्र, शिक्षित परिवार र आर्थिक विपन्न परिवारमै बढी सम्बन्ध विच्छेदका घटनाहरु किन बढी रहेका छन् ? ग्रामिण क्षेत्र भन्दा शहरी क्षेत्र किन बढी प्रभावित छ ? ब्राहमण क्षेत्रीभित्र किन बढी सम्बन्ध विच्छेद हुन्छ ? भन्ने बारे तुलनात्मक अध्ययनको विश्लेषण पनि गरिएको छ । शहरी समाज र ग्रामीण समाजमा के कस्ता कारणले यस्ता घटनाहरु बढी या कम हुन्छन् भन्ने बारेमा सम्बन्ध विच्छेद लिने महिला र त्यसका परिणामहरु सामाजिक, आर्थिक, शैक्षिक, मनोवैज्ञानिक, राजनैतिकबाट भोग्नुपरेका समस्याहरु, सशक्तिकरणका प्रयासहरु तथा चुनौति महिलाहरुका लागि विभिन्न संघसंस्था सरोकारवाला निकायहरुले चालेका प्रयासहरु, सरकारी निति र कार्यक्रमहरुहरु पूर्नस्थापना केन्द्रहरु बारे प्रश्न उब्जन सक्छन् । यस्ता समस्या र चुनौतिका बाबजुत पनि सम्बन्ध विच्छेद जस्तो घटनाहरुलाई कमी गर्न थुप्रै कदमहरु अगाडि आइरहेका छन् । जब महिला सक्षम, स्वरोजगारी पारिवारिक स्थितिमा तनाव आउँछ, पारिवारिक दवावमा कुनै पनि महिला बस्न चाहदैनन् । परिणामस्वरुप यस्ता घटनाहरु घट्छ भन्दा झन बढ्छन् । समाजमा सम्बन्ध विच्छेद कम गराउन अहिलेको समाजको चुनौति नै बनेको छ । यसलाई कम गराउन हरेक नेपालीको दायित्व बन्न आउँछ । यो समस्या र चुनौति एउटा व्यक्तिको मात्र नभई सिङ्गो राष्ट्रको लागि हो ।

# अध्याय -६

# सांराश र निष्कर्ष

## ६.१ सांराश

मानव सभ्यता र सँस्कृतिको विकासक्रमको साथ साथै आज मानव समाज पनि झन-झन जटिल बन्दै गई रहेको छ । यसैगरी समयको परिवर्तनको साथसाथै मानिसहरुको कार्य क्षमता, भूमिका र शैलीमा पनि परिवर्तन आउँदै गएको छ । यस शोधपत्रको मुख्य उद्देश्यलाई प्राप्त गर्न विभिन्न पद्धतिहरु अपनाइएको छ । गुणात्मक तथा मात्रात्मक प्रवृत्तिका आवश्यक तथ्यांकहरु संकलन गरिएको छ । यस अध्ययनले काठमाडौं जिल्ला भित्र भएका सम्बन्ध विच्छेद भएका महिलाहरुको कारण र परिणामहरुप्रति समाज, सरोकारवाला, संघसंस्थाहरुको सामाजिक, साँस्कृतिक, मनोविज्ञान अवस्थाको जानकारी लिनु हो । तथ्यांक संकलन गर्ने क्रममा अर्न्तवार्ता, अवलोकन, प्रश्नावली जस्तो प्राविधिहरु प्रयोग भएका छन् र यसै माध्यमबाट सम्बन्ध विच्छेद कर्ताको पारिवारिक पृष्ठभूमि, उनीहरुको अवस्था, समाज आफन्तका मनोवृत्रि बुझ्ने प्रयास पनि गरिएको छ । प्राप्त तथ्यांकलाई पाइचार्ट, ग्राफ, तालिकिकरण, प्रविधिबाट सहज रुपले बुझ्ने गरी प्रष्ट उल्लेख गरिएको छ । यस अध्ययनमा समग्र घटना संख्याको २५% मध्येबाट ३० जना महिलाहरुबाट ५ जनालाई उत्तरदाताको रुपमा प्रयोग गरिएको छ । यस अध्ययन अनुसन्धानमा प्राय २०-३५ वर्षसम्मका महिलाहरुले सम्बन्ध विच्छेद गर्ने गरेको पाइएको छ ।

अध्ययन क्षेत्रमा प्रत्येक जातिगत रुपमा हेर्दा जनजाति समुदायमा सबैभन्दा बढी सम्बन्ध विच्छेदका घटनाहरु ४५.८४ भएको पाइन्छ भने ब्राहमण क्षेत्री ३६.१० छन् भने दलित र मधेशी क्रमश ११.१२ र ६.०४ भएको पाइन्छ । यसरी तथ्यांकलाई हेर्दा बढी सम्बन्ध विच्छेद जनजातिमा भएको पाइन्छ । यसको प्रमुख कारणको रुपमा यि जातिमा पाइने सामाजिक मूल्य मान्यतामा अत्यन्तै खुकुलोपन सानैमा मागी विवाहको प्रचलन, आजकल त सानै उमेरमा आफै पनि विवाह गरेर जाने बढी शिक्षित भएका कारण, स्वरोजगारी महिलाहरु सक्षम भएकाले, पश्चिमा सँस्कृति, आर्थिक र यौनजन्य, सामाजिक असन्तुलन, स्वतन्त्रता आदिले गर्दा जनजातिमा सम्बन्ध विच्छेदका घटना बढी भएको

पाइन्छ । यसरी सम्बन्ध विच्छेद बढी हुनुमा विभिन्न कारणहरु र यस प्रतिको दृष्टिकोणलाई समेत लिन सकिन्छ ।

यस अध्ययनका अनुसार मागी विवाहमा भन्दा प्रेम विवाहमा सम्बन्ध विच्छेदका दर बढी भएको पाइएको छ । नेपालको एक अध्ययन अनुसार ६३% सम्बन्ध विच्छेद भएका मध्ये ३७% प्रेम विवाहाका सम्बन्ध विच्छेद रहेको छ । यसका मुख्य कारणहरुमा कम उमेरमा विवाह गर्ने, पारिवारिक पृष्ठभूमि थाहा नहुँदा एक अर्कामा अविश्वास बढ्नाले, शंका उपशंका, भौगोलिक अवस्थाले गर्दा, सामाजिक स्तर आदिले गर्दा प्रेम विवाहमा सम्बन्ध विच्छेद बढी भएको पाइएको छ । त्यसैगरी ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा बढी सम्बन्ध विच्छेद भएको पाइएको छ भने अशिक्षितमा भन्दा शिक्षितमा पनि सम्बन्ध विच्छेद बढी भएको पाइएको छ । भने बेरोजगारीमा भन्दा रोजगारी गर्ने महिलाहरुमा सम्बन्ध विच्छेदको दर बढी देखिन्छ किनभने महिलाहरु स्वरोजारी भएपछि आफ्नो कमाइमा बस्छन् । अरुको कमाईमा भर पर्नु पर्दैन र पुरुषको दमन अन्याय, अत्याचार सहेर बस्दैनन र सम्बन्ध विच्छेद रोजगारी गर्ने महिलाहरुमा बढी भएको पाइएको छ । यसैगरी संख्यात्मक रुपमा संयुक्त परिवारमा सम्बन्ध विच्छेद गर्ने दम्पतिको संख्या बढी देखिएपनि वैवाहिक स्तर अनुसार मूल्यांकन गर्दा एकात्मक परिवारको संरचनामा बढी सम्बन्ध विच्छेद भएको देखिन्छ । यस्तो किन भयो त भन्दा जब परिवार संयुक्तबाट एकात्मक हुन्छ तब परिवारका अन्य सदस्यहरुको नियन्त्रण र निर्देशन हुँदैन । बढी स्वतन्त्रता हुने, एकल निर्णय, चाहेको कुराहरु गर्न सक्ने, श्रीमान श्रीमती आ-आफ्नो कार्यतिर लाग्छन् । जसबाट स्वतन्त्रताको नाममा स्वच्छन्दता, महत्वकांक्षा या आधुनिकता बढ्न गई वैवाहिक सम्बन्धको सिमा नाध्दाँ एक पक्षलाई असहय हुन्छ र सम्बन्ध विच्छेद हुन्छ ।

यसैगरी कम उमेरमा भएको विवाहले पनि सम्बन्ध विच्छेदको दर बढाएको छ । यस अध्ययनमा ८६% भन्दा बढी महिलाहरुको २० वर्षभन्दा कम उमेरमा विवाह भएको छ भने २५ वर्षसम्म पुग्दा ९७% महिलाहरुको विवाह भएको देखिन्छ । यसरी कम उमेरमा गरेको विवाहले व्यक्तिको सोचाई, मनोरञ्जन र अन्य विविध कुरामा असमाञ्जस्य र असमझदारीको स्थिति पैदा गरी सम्बन्ध विच्छेद हुन थप सहयोग पुऱ्याउँछ ।

नेपाल भरको सम्बन्ध विच्छेदका घटनाहरु हेर्दा शहरी भेगमा बस्ने शिक्षित महिलाहरु अझ उच्च परिवारका जम्मा ४९० जना रहेका छन् भने निम्न परिवारका २१०

जना रहेका छन् । बढी मात्रामा सम्बन्ध विच्छेद गर्ने उच्च परिवारका शिक्षित महिलाहरु रहेका छन् भने अशिक्षित महिलाहरु जम्मा गरी ३६० जनाले सम्बन्ध विच्छेद गरिएको पाइएको छ । सम्बन्ध विच्छेद बढ्दै जानुको कारण बैदेशिक रोजगारमा जानु, सामाजिक विकृतिहरु भित्रयाउँदै गइरहेको कारणले गर्दा, सामाजिक स्तर नमिल्नु भौगोलिक अवस्था कम उमेरमा विवाह, प्रविधि, सामाजिक सञ्जाल, महिला सशक्तिकरण, घर झगडा, वैकल्प विवाह, आर्थिक कारण, शारीरिक सम्बन्ध, शिक्षामा उच्च वृद्धि, मनोवैज्ञानिक कारण, सामाजिक साँस्कृतिक असन्तुलन, महिला संरक्षित कानुनले गर्दा पनि सम्बन्ध विच्छेदका घटनाहरुमा वृद्धि हुँदै गइरहेको छ । त्यसैगरी महिलालाई समाजले नराम्रो दृष्टिकोणले हेर्ने परिवारबाट हेला गर्ने, छरछिमेकबाट लाञ्छना लगाउने, महिलाहरुको हितमा बोल्ने वकिल नहुनु, हरेक ठाउँमा जाँदा नराम्रो दृष्टिले हेर्नु जसले गर्दा महिलाहरुले विभिन्न समस्याहरु झेल्नु परेको देखिएको छ ।

अहिलेको परिपेक्ष्यमा नेपाली समाजलाई हेर्ने हो भने अधिकांश जनजाति महिलाहरुले सम्बन्ध विच्छेद गरेको पाइएको छ । ब्राम्हण क्षेत्रीको सँस्कार कडा हुन्छ । उनीहरुको विहेपछि माइति घर भन्दा पतिको घर नै ठूलो हो, तिम्रो पति नै भगवान् हो भनेर छोरीलाई संस्कार सिकाइएको हुन्छ । पाले पुण्य मारे पाप भनेर छोरीलाई कन्यादान गर्ने गरिन्छ जसले गर्दा ब्राह्मण क्षेत्रीमा सम्बन्ध विच्छेद कम हुने देखिन्छ भने जनजातिमा यि सब कुरामा स्वतन्त्रता हुने हुँदा उनीहरुको खुल्ला संस्कारको कारणले गर्दा जनजातिमा बढी मात्रामा सम्बन्ध विच्छेदका घटनाहरु घटेको पाइएको छ ।

यसरी परिवर्तित समाज र सामाजिक परिवेशलाई सकारात्मक ढङ्गले विकास गराउनु जरुरी हुन्छ । सम्बन्ध विच्छेद व्यक्तिको महत्वकांक्षाको विषय होस या समय र परिस्थितिद्वारा सृजित बाध्यताको उपज होस । यसले स्वयम् व्यक्तिहरुलाई केन्द्रबिन्दु बनाई सामाजिक समस्याको सृजना गर्छ । जसबाट सिंगो समाज नै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित हुन्छ । आज लोग्ने स्वास्नी बिचको आपसी समझदारीको कमी र हरेक कुरालाई बुझ्ने र विश्लेषण गर्ने तरिका र क्षमताको फरकपनले गर्दा परम्परागत सामाजिक मुल्यमान्यता र आधुनिक मूल्यमान्यता र सोच बिच सामान्जस्यता भएको देखिदैन । परिणाम स्वरुप दाम्पत्य जीवनमा विभिन्न खालका समस्याहरु आफै सृजना हुन पुग्छन् र सम्बन्ध विच्छेद हुन पुग्छ । सम्बन्ध विच्छेद जस्ता घटनाहरु नहोस् भन्नका लागि हाम्रो कानुनी

व्यवस्था समाजको सोच, परिवारको सकारात्मक सोचको विकास, उच्च शिक्षामा वृद्धि गर्न अन्यन्तै जरुरी देखिन्छ ।

## निष्कर्ष

नेपाल बहुसाँस्कृतिक, बहुधार्मिक तथा बहुभाषिक देशको रुपमा चिनिन्छ । परापूर्वकाल देखि हिन्दु धर्मबाट निर्देशित र प्रभावित हुँदै आइरहेको परिप्रेक्ष्यमा आजसम्म प्रत्येक समाजमा हिन्दु धर्मको परम्परागत मूल्य र मान्यताको ठूलो छाप परेको देखिन्छ । यसर्थ अहिले नेपाल पनि धर्म निरपेक्ष देशको रुपमा घोषित भएपनि हिन्दु धर्मको छाप स्वरुप अहिले पनि गाउँघरमा छोरीको विवाह यहि नै गर्ने चलन त छदैछ । हिन्दु संस्कारको छाप परेको हुनाले छोरीलाई सानै उमेरमा कन्यादान गरी दियो भने स्वर्गको ढोका खुल्छ भन्ने मान्यतामा आधारित रहि गाउँघरमा सानै उमेरमा छोरीको विवाह गरिदिन्छन् र आजकल सामाजिक सञ्जाल, पशिचमीकरण, आधुनिकिकरण, शहरीकरण, विश्वव्यापीकरणको प्रभावले पनि केटाकेटीहरु सानै उमेरमा विवाह गर्ने, शिक्षामा कमी हुने, परिणामस्वरुप जीवन धान्नको निमित्त दुवैको कुनै आधार नभई पुर्ख्यौलि सम्पतिमा मात्र आश्रित हुने, विवाह अधिकांश भागी सस्तो उपन्यास तथा पत्रपत्रिका, फिल्म आदिको नक्कल गरी गहिरो प्रेममा फसी तुरुन्तै प्रेम विवाहमा बाँधिदा विवाह, अगाडि दम्पतिहरु बिच एकअर्कामा देखादेख नहुनु या सामान्य देखादेख भई शारिरिक आकर्षणमा मात्र सिमित रहनुले पनि सम्बन्ध विच्छेदको बढी घटना घटेको देखिन्छ ।

यसरी श्रीमान श्रीमती वैवाहिक बन्धनमा बाधिएपछि परिवारमा पुराना सँस्कृति बोकेका र नयाँ सँस्कृति बोकेका बीच आपसिक द्वन्द्व मच्चिनु, शैक्षिक अन्तराल, सामाजिक साँस्कृतिक कारण, उमेरको फरकपन, यौन सन्तुष्टिको अभाव, महिला अधिकार र जागरणमा आएको चेतनाको विकास, स्वरोजगार, सक्षम, शिक्षित, प्रविधिको उच्च विकास, वैदेशिक रोजगार, बालविवाह, संयुक्त परिवार टुक्री एकात्मक परिवारमा परिवर्तन हुँदा आफूहरु बिच नै पारिवारिक जिम्मेवारी थपिदा जीवन धान्नको निम्ति श्रीमान बिदेश जानु, त्यसबिच श्रीमान श्रीमती बिचमा अविश्वास बढ्नु, दुवैले स्वतन्त्रताको महसुस गरी आफूले निभाउनु पर्ने कर्तव्यलाई भुलि क्षणिक वा दीर्घकालीन रुपमा नै आ-आफ्नो मानसिकतामा परिवर्तन ल्याउनु, परिणाम स्वरुप एक अर्कामा आपसिक विश्वासमा संकट उत्पन्न भई श्रीमानश्रीमती बिच झै झगडा, आरोप्रत्यारोपबाट सहनै नसक्ने स्थिति भएपछि सम्बन्ध

विच्छेदको स्थिति सिर्जना भएको देखिन्छ । यि उल्लेखित कुराका अलावा कानुनमा भएको अत्यन्तै लचिलोपनले पनि सम्बन्ध विच्छेद लाई बढाएको देखिन्छ ।

माथि उल्लेखित सबै कारणहरु सामाजिक, आर्थिक, पारिवारिक, शैक्षिक, मनोवैज्ञानिक, भौगोलिक, स्थिति, वालविवाह, पश्चिमी सँस्कृति, स्वरोजगार, सचेतना, स्वालम्बीपन, महिला सशक्तिकरण, प्रविधिको विकास, सामाजिक सञ्जाल, शारीरिक सम्बन्ध आदि मध्येबाट मेरो निष्कर्षमा सम्बन्ध विच्छेद हुनुमा प्रविधिको उच्च विकास र स्वरोजगारीको कारण सबैभन्दा प्रमुख रहेको छ । जब प्रविधिको उच्च विकासका कारणले मानिसहरु अरुको देखासिकि गरी वा पश्चिमा संस्कृति मन पराई, फिल्मी, उपन्यास, फेसबुक, youtube आदिको प्रभावले गर्दा पनि सम्बन्ध विच्छेद भइरहेका छन् । क्षणिक रुपमा प्रेममा फसी उनीहरुको एक आपसका बारेमा केहि जानकारी नभई प्रेम नै सबै कुरा हो भनी ठानि विवाह गर्दछन् र पछि पारिवारिक वातावरण थाहा पाएपछि पनि सम्बन्ध विच्छेद हुन पुगेको छ । त्यस्तै गरी रोजगारीले पनि सम्बन्ध विच्छेदको घटनाहरु बढाइरहेको छ । महिलाहरु स्वरोजगारी भएपछि आफू सक्षम हुन्छन् र अरुको वा श्रीमान वा घरपरिवारको दवावमा बस्न चाहदैनन् अनि म के कम छु र आफै कमाउन सक्छु किन म अरुको दमन अन्याय, अत्याचार सहेर बस्ने भनी उनीहरु त्यस्तो दमन सहन सक्दैनन र चाहदैनन् पनि र छुट्टिएर बसेको राम्रो भनी सोचेर सम्बन्ध विच्छेद गरेको पाइएको छ भने श्रीमान श्रीमतीको बिचमा अविश्वासको खाडलहरु गहिरो बन्दै जान्छ र कालान्तरमा त्यहि अविश्वासको रुप विकराल भई श्रीमान श्रीमती बिच सम्बन्ध विच्छेद हुन जान्छ । त्यसैले अहिलेको सन्दर्भमा सम्बन्ध विच्छेदका घटना बढ्नुको मुख्य कारणको रुपमा मैले प्रविधिको विकास र स्वरोजगारीलाई लिएको छु । परिणामस्वरुप महिलाहरुलाई सम्बन्ध विच्छेद ले सकारात्मक र नकारात्मक दुवै रुपमा प्रभाव पारेको छ । सम्बन्ध विच्छेद भएपछि महिलाहरु आफूले चाहे अनुसारको जीवनयापन बिताउन सक्छन्, कसैको डर, धम्की, अन्याय सहनुपर्दैन भने नकारात्मक रुपमा हेर्दा सम्बन्ध बिग्रनु भनेको राम्रो कुरा होइन र उनीहरुलाई हेर्ने दृष्टिकोण नै फरक भइदिन्छ । समाज परिवारको त्यसैले सम्बन्ध विच्छेद लाई सकारात्मक र नकारात्मक दुवै रुपमा हेर्न सकिन्छ ।

# सर्न्दभसुची


आचार्य, वलराम (२०५५) *नेपाली समाजमा विवाह र सम्बन्ध विच्छेद एक समाजशास्त्रीय अध्ययन,* समाजशास्त्र स्नातकोत्तर तहको आंशिक पाठ्यक्रम पूर्तिका लागि प्रस्तुत शोधपत्र, त्रि.वि.वि. किर्तिपुर ।

आचार्य, बलराम (२०६७), *सामाजिक संस्था प्रक्रियाको विश्लेषण,* नेशनल बुक सेन्टर भोटाहिटी, काठमाडौं ।

कोइराला, अश्विनी (२०७२), *इतिहासमा,* पृ. २, साउन १०, कान्तिपुर पब्लिकेशन, प्रा.लि. ।

नेपाल वार एशोसिएसन, (२०६५), *कानुन जान्नै पर्ने कुराहरु* केन्द्रिय समिति, काठमाडौं ।

नेपाल सरकार (२०६३) *नेपालको अन्तरिम संविधान,* सिंहदरबार काठमाडौं : कानुन किताव व्यवस्था समिति ।

*नेपाल सरकार* (२०२०) *मुलुकी ऐन,* (बाह्रौं संशोधन) काठमाडौंः *कानुन किताब व्यवस्था समिति* ।

प्रधान, सपना मल्ल (२०५२), *सम्पति सम्बन्धि कानुनको तुलनात्मक अध्ययन,* कानुनी सहयोगी परामर्श केन्द्र महिला कानुन तथा विकास मञ्च ।

पौडेल, रामचन्द्र (२०७२), ग्रीन ल एशोसियसन पुतली सडक ।

महिला तथा वालवालिका मन्त्रालय, सिंहदरबार काठमाडौं

लम्साल, नारायण प्रसाद (२०४९), *पारिवारिक कानुन,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

सक्सेना, सुरेन्द्रनाथ (२०००), *मनुस्मृति,* दिल्ली : मनोज पब्लिकेशन ।

सिंह, टोपबहादुर (२०३८:५४६), *कानुनी शब्दकोष,* नेशनल बुक सेन्टर भोटाहिटी, काठमाडौं ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (२०११), *नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण,* काठमाडौं ।

Dubey, Neetu, www.nepalnenws.com , Nov.07.2005.

## परिशिष्ट १

## प्रश्नावली

**सम्बन्ध विच्छेद महिलाहरुसँग सोधिएर तयार पारिएका प्रश्नहरु प्रश्नावली**

१. नाम : ........................................ उमेर : ..............

लिंग : पुरुष ☐ महिला ☐ धर्म : .................

२. तपाईको ठेगाना

स्थायी ..........................................

अस्थायी .........................................

३. विवाह गर्दा तपाईको श्रीमान श्रीमतीको उमेर कति थियो ?

श्रीमान ☐ श्रीमती ☐

४. विवाह हुनु अगाडि तपाईहरु बिच चिनजान थियो या थिएन ? थियो भने कति समय अघि देखि थियो ?

..............................................................................................................

५. चिनजान पछि वा विवाह अगाडि तपाईको श्रीमान वा श्रीमतीको कुन कुन पक्षबारे तपाईलाई थाहा थियो ?

आर्थिक ☐ शारीरिक ☐ सबैथाहा भएको ☐

सामाजिक ☐ शैक्षिक ☐ कुनै थाहा नभएको ☐

६. विवाहमा तपाईको पूर्ण सहमति थियो ?

थियो ☐ थिएन ☐ किन ............................................

७. तपाईहरुको विवाह गर्दा परिवारको रुप कस्तो थियो ?

श्रीमान ☐ श्रीमती ☐

एकात्मक ☐ संयुक्त ☐ बृहत

एकात्मक ☐ संयुक्त ☐ बृहत

८. थाहा भए तपाईहरु बसाईसराई गर्नु भएको हो ?

श्रीमान

हो ☐ होइन ☐ हो भने कहाँबाट ............

श्रीमति

हो ☐ होइन ☐ हो भने कहाँबाट ............

९. तपाईहरुको विवाह कस्तो खालको विवाह हो ?

प्रेम विवाह ☐ प्रेम र भागी विवाह ☐ अर्न्तजातिय विवाह ☐

मागी विवाह ☐ सजातिय विवाह ☐

१०. विवाह गर्दा श्रीमान/श्रीमतीको शिक्षा कति थियो र अहिले कति छ ?

श्रीमान .....................................

श्रीमती .....................................

११. विवाह गर्दा तपाई कुन पेशा अपनाउनु भएको थियो र अहिले कुन पेशामा आबद्ध हुनुहुन्छ ?

श्रीमान श्रीमती

विवाह गर्दा ....................... विवाह गर्दा .......................

अहिले ............................ अहिले ............................

१२. विवाह गर्दा र अहिले तपाईको नगद र अचल सम्पत्ति समेत के कति आयस्रोत थियो र छ ?

विवाह गर्दा ...................          अहिले ............................

१३. विवाहपछि तपाईको श्रीमान/श्रीमति बिरामी या कुनै दुर्घटनामा पर्नु भयो या भएन ? भएको या परेको भए त्यसबाट के परिणाम निस्क्यो ?

श्रीमान ..................................................

श्रीमती ..................................................

१४. विवाहपछि तपाईहरु लोग्ने/स्वास्नी बिच छुट्टिने समय आइपऱ्यो या परेन ? पऱ्यो भने कति समय र किन ?

..............................................................................................................

१५. तपाईको मासिक आम्दानि कति हुन्छ र खर्च कति ?

श्रीमान ..................................................

श्रीमती ..................................................

१६. सम्बन्ध विच्छेद गर्दा तपाईहरु कस्तो परिवारमा बस्नुहुन्थ्यो ?

श्रीमान          एकात्मक ☐          संयुक्त ☐          वृहत ☐

श्रीमती (माइति तर्फका)          एकात्मक ☐          संयुक्त ☐          वृहत ☐

१७. तपाईहरुको दाम्पत्य जीवन कति अवधिसम्म चलेको थियो ?

..............................................................................................................

१८. तपाईको घरपरिवारमा सदस्यहरुमा क कसको व्यवहार किन मन पराउनु हुँदै, खुलस्त पारिदिन हुन्छ कि ?

..............................................................................................................

१९. तपाईको श्रीमान/श्रीमतिको तपाईलाई मन नपर्ने बानीहरु के के हुन् ? खुलस्त पारिदिनु हुन्छ कि?

..................................................................................................................

२०. तपाई आफ्नो श्रीमान/श्रीमतिबाट सन्तुष्ट हुनुहुन्थियो ?

थियो ☐ थिएन ☐

२१. विवाहपछि तपाईहरुको बच्चाबच्ची भए या भएनन ? भएका भए कति छन् ?

..................................................................................................................

२२. तपाईहरु दुई मध्ये कसैले परिवार नियोजनको अस्थायी विधि प्रयोग गर्नुभयो कि भएन ? गर्नुभएको भए कसले र किन ?

..................................................................................................................

२३. केटाकेटीहरु कति कति वर्षका भए ? स्कुल पढ्ने भए कति कक्षामा र कस्तो विद्यालयमा पढ्छन् ? बताइदिनुहुन्छ कि ?

..................................................................................................................

२४. ती केटाकेटीहरु को सँग छन् र किन ?

..................................................................................................................

२५. तपाईको छोराछोरी पठाइमा कस्ता छन् ? कुन श्रेणीमा उत्तीर्ण गर्छन ?

..................................................................................................................

२६. तपाईहरुको सम्बन्ध विच्छेदपछि बलाबच्चाको बानी व्यवहार, पढाई, लेखाई, मनोरञ्जन, इच्छा, आकांक्षामा कुनै परिवर्तन आएको महसुस गर्नु भएको छ कि छैन ? छ भने कस्तो ?

..................................................................................................................

२७. कहिलेकाहि आमाबाबुको बारेमा सोध्ने गर्छन ? गर्छन् भनेको भनेर जवाफ दिनु हुन्छ ?

..........................................................................................................

२८. तपाईको विचारमा सम्बन्ध विच्छेदले सन्तानलाई कस्तो प्रभाव पार्छ ?

राम्रो ☐ नराम्रो ☐ थाहा नभएको ☐

२९. तपाईले सम्बन्ध विच्छेद गर्नुपर्ने कारणहरु के के हुन् ?

..........................................................................................................

३०. तपाईलाई आफ्नो कमजोरी भए जस्तो लाग्छ कि लाग्दैन ? लाग्छ भने के ?

..........................................................................................................

३१. तपाईलाई सम्बन्ध विच्छेद गर्न कसैले प्रेरित गरे कि गरेनन् ? गरे भने कसले र किन् ?

..........................................................................................................

३२. सम्बन्ध विच्छेदको कानुनी प्रावधान र प्रक्रियाबारे केहि भन्नुहुन्छ कि ?

..........................................................................................................

३३. सम्बन्ध विच्छेद पश्चात को सँग बस्नु भएको छ :

आमाबाबु वा माइतीसँग ☐ नयाँ दम्पतिसँग ☐ अन्य ☐

३४. सम्बन्ध विच्छेद पश्चात तपाईले कस्तो महसुस गर्नु भएको छ ?

सुखी ☐ दुःखी ☐ ठिकै ☐

३५. पुर्नविवाह गर्ने सोचाइमा हुनुहुन्छ या हुनुहुन्न र किन ?

..........................................................................................................

३६. सम्बन्ध विच्छेदले समाजमा कस्तो प्रभाव पार्ला जस्तो लाग्छ ?

व्यक्तिगत रुपमा

पारिवारिक रुपमा

समाजमा

३७. सम्बन्ध विच्छेद सम्बन्धी अरु केहि भन्न चाहानुहुन्छ ?

……………………………………………………………………………………………………..

धन्यवाद ।